नेपाली 'जेलेन्स्की' हरूलाई चिनौं

संरा अमेरिकी साम्राज्यवादले इरानलाई तर्साउन स्थल र जल दुवैमा चल्ने युद्धपोत अरब क्षेत्रतिर पठाएको सार्वजनिक भएको छ । ट्रम्पले इरानसँग वार्ता नहुने दोहोऱ्याउँदै अन्तिम परिणाम आउने बताए । इजरायलका प्रजातन्त्रविरोधी सरकारका प्रमुख नेतन्याहुले पनि इरानमाथि अन्तिम प्रहार गर्ने कुरा पुनः दोहोऱ्याए । ट्रम्पले इराकमा तैनाथ संरा अमेरिकी सेनालाई जोर्डनमा सारेको इरानलाई घेराबन्दीमा पार्नकै लागि भएको सार्वजनिक भयो । इरानले ट्रम्प र नेतन्याहुलाई जवाफ दिन आफूसँग भएका हतियार प्रदर्शन गऱ्यो । इरानले चार महिनाअघिको तुलनामा आफूसँग चार गुणा बढी हतियार रहेको बतायो । इरानका राष्ट्रपतिले ट्रम्प र नेतन्याहुले आफ्नो देशमाथि आक्रमण गरेमा विश्व अर्थतन्त्र नै सङ्कटमा पर्ने गरी जवाफ दिने चेतावनी दिए । युद्धबाट कसैको हित नहुने कुरा ट्रम्प र नेतन्याहुले बुझ्नु जरुरी छ ।

संरा अमेरिकी साम्राज्यवादकै उक्साहटमा रुसविरुद्ध लडेका जेलेन्स्की यतिबेला युरोपेली सङ्घ र ट्रम्पबाट सहयोग नपाएको गुनासो गर्दै छन् । यस्तो स्थिति आउनु नै थियो तर जेलेन्स्कीले समयमै सचेतता अपनाएनन् । चलचित्र कलाकार जेलेन्स्की संरा अमेरिकी साम्राज्यवादको सहयोगमा युक्रेनको राष्ट्रपति बनेका हुन् । रुसका अगाडि युक्रेनको केही नलाग्ने कुरा पनि यतिबेला स्पष्ट भएको छ । पश्चिमा देशहरूले हातहतियार पश्चिम एसियामा पठाएको तर युक्रेनलाई नदिएको भन्दै जेलेन्स्कीले गुनासो गर्दै छन् । युक्रेनका दुर्लभ खनिज पदार्थ कब्जा गर्नकै लागि पश्चिमी देशहरूले युक्रेनलाई हतियार सहयोग गरेका हुन् । रुसका अगाडि पश्चिमी देशहरूको केही नलागेपछि जेलेन्स्कीले युक्रेन छाड्नुपर्ने अवस्था आउँदै छ ।

नेपालमा पनि पश्चिमा देशहरू र दक्षिणी छिमेकीले कलाकार तथा पत्रकारहरूलाई सरकारको नेतृत्वमा पुऱ्याए । निर्वाचनलगत्तै २० जना सांसद जितेकाहरू पुराना शासकहरूको सहयोगमा उपप्रधानमन्त्री र केही मन्त्री बन्न पुगे । उनीहरू भिजिट भिसा र राष्ट्रिय परिचयपत्र वितरणसम्बन्धी घोटालामा संलग्न भएको कुरा त्यतिबेला

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ४० ✪ १० कार्तिक २०८३, मङ्गलबार ✪ 20 Oct. 2026, Tuesday ✪ मूल्य रू. १०।-

छयालीसौं नेपालभाषा साहित्य तःमुंज्या र सांस्कृतिक ब्वज्या सम्पन्न

सात जना विशिष्ट व्यक्ति सम्मानित : देशको प्राकृतिक स्रोत र साधन कब्जा गर्ने अमेरिकी साम्राज्यवादी शक्तिको विरोध गर्न जरुरी

भक्तपुर । देशका चर्चित साहित्यकार, कलाकार, कानुनविद्, मानवशास्त्री, संस्कृतिविद्, इतिहासविद्, भाषाविद्, चिकित्सक, विद्वान, बुद्धिजीवी, राजनीतिक विश्लेषक, लेखक, समालोचक, स्रष्टा, समाजसेवी, आन्दोलनका अगुवा, इन्जिनियरलगायत सर्वसाधारण जनताको व्यापक उपस्थितिमा दुईदिने नेपालभाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक कार्यक्रम शनिबार गोल्मढीको यातामा सम्पन्न भयो ।

उक्त सम्मेलनमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं मार्क्सवादी साहित्यकार नारायणमान बिजुक्छें (रोहित) ले सांस्कृतिक गुरु मोतीबहादुर खायमली, समाजसेवी एवं किसान अगुवा मोहनवीर कुस्मा, समाजसेवी एवं कर्तव्यपरायण पूर्वकर्मचारी टेकबहादुर पलिखेल र सामाजिक सेवामा सक्रिय महिला अगुवा कृष्णदेवी वाङायोलाई कदरपत्रसहित सम्मान गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष बिजुक्छेंले साहित्यको महत्त्वमाथि प्रकाश पार्दै भन्नुभयो, "साहित्यले मानिसलाई विनम्रता, शिष्टतापूर्वक बोल्ने भाषिक सीप प्रदान गर्छ ।"

पार्टीभित्र होस् वा परिवारैभित्र समाजमा जहाँ पनि सरसल्लाह गर्ने संस्कारलाई बढावा दिनुपर्ने सुझाव दिँदै उहाँले सल्लाहले गल्ती कम हुने एक अर्को प्रसङ्गमा बताउनुभयो । अध्यक्ष बिजुक्छेंले भन्नुभयो, "सल्लाह नगरी घर परिवारलाई थाहा नदिई सहकारीमा रकम राख्दा धेरै जना फस्नुको कारण त्यही हो ।"

वर्तमान देशको अवस्थाबारे बोल्दै उहाँले भन्नुभयो, "यो सरकार अमेरिका र इजरायलको दलाल सरकार हो । यहाँ कुनै पनि बेला उनीहरूले युद्ध थोप्न सक्छन्; युद्धबाट बच्ने कला र सीप क्षमता



अहिलेदेखि नै सिकिराख्नुपर्छ ।"

आफूलाई पढेलेखेको ठान्नेहरूमै पनि अमेरिकी दास मानसिकता देखेको चर्चा गर्दै विगतदेखिका शासक दलको त्यही मानसिकता देश बर्बादीको अवस्थामा पुगेको उहाँले स्पष्ट पार्नुभयो ।

अरू देशको प्राकृतिक स्रोत कब्जा गर्न जे पनि गर्ने साम्राज्यवादी शक्तिको विरुद्ध हामी जस्ता देशले नबोले भोलि हामीलाई पर्दा हाम्रो पक्षमा कसले बोलिदेल्लान् भन्दै उहाँले अन्यायको विरुद्ध बोल्न डराउन नहुने बताउनुभयो ।

जागिरबाट अवकाश प्राप्त जनशक्तिले समयको सदुपयोग गरी विभिन्न सीप सिक्न सुझाव दिँदै उहाँले अवकाश प्राप्त अमेरिकी सेनाले चिनियाँ भाषा सिकेर देशको सेवा गरेको उदाहरण दिनुभयो ।

विगतमा विदेशीले चीनमा उद्योग खोल्दा 'कुकुर र चिनियाँ पस्न निषेध' को सूचना टाँसिन्थ्यो तर चिनियाँ इन्जिनियरहरू सफाइ मजदुर बनेर ती उद्योगमा पसेर विदेशीको प्रविधि सिक्थे भन्दै उहाँले आफ्नो देश र जनताको सेवामा समर्पित भएरै चीन आजको अवस्था पुगेको हुँदा चिनियाँहरूबाट सिक्नुपर्ने बताउनुभयो ।

नेपालीहरू पनि कतिपय प्राविधिक कुरामा निपुण रहेको आफूले देखेभोगेको उदाहरण दिँदै अध्यक्ष बिजुक्छेंले शिक्षालाई उत्पादन श्रमसित जोड्नकै लागि हामीले विश्वविद्यालय मागिरहेको विचार व्यक्त गर्नुभयो ।

बैङ्किङ र व्यापारिक शिक्षामात्र नभई युवा-विद्यार्थीहरू युद्ध कलाका सीपहरू पनि सिकाउनुपर्ने बताउँदै उहाँले स्वार्थी शिक्षकले सन्तानहरू विदेश पठाउँदा आपत् पर्दा पनि ती सन्तान नफर्केको उदाहरण दिँदै सन्तानलाई आफ्नो देशको सेवामा समर्पित हुन सिकाउनुपर्नेमा जोड दिनुभयो ।

गत निर्वाचनमा गलत पार्टी र उम्मेदवारलाई जनताले मत हाल्दा देश झन्झन् ऋणमा डुब्दै जाने अवस्थामा पुगेको चर्चा गर्दै उहाँले अहिले सरकारले विदेशसँग ठुलो मात्रामा ऋण लिने तयारी गरिरहेको ऋणले देश नउत्रिने कुरा प्रस्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेंले भन्नुभयो, "अरू देशमा वर्षको एक बाली लाग्छ जबकि हाम्रो देशमा वर्षको तीन बालीसम्म लाग्छ यद्यपि देश किन गरिब भयो भन्ने प्रश्न गर्दै सबै कुरामा विदेशको भर पर्दा विगतमा निर्यात गर्दै आएको देश अहिले आयातमा परिणत भएको छ ।"

नेमकिपाका सचिव प्रेम सुवालले हालै सार्वजनिक भएको एक तथ्याङ्कमा ७० प्रतिशत नेपालीले देश गलत बाटोमा गइरहेको बताएको हुँदा वर्तमान सरकारबाट जनता सन्तुष्ट नभएको पुष्टि हुन्छ भन्नुभयो ।

देशमा पछिल्ला केही महिनामा महँगी तेब्बर वृद्धि भएकोले जनआक्रोश बढिरहेको चर्चा गर्दै उहाँले यस्तै कारणले अहिले युरोपका अधिकांश देशमा व्यापक विरोध प्रदर्शन भइरहेको बताउनुभयो ।

उहाँले माओ आफैले आफ्नो विचारमात्र हो कुनै वाद होइन भनेर प्रस्ट पारेको हुँदा 'माओवादी' शब्दलाई अस्वीकार गर्नुभयो ।

नेमकिपाले किसान आन्दोलन गरी किसानको मोहियानी हक रक्षा गरेको उल्लेख गर्दै २०३९ सालमा नै भक्तपुर नगरपालिकामा चुनाव जित्दा निमावि तह निःशुल्क गरेको उहाँले बताउनुभयो ।

'एक घर एक स्नातक' को शैक्षिक अभियानको परिणाम अहिले घर घरमा स्नातकोत्तर शैक्षिक जनशक्ति हुन थालेको उदाहरण दिँदै उहाँले संसद्बाट लगानी बोर्ड विधेयक पारित गर्नाको परिणाम अहिले देश भारतीय एकाधिकार पुँजीको पोल्टामा पर्दै गएको सचिव सुवालले बताउनुभयो । उहाँले भन्नुभयो, "लगानी बोर्ड देशघाती भनेर नेमकिपाले संसद्मा निरन्तर विरोध गरेको थियो ।"

संविधानमा 'समाजवादउन्मुख' शब्द भए पनि कुनै पनि सरकारले समाजवादउन्मुख ऐन नबनाएको उल्लेख गर्दै उहाँले सरकारले एमसीसी पारित गर्दा देश भारतीय उपनिवेश जस्तो बन्न पुगेको बताउनुभयो ।

प्रधानमन्त्रीले नै संसद्मा नेपालले भारतीय भूमि मिचेको देशघाती अभिव्यक्ति दिएको र अर्थमन्त्रीले दक्षिण एसियामा मोदी डक्ट्रिन स्वीकानुपर्ने अभिव्यक्ति दिएको हुँदा यो सरकार भारतीय दलाल भएको सचिव सुवालले बताउनुभयो ।

विगतमा काङ्ग्रेस, एमाले र माओवादी सरकारहरूको अकर्मण्यताकै परिणामस्वरूप भदौ २३-२४ को घटना भएको बताउँदै उहाँले त्यसबेलाका प्रम ओली सेनालाई राजीनामा दिएर भाग्न हुने थिएन भन्नुभयो ।

संरा अमेरिका संसारभर युद्ध मच्चाउँदै हिँडेको चर्चा गर्दै सचिव सुवालले युद्धमा हुने लगानी बन्द गरी मानव हितमा खर्चिनुपर्ने धारणा राख्नुभयो ।


त्रिभुवन विश्वविद्यालय नेपालभाषा केन्द्रीय विभागका प्रमुख बज्रमुनि बज्राचार्यले मानविकी शास्त्रअन्तर्गतको नेपालभाषा केन्द्रीय विभागले नेपालभाषाको स्नातकोत्तर तहसम्म अध्ययन गराइरहेको उल्लेख गर्दै यहाँ भाषामात्र होइन नेवार समुदायको संस्कृति र संस्कारबारे पनि अध्ययन गराइन्छ भन्नुभयो ।

नेवाः विश्वविद्यालयको माग भइरहेको सन्दर्भ उल्लेख गर्दै उहाँले भन्नुभयो, "नेवाः एउटा जात होइन राष्ट्र हो । भाषा र संस्कृतिको जगेर्ना गर्न जनता आवश्यक हुन्छ । अर्थतन्त्रले भाषा संस्कृतिमा प्रभाव पार्छ । २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा नेपालभाषालाई ऐच्छिक विषयमा राख्दा भाषाको विकास र विस्तार हुन सकेन ।

भाषा जानेन भने संस्कृति पनि हराउँदै जाने उल्लेख गर्दै उहाँले वाग्मती प्रदेशमा तामाङ र नेपालभाषालाई कामकाजको भाषा सरकारी सेवा प्रदेशमा नेपालभाषा र तामाङ भाषाबाट परीक्षा किन नलिने भनी प्रश्न उठिरहेको प्रसङ्ग उल्लेख गर्नुभयो ।

बाँकी पृष्ठ ११ मा





इभो मोरालेस

नयाँ गणतन्त्र विविधता, सबैका निम्ति आदर र समान अधिकारको आधारमा बनेको हुनुपर्छ । म त मात्र प्रजातान्त्रिक बोलिभियाको आवाज हुँ ।

सम्पादकीय

लगानी बोर्डबारे जनताले जानकारी राख्नैपर्ने

नेपाल र भारतको विद्युत्को कारोबारबारे बरोबर परस्परविराधी समाचारहरू आउने गर्छन् । कहिले नेपालले भारतमा निर्यात भनी समाचार आउँछ भने कहिले भारतबाट नेपालले खरिद गरेको कुरा आउँछ । यो अन्योलको भाषाले नेपाल-भारत विद्युत् लेनदेनबारे के केही कुरा लुकाउन खोजिँदै छ ?!

'असोज महिनामा भारततर्फ कुल ६३ करोड ३१ लाख ८६ हजार ८ युनिट विद्युत् निर्यात भएको छ । उक्त बिजुली बिक्रीबाट ५ अर्ब ९२ करोड ५० लाख बराबरको कारोबार भएको छ ।' (अन्नपूर्ण, ९ कार्तिक २०८३)

'प्राधिकरणले देशको माग पूरा गरी बचत भएको विद्युत् वर्षायाममा प्रत्येक वर्ष भारत एवं बङ्गलादेशमा निर्यात गर्दै आएको छ । द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताअनुसार हरियाणा तथा बिहार राज्यमा जूनदेखि अक्टोबरसम्म विद्युत् बिक्री गरिन्छ ।'

'भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट स्वीकृति प्राप्त भएपछि बङ्गलादेशतर्फ बिजुली निर्यात पुन: सुरू भएको छ ।' अर्थात् 'भारतले ... बङ्गलादेशमा विद्युत् बिक्री गर्न अनुमति दिएसँगै शुक्रबारबाट पुन: निर्यात सुरू भयो ।' (नयाँ पत्रिकाको उपशीर्षकबाट - ९ कार्तिक २०८३)

प्रश्न स्वाभाविक छ - बङ्गलादेशलाई नेपालको विद्युत् बिक्री गर्न भारतको अनुमति किन चाहिएको हो ?!

लगानी बोर्डबारे

'नयाँ पुस्ता' को भनिएको 'आन्दोलन' भन्दा पहिलेका संसद् र मन्त्रिमण्डलका बैठकहरूमा देशका ठुलठुला योजनाहरूको सम्बन्धमा 'लगानी बोर्ड' गरेका निर्णयबारे प्रश्नहरू उठ्ने गर्दथे ।

कानुनी जालझेल र अपारदर्शिताका कारण ठुलठुला योजनाका ठेक्काहरू अलपत्र परेकोमा संसद्मा बरोबर हो-हल्ला हुनेगर्थ्यो । ९ कार्तिक २०८३ को 'नयाँ पत्रिका' को समाचारअनुसार लगानी बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील भट्टमाथि प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान थालेको छ ।

बिचौलियाको आरोप लागेका इनम सापकोटाको बयान र उनीसँग देखिएको शङ्कास्पद कारोबारमा उनलाई पत्राउ परेको समाचारमा बताइएको छ ।

सुशील बिचौलिया दीपक भट्टका दाइ हुन् । दीपककै जोडमा उनी लगानी बोर्डका सीईओ बनेका थिए । अहिले दीपककै कारण उनी अनुसन्धानमा तानिएको र इनमसँग मिलेर दीपकलाई छुटाउन चलखेल गर्दाको सूचनाअनुसार उनी पत्राउ परेको समाचारमा बताइएको छ ।

यस्ता ठुलठुला अपराध, तर थाहै नहुने खालका देश बर्बाद पार्ने व्यक्तिहरू र 'लगानी बोर्ड' जस्तो कुख्यात एवं देशलाई आर्थिक रूपले बर्बाद पार्ने अपराधीहरूबारे सूक्ष्मरूपले व्यापक क्षेत्रमा अनुसन्धानको माग गर्नुपर्छ । त्यसबारे सम्बन्धित संस्थाहरू सक्रिय र सचेत हुनु आवश्यक छ भन्ने हाम्रो धारणा छ ।

दिल्लीमा अर्थमन्त्रीको देशद्रोही अभिव्यक्ति

एक बाल्टिन दूधमा अलिकति विष मिसाउँदा जसरी पूरै दूध विषाक्त हुन्छ त्यस्तै कुनै पनि संस्थाका एक-दुई जना व्यक्तिको अपराधले सारा देशमा आक्रोश व्यक्त हुनु स्वाभाविक हो ।

२०१५ सालतिरको सरकारले प्रचलनमा ल्याएको 'पासपोर्ट' वा 'राहदानी' मा लेखिएको थियो - १) नागरिक (लेख्नुपर्ने नेपाली), २) राष्ट्र (लेख्नुपर्ने हो - नेवार, तामाङ, ... आदि)

यसको अर्थ हो - पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछि वा वर्तमान सीमा 'एकीकरण' गरेपछि सबै नेपाली सीमाभित्र बसोबास गर्ने जात-जाति र भाषा-भाषी नेपाली 'नागरिक' भए । पृथ्वीनारायण शाहभन्दा पहिलेका राज्यहरू अब 'राष्ट्र' भए भन्ने अर्थ लाग्छ ।

नेपालको सीमाभित्रका विभिन्न जात-जाति, भाषा-भाषी र रीतिरिवाज वा संस्कृति मान्नेहरू सबै 'राष्ट्र', 'राष्ट्रियता' मा गणना गरिए ।

नेपाली सीमाभित्रका सबै जात-जाति, भाषा-भाषी तथा रीतिरिवाज मान्नेहरू, तिनीहरूका साहित्य, कला, गीत-सङ्गीत, मूर्त र अमूर्त कला सबै राष्ट्रिय सम्पत्ति हुन् । ती सबै देश र नेपाली जनताको साझा सम्पत्ति हो । यसमा कुनै अन्य देश वा परचक्रीहरूको विरोध वा समर्थनको सरोकार छैन । अर्थमन्त्रीले बोलेको कुरा पूरा असान्दर्भिक र पदको निम्ति 'नालायक' हुन् । उनी सबै जात, जाति र भाषा र संस्कृतिलाई धमिल्याउने विदेशी संस्थाका कर्मचारी हुन् ।

रास्वपाको राष्ट्र सङ्घमा सम्बोधन अध्ययन - २

✍ प्रज्ज्वल

रास्वपा सरकारले गत असोज ८ गते संयुक्त राष्ट्र सङ्घको सम्बोधनमा नेपालका एक गरिब किसानलाई खेतमा बीउ छर्न समयमा मल नभएको, सरकारलाई राजमार्ग कालोपत्र गर्न बिटुविन नभएको, एउटा परिवारलाई खाना पकाउन इन्धन नभएको, बरु अन्तरमहादेशीय क्षेप्यास्त्रहरू, राइफल, गोलाबारुदले हरेक अवरोध पार गरेको, युद्धका लागि रसद प्रणाली भएको, नततााएको जलवायुको मार खेपिरहेको, सुरु नगरेको युद्धको मार खेपिरहेको, विश्वव्यापी सहकार्य बाहिरदेखिनेभन्दा भताभुङ्ग भएको आदि उल्लेख गऱ्यो ।

रास्वपा सरकार राष्ट्र सङ्घमा पुगेर किसानले मल नपाएको भनी रोइलो गर्ने कि देशमा मल कारखाना स्थापना गरेर देखाउने ? भ्रष्टाचार अन्त्य र सुशासनको आवाज उठाएर आएको रास्वपाले विटुमिन नभए बनाउने हो, रोइलो गर्ने होइन । खाना पकाउन इन्धन नभए नेपालका नदीहरूबाट जलविद्युत् उत्पादन गर्ने र नेपालीलाई इन्डक्सन चुलो बनाएर दिने हो । सन् १९५० को नेपाल-भारत सन्धिअनुसार नेपालले मल, इन्धन भारतसँग मात्र किन्नुपर्ने बाध्यकारी बन्दोबस्त छ । रास्वपा सरकारले नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को देशघाती सन्धि खारेज गर्ने हो, राष्ट्र सङ्घमा रोइलो गर्ने होइन । अघिल्ला सरकारहरूले भारतीय एकाधिकार पुँजीलाई कोसी, गण्डक, टनकपुर, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, तिला १, तिला २, अरुण तेस्रो, तल्लो अरूण, अरूण चौथो, पश्चिम सेती, सेती १, फुकोट कर्णाली, चिसापानी कर्णाली जलविद्युत् दिए । यी देशघाती सन्धिहरू रास्वपा सरकारले खारेज गरेको व्यहोरा राष्ट्र सङ्घमा राख्नुपर्ने हो तर राखेन । रास्वपा सरकार अहिले मुस्ताङलगायतमा रहेको नेपालको युरेनियम संरा अमेरिकी साम्राज्यवादलाई हस्तान्तरण गर्न लागेको पनि सार्वजनिक भयो ।

संरा अमेरिकी साम्राज्यवादले भारतको हितमा नेपालसँग एमसीसी सम्झौता गऱ्यो । यो सम्झौतामा अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने, सो योजनामा भारतीय सरकारको समर्थन चाहिने, बुटवलदेखि गोरखपुरसम्म विद्युत् प्रसारण लाइन तानेर बिजुली भारत हुँदै सिङ्गापुरसम्म पुऱ्याउने, सो योजना कार्यान्वयनमा नेपालीको मृत्यु भए कतै उजुरी नलाग्ने देशघाती प्रावधानहरू उल्लेख छन् । यसकारण, रास्वपा सरकारले एमसीसी सम्झौता खारेज गर्ने घोषणा राष्ट्रसङ्घमा गर्नुपर्ने थियो, गरेन । संसारमा सबैभन्दा बढी प्रदूषण फैलाउने संरा अमेरिकी साम्राज्यवाद नै हो । यसकारण, संसारको तापक्रम बढेर हिउँ पग्लिएको र गत भदौ १० गते रसुवाको भोटेकोसी नदीमा हिमपहिरो आएको र यसबाट नेपालमा धेरै जनधनको क्षति भएको हो । रास्वपा सरकारले यो वातावरण सङ्कटबारे राष्ट्रसङ्घमा बोलेन ।

संरा अमेरिकी साम्राज्यवादले संसारका नौ सयभन्दा बढी ठाउँमा सेना र हतियार तैनाथ गरेको छ । आफ्नो अनुकूल नबस्ने सरकार उल्ट्याउन संरा अमेरिकी साम्राज्यवादले आर्थिक नाकाबन्दी, युद्धको धम्की र आक्रमण गर्दै आएको छ । संरा अमेरिकी साम्राज्यवादले भारत र पाकिस्तानलाई भिडाउँदै छ भने भारतलाई चीनविरुद्ध उक्साउँदै छ । चीनको अभिन्न अङ्ग तिब्बत विभाजन गर्न संरा अमेरिकी साम्राज्यवादले दलाई लामालाई भारत आश्रयमा राखेर उक्साउँदै छ । यसमा रास्वपा पनि मिसिएको छ । युक्रेनलाई रुसविरुद्ध लडाएको पनि संरा अमेरिकी साम्राज्यवादले नै हो ।

गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवयता रास्वपा संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटनमा लाग्यो । दलाई लामाले नेपालका सरकार प्रमुखलाई पहिलोपल्ट बधाई दिए । रास्वपाको बालेन सरकार गठन भएपछि दलाई लामाको ९१ औँ जन्मदिन काठमाडौँमा मनाउन दिइयो । तत्पश्चात् रास्वपा सरकारले ३९ देशका तिब्बत विखण्डनकारीहरूको अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौँ गराउने तयारी गऱ्यो । नेपालका सचेत जनताले आपत्ति जनाएपछि रास्वपा सरकारले सो अन्तर्राष्ट्रिय सम्मेलन स्थगित गरायो । चीनविरुद्ध गतिविधि भएमा नेपाल युक्रेनको स्थितिमा पुग्ने यथार्थ रास्वपाले राष्ट्र सङ्घमा किन राखेन ? यतिबेला संसारमा 'युद्धको व्यापारी' संरा अमेरिकी साम्राज्यवाद हो । यसले नाटो सङ्गठन बनाई युरोपका अन्य ३२ देशलाई युद्धमा तान्दै छ । संरा अमेरिकी साम्राज्यवादको डलर र हतियार सहयोग बन्द भएपछि युक्रेनका राष्ट्रपति जेलेन्स्की युक्रेनका जनतालाई युरोपका विभिन्न देशमा हुल्ने धम्की दिँदै छन् ।

संरा अमेरिकी साम्राज्यवादले इराकमा जैविक र आणविक हतियार भएको आरोप लगाई त्यहाँका नेता सद्दाम हुसेनको हत्या गरी तेल भण्डार कब्जा गरेको थियो भने लिवियाका गद्दाफीले राष्ट्र सङ्घ अन्य गोलार्द्धमा सार्नुपर्ने सम्बोधन गरेपछि चालीस वर्षदेखि सरकारको नेतृत्वमा बसेको आरोप लगाई उनको हत्या गरी त्यहाँको पनि तेल कुवा कब्जा गऱ्यो । यतिखेर संरा अमेरिकी साम्राज्यवादले इजरायललाई हतियार पठाएर प्यालेस्टिनमा नरसंहार गरी तेल भण्डार कब्जा गऱ्यो भने इरानमा बमबारी गरी त्यहाँको तेल खानी कब्जा गर्न अहिले सानो आणविक बमजस्तो 'आमा बम' खसाल्ने धम्की दिँदै छ । इरानले आफूमाथि संरा अमेरिकी साम्राज्यवादको आक्रमण भए विश्वमै सङ्कट आउने गरी प्रतिकार गर्ने भन्दै हतियारसमेत प्रदर्शन गऱ्यो । यी विषय पनि रास्वपा सरकारले राष्ट्र सङ्घको सम्बोधनमा उल्लेख भएन ।

रास्वपा सरकारले विश्वव्यापी सहकार्यको व्यवस्था भताभुङ्ग भएको देख्यो तर नेपालमा ७० प्रतिशत जनताको जीवन निर्वाह भएको देखेन । ६ महिनायता रास्वपा सरकारमा आरोहणसँगै उपभोग्य सामग्रीमा ४० देखि ३०० प्रतिशत मूल्य वृद्धि भयो । काठमाडौँ विश्वविद्यालयको एक अध्ययनअनुसार ७० प्रतिशत नेपालीले देश गलत बाटोमा गइरहेको मत जाहेर गरे । रास्वपाले आफ्नो देश नेपालमा पहिला सहकार्यको व्यवस्था गरेर देखाउनु पर्दथ्यो भने उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरणले मात्र नेपाली जनताबिच सहकार्य कायम हुने यथार्थ स्वीकार गर्नु जरुरी छ । रास्वपाले सरकार मध्यमवर्गको दाबी गर्नुको अर्थ जीवन निर्वाह गर्न कठिन ७० प्रतिशत नेपालीको हितमा रास्वपा नरहेको पुष्टि हो ।

रास्वपाको सम्बोधनमा आफ्नो सरकार प्रमुख सबैभन्दा कान्छो दाबी गऱ्यो । राजनीति उमेरले होइन विचार र अडानले हुन्छ । विदेशीको भरमा उपद्रवबाट आएको सरकारको न विचार हुन्छ न अडान हुन्छ । बहुपक्षीयतामा विश्वासको अर्थ साम्राज्यवादको विरोध हो, एमसीसी र एसपीपीको खारेजी हो । संयुक्त राष्ट्र सङ्घलाई यतिबेला संरा अमेरिकी साम्राज्यवादको पोल्टामा राखिएको छ । साम्राज्यवादीहरू साना र गरिब देशलाई राष्ट्र सङ्घको सदस्य ठान्दैनन् । साम्राज्यवाद रहेसम्म विश्वमा युद्धको कालो बादल मडारिररहने र विश्वव्यापी अनिश्चितता पनि रहिरहने यथार्थ रास्वपाले स्वीकार गर्नु जरुरी छ । नेपालमा पुस्तान्तरण राष्ट्रिय कथा नै भयो । रास्वपा सरकारसँगै १ लाख रुपैयाँको स्वास्थ्य बीमालाई २५ हजारमा झाऱ्यो, यसबाट गरिब जनतालाई थप पीडा भयो । बुद्धको बाटो त दरबार त्यागेर अर्थात् व्यक्तिगत सम्पत्ति त्यागेर देश र जनताको नि:स्वार्थ सेवामा लाग्ने हो । तर, रास्वपाका नेता, प्रम र मन्त्रीहरूको सम्पत्ति सार्वजनिक भयो स्रोत खुलेन । स्रोत नखुलेको सम्पत्ति भएकाहरूले बौद्ध दर्शन छाँट्नुको अर्थ छैन ।

सरकारले नै स्थानीय तहमार्फत बाली बीमा गर्नु जरुरी छ



शुक्र

जलवायु परिवर्तनको असरले खेती किसानीको बालीलाई ठुलो क्षति गरेको छ । हावाहुरी, बेमौसमी वर्षा, बाढी र पहिरोजस्ता विपद्का कारण कृषि क्षेत्रमा क्षति पुऱ्याएको कृषि मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । मन्त्रालयको प्रतिवेदनमा २०७४ साउनदेखि २०८२ सम्म बेमौसमी वर्षा तथा बाढी-पहिरोका कारण मात्रै बाली, पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा ४३ अर्ब ३९ करोड रुपैयाँको क्षति पुगेको उल्लेख छ । त्यसमध्ये बालीतर्फ मात्रै २४ अर्ब ७८ करोड रुपैयाँको क्षति भएको मन्त्रालयले जनायो ।

२०८१ असोजको बाढी-पहिरोमा ६ अर्ब रुपैयाँ र २०८२ असोजको बेमौसमी वर्षामा ३ अर्ब ५४ करोड रुपैयाँ बराबरको बाली नष्ट भएको तथ्याङ्क छ ।

कृषि बालीमा क्षति भए पनि किसानले दाबी गरेबमोजिमको भुक्तानीमा समस्या भएको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ । चितवनका किसान ठाकुर सापकोटाले रत्ननगर, कालिका र खैरहनी क्षेत्रमा १८ बिघामा केरा खेतीको बीमा गरेका थिए । विगत १३ वर्षदेखि व्यावसायिक केरा खेती गर्दै आएका उनले हरेक वर्ष केराको बीमा गरिरहेका छन् ।

२०८२ चैतको हावाहुरीले बजार पठाउने तयारीमा रहेको उनको ६ बिघाको केरा सखाप पाऱ्यो । त्यसपछि बीमा दाबी गर्दा उनले क्षतिपूर्ति पाउने प्रक्रियामै अनेकौँ झन्झट व्यहोरे । बीमा कम्पनीहरूले समयमै बीमा गर्न नमान्दा क्षतिपूर्तिको दायरा नै प्रभावित भएको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

साउनसम्ममा बीमा गरे चैत-वैशाखको हावाहुरीको समयमा ९ महिना पुगेपछि मात्र अधिकतम क्षतिपूर्ति पाउने व्यवस्था छ । तर, कम्पनीहरूले साउनमा बीमा गर्नै मान्दैनन् र असोजमा मात्र गर्छन् । जसले गर्दा चैतमा क्षति हुँदा ६ महिना मात्र पुग्ने भएकोले मागदाबीको ५० प्रतिशत मात्र क्षतिपूर्ति पाउने व्यवस्था छ । कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९ अनुसार आवश्यक कागजात पुगेको मितिले ५७ दिनभित्र दाबी भुक्तानी गरिसक्नुपर्ने व्यवस्था छ । तर, पीडित किसानले एक वर्षसम्म कुर्नुपरेको सार्वजनिक भयो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो तथ्याङ्कअनुसार कुल जनसङ्ख्याको ५७.३ प्रतिशत कृषि क्षेत्रमा आवद्ध छन् भने कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४ प्रतिशत छ । ठुलो जनसङ्ख्या र अर्थतन्त्रसँग जोडिएको कृषि क्षेत्र जलवायुजन्य विपद्को जोखिममा रहे पनि सरकारको बेवास्ताका कारण किसानहरू मारमा परिरहेका छन् । भरपर्दो बीमा र सुरक्षा संयन्त्र नहुँदा साना तथा मझौला किसानहरू थप जोखिममा पर्ने गरेको मन्त्रालयको अध्ययनले देखाएको छ ।

आव २०७०/७१ देखि २०८२/८३ सम्म कृषि तथा पशुपन्छी बीमाको प्रिमियम अनुदानका लागि ११ अर्ब ७८ करोड रुपैयाँ खर्च भएको मन्त्रालयले जनायो । त्यसको झन्डै ९१ प्रतिशत पशुपन्छी बीमामा गएको छ भने बाली बीमामा ९ प्रतिशत अर्थात् करिब १ अर्ब १५ करोड रुपैयाँ मात्रै खर्च भएको सार्वजनिक भयो ।

सरकारले गत आव २०८२/८३ मा मात्रै १ अर्ब १९ करोड रुपैयाँ प्रिमियम अनुदान बाँडेको सार्वजनिक गऱ्यो । सो वर्ष पशुपन्छी बीमातर्फ १ लाख ८६ हजार १११ र बाली बीमातर्फ जम्मा १ हजार ९४८ बीमालेख जारी भएको तथ्याङ्क छ । बाली बीमामा अनुदानको रकम ४ करोड ७२ लाख रुपैयाँ थियो ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार ४१ लाख ३१ हजार कृषक परिवार छन् । तीमध्ये करिब ४ प्रतिशत अर्थात् १ लाख ८२ हजार कृषक परिवार मात्रै कृषि तथा पशुपन्छी बीमामा संलग्न थिए । त्यसमा बाली बीमा गर्ने परिवारको सङ्ख्या १४ हजार ५६० अर्थात् करिब ८ प्रतिशतमात्रै थियो । बाली बीमा गर्नेमा पनि तरकारी खेतीको हिस्सा २.२१ प्रतिशत मात्रै रहेको तथ्याङ्कमा उल्लेख छ ।

महालेखा परीक्षकको ६२ औँ कार्यमूलक लेखापरीक्षण प्रतिवेदनले किसानको बीमाप्रतिको विश्वासको कमी, साना किसानसम्म बीमा नपुगेको, दाबी भुक्तानीमा ढिलाइ तथा प्रक्रियागत जटिलता र कृषि उपजको बीमाङ्क कायम गर्न जटिल मूल्याङ्कन विधिलगायत समस्या औँल्याएको छ ।

साना किसानलाई दैनिक काम गरेर दुई छाक टार्नसमेत मुस्किल परिरहेको अवस्था छ । यस्ता किसानहरू बीमाको प्रिमियमसम्म कसरी पुग्छन् ? आर्थिक रूपमा कमजोर किसानका लागि सरकारले नै स्थानीय तहमार्फत बाली बीमा गर्नु जरुरी छ ।

“जस्तोसुकै बाधा व्यवधानबिच पनि हामी निरन्तर जनताको सेवामा समर्पित भएर अघि बढिरहनेछौं



सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

भाषा, साहित्य र संस्कृति हाम्रो पहिचान हो । सबै जातजातिका मानिसलाई आ-आफ्ना भाषा र संस्कृतिप्रति माया र प्रेम हुन्छ । ती सबै देशकै साझा सम्पत्ति हुन् । त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको साझा जिम्मेवारी र कर्तव्य हो । नेपालभाषा साहित्य त:मुंज्याले ४६ वर्षदेखि निरन्तर नेपालभाषा र नेवार संस्कृतिको संरक्षणका साथै जनतालाई राजनीतिक चेतना दिने काम निरन्तर गर्दै आएको अत्यन्त सराहनीय छ । नेपालभाषा साहित्य त:मुंज्या परिवारप्रति हार्दिक धन्यवाद ।

२०७९ जेठ ६ गते नगरपालिकामा दोस्रो कार्यकालको लागि हामीले शपथग्रहण गरेका थियौं । आज ४ वर्ष ५ महिना भयो । जनताबिच निर्वाचन घोषणापत्रमार्फत गरेका प्रतिबद्धताहरू पूरा गर्ने क्रम जारी छ ।

यस कार्यकालका केही महत्त्वपूर्ण उपलब्धिहरू

- सरकारी सम्पत्तिमा बनेको भक्तपुर क्यान्सर अस्पताल एउटा गैरसरकारी संस्था (एनजीओ) ले निजीजस्तै सञ्चालन गरिहेकोमा त्यहाँभित्र भएका व्यापक भ्रष्टाचार र अनियमितताका समाचारहरू बाहिरिएपछि नगरपालिकाकै पहलमा सरकारी स्वामित्वमा ल्याउन सफल हुनु,
- २०४२ सालदेखि नेपाली सेनाको नियन्त्रणभित्र रहेको भक्तपुरको रानीपोखरी (न्हु पुखु) सेनासँग समन्वय गरी पुन:निर्माण गरी सार्वजनिक प्रयोगमा ल्याउनु
- नेपाल ट्रस्टको नाउँमा रहेको भनपा सल्लाघारीस्थित १०८ रोपनी जग्गाको चारैतिर पर्खाल लगाई संरक्षण गर्नु
- ८ सय वर्ष पुरानो भाज्या पुखुको जीर्णोद्धार गरी सार्वजनिक प्रयोगमा ल्याउनु
- मौलिक स्वरूपमा लक्ष्मीनरसिंह मन्दिर, इन्द्रायणी द्योछें, छुमा गणेशको द्योछें, लक्ष्मीनरसिंह मन्दिर र हाडा छेँ पुन: निर्माणलगायत महत्त्वपूर्ण धेरैवटा सम्पदाको पुन:निर्माण तथा जीर्णोद्धार सम्पन्न हुनु, १०० शय्याको खप अस्पताल सञ्चालन, खप कलेज अफ ल सञ्चालन, थन्थु दरबार, पहाँछें, इखालाछि मठ पुन:निर्माण र अरनिको सभा भवन निर्माण कार्यलगायत भौतिक निर्माणका कार्यहरू अघि बढ्नु यस कार्यकालका महत्त्वपूर्ण उपलब्धिहरू हुन् ।

केही समस्या र समाधानका पहल

देको मिवा इतापाके आवास योजना

योगदानको आधारमा विकसित घडेरी फिर्ता गर्ने उद्देश्यले भनपा २ र ६ मा पर्ने १६५४ रोपनी जग्गामा सञ्चालन गरिएको देको मिवा इटापाके आवास योजनाभित्र ६८ रोपनीभन्दा बढी गुठी जग्गा परेको छ । जग्गा फिर्ता दिने क्रम चलिरहेकै बखत २०८० साल साउन ३२ गते गुठी संस्थान केन्द्रीय कार्यालयको ‘क्षतिपूर्ति वा मुआब्जा लिएर मात्र श्रेस्ता अद्यावधिक गर्नु’ भन्ने पत्रपछि गुठी जग्गा कमाउने मोहीहरूको जग्गा फिर्तामा समस्या आएको हो । त्यस्ता फिर्ता गर्नुपर्ने जग्गा करिब ३५ रोपनी बाँकी छ ।

भूमिसुधार मन्त्री, गुठी संस्थान केन्द्रीय कार्यालय, गुठी संस्थान भक्तपुरका प्रमुखहरूसँग पटक पटक भेटघाट, छलफल र पत्राचारपश्चात् २०८३ असोज २७ गते नेपाल सरकारले एउटा अध्यादेश जारी गर्यो । ‘भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश २०८३ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले गुठी अधिनष्ट जग्गा पर्ने गरी जग्गा एकीकरण आयोजना सञ्चालन गरेमा संस्थानले व्यक्तिसरह योगदान गर्नुपर्नेछ भन्ने उल्लेख छ ।

के हो अध्यादेश ?

अध्यादेश एक प्रकारको कानुन हो । यो निश्चित अवधिसम्म मात्र कानुनसरह मान्य हुनेछ । तोकिएको समयभित्र प्रक्रिया पुऱ्याउन सकेन भने त्यो स्वत: खारेज हुनेछ । संविधानमा सङ्घीय संसद्को दुवै सदन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था छ । अध्यादेश दुवै सदनले स्वीकार नगरेमा स्वत: खारेज हुन्छ, राष्ट्रपतिले चाहेमा जुनसुकै बखत खारेज गर्न सक्छ वा दुवै सदनको बैठक बसेको ६० दिनभित्र स्वत: खारेज हुन्छ । देको मिवा, तुमचो दुगुरे आवास योजना र लिबाली आवास योजनालाई पनि अहिलेको अध्यादेशले सहयोग पुऱ्याउने अपेक्षा छ ।

२०८३ असोज २६ गते र त्यसअघि बसेको देको-मिवा-इटापाके आवास योजना व्यवस्थापन समितिको बैठकले आयोजना पूर्व नक्सापास गरेका घरधनीहरूलाई आयोजनाले तोकेको मूल्यमा ३० प्रतिशत छुट दिने, घर लाइनको सुविधा दिने, नक्सापास गरी बनाएको घर पुन:निर्माण गर्दा साबिकबमोजिम बनाउन सुविधा दिने, नगरकोट सडकसँग जोडिएको घर जग्गा सम्बन्धमा सडकको आधारमा सुविधा दिनेसमेत निर्णय गरेको जानकारी दिन चाहन्छौं । समस्यामा परेका किसानहरूसँग आपसी छलफल गरी टुङ्ग्याउने कार्य भइरहेको छ ।

अहिले आवास योजनामा विद्युत् र खानेपानीको व्यवस्थाको लागि पहल भइरहेको छ । आयोजनामा खुला क्षेत्र ७४ रोपनी, बाटो ३८२ रोपनी पर्दछ भने ३६९ वटा घरलाई थपेर दिने जग्गा १५ रोपनी र जग्गावालालाई थप्ने जग्गा १६ रोपनी रहेको छ । भक्तपुर नगरको सन्तुलित विकासको योजनाअनुसार खप मा.वि. खप कलेज, खप कलेज अफ ल सञ्चालनमा छन, अरनिको सभा भवन निर्माणाधिन छ भने यही योजनाभित्र जिल्ला प्रशासन सार्ने प्रयास भइरहेको छ ।

खानेपानी समस्या

यस कार्यकालको सुरुमा भक्तपुर नगरको अधिकांश ठाउँमा पानीको हाहाकार थियो । निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार शपथग्रहण गरेको केही दिनभित्रै आधा नगर (टौमढीभन्दा पश्चिम) मा मेलम्चीको पानी वितरण सुरु गर्यौं । त्यसपछि निरन्तरको प्रयासपछि सूर्यविनायकदेखि सूर्यमढीसम्म भनपाकै खर्चमा पाइप बिछ्याउन लगाई पानी वितरण गरियो भने केयुकेएलसँग समन्वय गरी नगरभरी पानीको समस्या समाधान गर्ने कोसिस भइरहेको छ ।

आदर निकेतन सञ्चालन

निर्वाचन घोषणापत्रबमोजिम ज्येष्ठ नागरिकहरूको हेरचाह तथा व्यवस्थापनको लागि भनपा ६ नं. वडा अँचापोखरी महाकालीस्थानमा आदर निकेतन सुरु गर्यौं । त्यहाँ ज्येष्ठ नागरिकहरूका लागि मनोरञ्जन, खेलकुद, शारीरिक व्यायाम, दैनिक खाजाका साथै एकजना नर्स र समय समयमा चिकित्सकबाट स्वास्थ्य जाँचको व्यवस्था मिलाएका छौं । परिवार नभएका, हेरचाह गर्ने कोही नभएका ज्येष्ठ नागरिकहरूले कुनै दु:ख नपाऊन् भन्ने उद्देश्यले आदर निकेतन सञ्चालन सुरु गरेका हौं ।

सरसफाइ

भक्तपुर नगरका नगरबासीहरूबाट दैनिक कुहिने र नकुहिने फोहर अलग अलग सङ्कलन गरी कुहिने जतिको कम्पोस्ट मल बनाई किसानहरूलाई वितरण गर्ने र नकुहिने जति पुन:प्रयोग गर्न बिक्री गर्दै आएका छौं । मल बिक्री र पुन:प्रयोग हुने वस्तु बिक्रीबाट वार्षिक करिब ४०।५० लाख आम्दानी भइरहेको छ ।

स्वास्थ्यतर्फ :

जनताको स्वास्थ्यलाई ध्यानमा राखेर भनपाले १०० शय्याको खप अस्पताल सञ्चालन गर्नुका साथै वडा वडामा स्वास्थ्य केन्द्रहरूको विस्तार पनि गर्दै छ । २०७३ सालमा २५ शय्याका खप अस्पताल स्वीकृति लिएको भए तापनि २०७८ वैशाख १७ गते मात्र अस्पतालको नाउँमा सेवा सुरु भएको हो । अहिले खप अस्पताल स्थानीय तहले चलाएको भए पनि त्यसले राष्ट्रिय स्तरको सेवा प्रदान गरिरहेको छ । आ.व. २०८२।८३ मा ७४ जिल्लाका ३ लाख २७ हजार ३१८ जनालाई सेवा दियो भने यो आ.व. को बितेको ३ महिना साउनदेखि असोज मसान्तसम्ममा ९० हजार ७९५ जना बिरामीलाई सेवा दिइसकेको छ । ३६५ दिन चल्ने खप अस्पतालको विशेषता हो ।

हाल खप अस्पतालमा ५१ जना विशेषज्ञ, २९ जना मेडिकल अफिसर, ८१ जना नर्स र अन्य कर्मचारीसमेत गरेर २८५ जना जनशक्तिसहितको टीमले सेवा दिइरहेको छ । देशका विभिन्न अस्पतालले बीमा सेवा बन्द गरेको अवस्थामा पनि खप अस्पतालले त्यो सुविधालाई निरन्तरता दिई नै रहयो । अहिले सीटी स्क्यान सेवासम्म उपलब्ध भइसकेको छ भने यो वर्ष एमआरआइ राख्न २३ करोड बजेट विनियोजन गरेका छौं । नि:शुल्क अक्सिजन वितरण, रगत नि:शुल्क व्यवस्थालाई निरन्तरता दिँदै भौतिक पूर्वाधार निर्माण पनि चालू राखेका छौं ।

त्यस्तै हाम्रा नागरिकहरूको स्वास्थ्यलाई ध्यानमा राखेर सञ्चालन गर्दै आएको घरदैलो नर्सिङमार्फत आ.व. २०८२।८३ मा ५४,१८७ जनालाई सेवा प्रदान गर्न सक्यो । रक्तचाप, चिनी रोग, ड्रेसिङ, सुत्केरी हेरचाह, ज्येष्ठ नागरिक हेरचाह तथा बिरामीको घर घरमा पुगेर सेवा दिने काममा यो वर्ष साउनदेखि असोज मसान्तसम्ममा १६,१२९ जनालाई सेवा दिएको छ ।

नगरपालिकाको आर्युवेदिक चिकित्सामार्फत पनि नागरिकको सेवा गरिरहेको छ । गत वर्ष मात्रै आर्युवेदिक केन्द्रबाट ३,५७३ जनाले सेवा लिएको रेकर्ड छ । त्यहाँ सबै किसिमको सेवा नि:शुल्क उपलब्ध छ । आवश्यक कर्मचारी र औषधि नगरपालिकाले नै व्यवस्था गर्दै आएको छ ।

भक्तपुर नगरपालिकाको व्यवस्थापनमा सञ्चालित खप तीलगंगा आँखा अस्पताललाई थप स्तरीय बनाउने क्रम जारी छ । त्यहाँ अन्य आँखा अस्पतालमा भन्दा कम शुल्कमा सेवा प्रदान गर्दै आएको छ । गत वर्ष ३१ हजारभन्दा बढी आँखाका बिरामीहरूलाई सेवा प्रदान गर्यो भने त्यो अवधिमा ८६५ जनाको आँखाको शल्यक्रिया सफलतापूर्वक भएको थियो । यो वर्ष थप सुविधा प्रदान गर्न नगरपालिकाको सहयोगमा रु. ४० लाखको आँखा जाँचसम्बन्धी नयाँ स्वास्थ्य उपकरण खरिदको प्रक्रियामा छ । आँखाका बिरामीहरूलाई सुविधाको लागि आवश्यक सबै बन्दोबस्त खप तीलगंगा आस्पतालमै गर्ने सोचले काम अगाडि बढाइरहेका छौं ।

शिक्षातर्फ

नगरपालिकाले शिशुस्याहार केन्द्रदेखि विद्यालय शिक्षा र कलेज शिक्षालाई पनि उत्तिकै प्राथमिकतामा राखेर काम गर्दै छ । २ वटा इन्जिनियरि ङकलेज सहित ७ वटा शैक्षिक संस्थाहरू अहिले देशकै उत्कृष्ट बन्दै छन् । ती शैक्षिक संस्थामा अध्ययन गर्ने विद्यार्थीलाई आवश्यक छात्रवृत्तिको व्यवस्था, नगरका विद्यार्थीलाई उच्च शिक्षाको लागि प्रोत्साहित गर्न शैक्षिक ऋणको व्यवस्था र देशको लागि आवश्यक विभिन्न विषयमा विद्यावारिधिसम्मको छात्रवृत्तिको बन्दोबस्त गर्दै आएको छ । साथै वडा वडामा शिशुस्याहार केन्द्रहरूको विस्तार गर्ने उल्लेख भएबमोजिम भनपा वडा नं. १० मा यसै वर्षबाट शिशुस्याहार केन्द्र सञ्चालनमा ल्याएका छौं । नगरपालिकाभित्र ७ वटा शिशुस्याहार केन्द्र सञ्चालनमा छन् । सीपमूलक तालिमका साथै युवा उद्यमशीलता ऋण प्रदान गरी आत्मनिर्भर बनाउने प्रयास गर्दै आएका छौं ।

केही गर्न बाँकी कार्यहरू

हामीले चाहेर पनि केही काम अझै गर्न सकेका छैनौं । जस्तो खप विश्वविद्यालय सञ्चालन, उपचार पोखरीहरूमा फोहरलाई उपचार गरी खोलामा सफा पानी बगाउने, खोला किनाराका सडकहरू निर्माण गर्ने काम आदि । ती काम नगरपालिकाबाट मात्र सम्भव थिएन । खप विश्वविद्यालय विधेयक सरकारले पारित गरिदिएन । विश्वविद्यालयको लागि सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गराउन सरकारसँग माग गरिरहेका छौं । अझै सफल भएको छैन । सल्लाघारी र हनुमन्तेमा निर्माणाधिन उपचार पोखरीहरू सम्पन्न भएमा खोलामा सफा पानी बग्नेछ ।

भनपा देशको एउटा सफा, सुन्दर र कला संस्कृति संरक्षित तथा ज्ञानविज्ञानको केन्द्र बनाउने योजनासहित अगाडि बढिरहेको छ । कस्तो भक्तपुर बनाउने भन्ने विषयमा हामी स्पष्ट छौं, हामीलाई नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको ‘सय वर्षपछिको भक्तपुर’ ले दिशा निर्देश गरिरहेको छ । हामी भक्तपुरलाई आदर्श नगर बनाउन चाहन्छौं । जहाँ शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, पर्यटन, रोजगारी हर क्षेत्रमा राम्रो र व्यवस्थित होस् ।

नगरपालिकाको काममा सधैं यहाँका जनताले साथ र सहयोग गर्दै आएका छन् । अहिलेसम्म भएका कामहरूको श्रेय यहाँका जनतालाई जान्छ । कामको सिलसिलामा कमी कमजोरी हुन गएको रहेछ भने हामी जनप्रतिनिधिहरूले त्यसको जिम्मेवारी लिनेछौं । जस्तोसुकै बाधा व्यवधानबिच पनि हामी निरन्तर जनताको सेवामा समर्पित भएर अघि बढिरहनेछौं ।

(कार्तिक ६ र ७ गते भक्तपुरमा सम्पन्न नेपालभाषा साहित्य त:मुंज्यामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पहिलो दिन व्यक्त गर्नुभएको मन्तव्यको नेपाली भाषामा सार सङ्क्षेप)



पत्रु न्यायाधीशहरूविरुद्ध सक्षम नवयुवक कानुनसेवीहरूले सङ्घर्ष गर्नुपर्ने



रामप्रसाद प्रजापति, अधिवक्ता

डा.अरुणा उप्रेतीले हामीलाई पटक पटक सम्झाइरहनुहुन्छ, लेखिरहनुहुन्छ कि "पत्रु खाना (Junk Food) ले हाम्रो स्वास्थ्यलाई राम्रो गर्दैन ।"

डा.उप्रेती नेपाली समाजमा पत्रु खानाको बढ्दो प्रयोग, त्यसले स्वास्थ्यमा पार्न सक्ने असर र परम्परागत नेपाली खानाको महत्त्वबारे लामो समयदेखि जनचेतना फैलाउँदै आउनुभएको छ ।

मूलत: डा. उप्रेतीले चाउचाउ, चिप्स र प्याकेटका खाजाको अत्यधिक प्रयोगबारे चिन्ता व्यक्त गर्नुहुन्छ । यस्ता खानेकुराले पौष्टिक भोजनलाई विस्थापित गर्न सक्नेमा खबरदारी गर्दै उहाँले चिउरा, चना, आलु, रोटी, दाल, भात, सागसब्जीजस्ता स्थानीय तथा घरमै तयार गर्न सकिने खानेकुरालाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुहुन्छ ।

ठीक त्यस्तै न्याय क्षेत्रमा पनि पत्रु न्यायाधीशहरूका फैसला तथा आदेशका कारण समाजमा नकारात्मक असर पर्ने गरेको छ ।

पत्रु न्यायाधीश जिल्ला अदालत, उच्च अदालतदेखि सर्वोच्च अदालतसम्मै फैलिएको छ । अब तपाईंले सोचिरहनुभएको होला कस्तो न्यायाधीशलाई 'पत्रु न्यायाधीश' भन्ने ?

सामान्यतया जसरी हामीहरूको स्वास्थ्यमा नकारात्मक असर पार्ने, पौष्टिक भोजनलाई विस्थापित गर्ने खानालाई पत्रु खाना भन्दै छौं, पत्रु न्यायाधीशहरूका आदेश, निर्णय र फैसलाले समाजमा हाम्रो नेपाली समाजको धरातललाई विपरीतका नकारात्मक असर फैलाउने, नेपाली समाजको वास्तविक परम्परागत धरातललाई विस्थापित गर्ने, समाज व्यवस्था बिथोल्ने, समाजमा द्वेष, इर्ष्या, भेदभाव, उचनीचजस्ता नकारात्मक भावना फैलाउने गरेको देखिन्छ । त्यसप्रकारका न्यायाधीशहरूलाई पत्रु न्यायाधीश भन्न सकिन्छ ।

उदाहरणको लागि सर्वोच्च अदालतबाट केही समयअघि गरेको विवाहिता छोरीले आफ्नो माइतितर्फबाट पाउने अंश हकसम्बन्धी विवादमा गरेको फैसलालाई लिन सकिन्छ ।

२०७२ सालको संविधान जारी भएपछि छोराछोरी बराबरी भएको र लैङ्गिक समानता कायम गर्न जारी गरेको संशोधन ऐन, २०७२ ले अझ छोराछोरी बराबरीको छलफललाई अझ उचाइमा पुऱ्याएको देखिन्छ ।

२०७५ भदौ १ गतेदेखि लागू हुने गरी मुलुकी देवानीसंहिता, २०७४ जारी गरियो । देवानीसंहिता, २०७४ को दफा २०५ ले सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिने र दफा २०६ ले प्रत्येक अंशियार अंशको समान हकदार हुने कानुनी व्यवस्था गरियो ।

सर्वोच्च अदालत, बृहत् पूर्ण इजलासको मिति २०८२ असार ३१ गते राममणी मुडभरीविरुद्ध पुनम मुडभरी (अंश चलन मुद्दा ०७५-डिएफ-०००४) को मुद्दामा गरेको फैसलाले विवाहिता छोरीको अंश हकसम्बन्धी दायरालाई अझ फराकिलो बनाइदिएको छ ।

२०५८ को संशोधनले ल्याएको विवाह गरेकी छोरीको अंशबण्डा गर्नु पर्दैन भन्ने कानुनी व्यवस्थालाई २०७२ सालमा खारेज गरेपछि अन्योलमा रहेको विवाहित छोरीले अंश पाउने कि नपाउने भन्ने विवादलाई सर्वोच्च अदालतले २०८२ असार ३१ गते टुङ्ग्याएको हो ।

सर्वोच्च अदालतले २०७२ असोज १४ गते मुलुकी ऐने संशोधन भएको दिनभन्दा पछि विवाह गर्ने छोरीहरूले आफ्ना आमाबाबुबाट छोरासरह अंश पाउने फैसला गरेको हो । उक्त फैसला सर्वोच्च अदालतका न्यायाधीशहरू सपना प्रधान मल्ल, डा.मनोकुमार शर्मा, शारङ्गा सुवेदी, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेलले गरेका हुन् ।

फैसलामा महेश शर्मा पौडेल र सपना प्रधान मल्लले त संविधान र कानुनले प्रत्याभूत गरेको विवाहित छोरीको पैतृक सम्पत्तिमाथिको अंश हकलाई सङ्कुचन गर्ने गरी कुनै पनि किसिमको दृष्टिकोण राख्न हुँदैन भनी फरक मत राख्दै सबै विवाहित छोरीहरूले अंश पाउनुपर्ने राय प्रस्तुत गरिएको देखिन्छ । अर्थात्, महेश शर्मा पौडेल र सपना प्रधान मल्लको रायबमोजिम फैसला भएको भए २०७२ असोज १४ पछि विवाह गरेका मात्र नभई त्यसअघि विवाह गरेका समेत सबै विवाहिता छोरीहरूले जुनसुकै बेला आफ्ना बाबुआमाबाट अंश हक पाउने, नपाए अंश मुद्दा गर्न पाउने फैसला गर्नुपर्ने भनिएको हो ।

उक्त फैसलाका कारण हाम्रो समाजमा विवाहित मात्र नभई छोरीहरूको जीउज्यानमै खतरा आउने सम्भावना बढ्न सक्ने अवस्था आउन सक्ने कुरालाई नकार्न सकिन्न ।

छोरी मानिसको आफ्ना दाजुभाइसँग अंश हकका सम्बन्धमा विवाद बढ्न सक्ने र यसले हाम्रो परम्परादेखि चलिआएको विभिन्न चाडपर्व, दसैंतिहार, भाइटीका, मर्दापर्दा गरिने परम्परा, सामाजिक जनजीवनमा समेत नकारात्मक असर पर्न सक्ने देखिन्छ ।

त्यस्तै ज्वाइँले कि त माइतीबाट आफ्ना बाबुआमासँग अंश हक लिएर आउनु अन्यथा सम्बन्ध विच्छेद गरौं भनी डरत्रास, धाकधम्की दिन सक्ने र पति पत्नीको सम्बन्धमा मात्र नभई नाबालक छोराछोरीको समेत ख्याल नगरी सम्पूर्ण परिवार, टोल छिमेकी, समाजमै नकारात्मक असर गर्ने सम्भावना बढ्दो छ ।

त्यसैले यस्तो फैसला गर्ने न्यायाधीश जसले कानुनी बन्दोबस्त र कानुनका सिद्धान्तमा पोख्त हुनुहोला, तर हाम्रो सामाजिक धरातल, हाम्रो समाज व्यवस्था, हाम्रो नेपाली समाजको आर्थिक अवस्था, सामाजिक, राजनीतिक चेतनास्तरको कुनै ख्याल नगरी गरिने फैसला वा निर्णयहरूले नेपाली समाजलाई निकै अप्ठेरोमा पार्ने, प्रगतितर्फ नभई दुर्गति वा अधोगतितर्फ धकेलिने सम्भावना प्रबल हुन्छ ।

त्यसैले हाम्रो समाज व्यवस्था एवं सामाजिक राजनीतिक चेतनास्तर, मानव जीवन, न्याय र विवेक प्रयोग नगरी युरोप र अमेरिकी समाज एवं साम्राज्यवादीका कथपुतली बनी तालिम लिएकाहरूबाट वास्तविक न्यायको अपेक्षा गर्न सकिन्न ।

सर्वोच्च अदालतका न्यायाधीशहरू सत्ता टिकाउन आदेश दिन्छन्, सत्ताच्युत गर्न आदेश दिन्छन्, त्यस्तै विभिन्न व्यापारी व्यवसायीका लागि अरबौं अरब कर छुट गर्न आदेश दिन्छन् तर अहिलेसम्म के तपाईंलाई थाहा छ, कृषिप्रधान देश नेपालका कृषकले समयमै अति आवश्यक रासायनिक मल, गुणस्तरीय बीउ बिजन दिनु भन्ने आदेश दिएको छ ?

सत्ता, सरकार, संसद् र न्यायालय केका लागि ? व्यापक नेपाली जनताको हितका लागि होइन ? त्यसो भए व्यापक काम गरी खाने जनता किसान र मजदुर भएको देशमा किसान र मजदुरका मौलिक हकहरू के के हुन् र ती मौलिक हकलाई संविधान र ऐन कानुनमा समावेश गर्नू, उपयुक्त कानुन बनाउनू भन्ने आदेश हाम्रो न्यायालय र न्यायालयका प्रिय न्यायाधीशहरूबाट किन हुँदैनन् ?

नेपालमा स्वतन्त्र न्यायालय सिद्धान्तमा मात्र छ, व्यवहारमा छैन । न्यायालयभित्र स्वतन्त्र, निडर, विवेकी न्यायाधीशहरू दिउँसै लालटिन बालेर खोज्नु परेको छ ।

न्याय परिषद्रूपी धुन्धकारी संवैधानिक अङ्गले २०४७ सालपछि सत्ताको चाकडी गर्दै आ-आफ्ना राजनीतिक दलका मानिसहरूलाई भागबन्डामा न्यायाधीश बनाउने बेथिति चलाएर न्यायालयलाई दुर्गन्धित एवं ध्वस्त पारेका छन् । त्यो सिलसिला अहिले पनि झन् सक्रिय रूपमा चलेकै छ । त्यसैले त सर्वोच्च अदालत एवं न्याय क्षेत्रमा विकृति विसङ्गति, विवाद र दुर्गन्ध फैलिएकै छ ।

सर्वोच्च अदालतकै अग्रसरतामा गठित विभिन्न समयमा गठित छानबिन समितिहरूले गरेको छानबिन प्रतिवेदनहरूले बहालवाला न्यायाधीश पनि बिचौलिया हुने गरेको उल्लेख छ । बिचौलिया न्यायाधीश पनि एक किसिमले पत्रु न्यायाधीश हुन् ।

सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा जसका विरुद्ध संसदमा महाअभियोग दर्ता भयो । हालै पक्राउ परेपछि उनको सम्पर्क सम्बन्ध भएका मानिसहरूको पक्राउ पर्ने क्रम जारी छ । पत्रु न्यायाधीश बिचौलिया मात्र होइनन्, पद र पैसाका लागि विदेशीको गुलाम बन्ने, विदेशी डलर खाएर नेपाली माटो सुहाँउदो कानुन विस्थापित गरी संहिता निर्माण गर्ने, महिला अधिकारको नाममा महिलाहरूलाई झन्झन् खतरामा पार्ने काम गर्ने न्यायाधीशहरू नेपाली जनताका सच्चा न्यायमूर्ति (जुरिस्ट) होइनन् । तिनीहरू पत्रु न्यायाधीश हुन् ।

पत्रु न्यायाधीशहरूबाट न्यायालयलाई जोगाउन नवयुवक कानुनसेवीहरूले निकै मेहेनत, इमान प्रस्तुत गर्न सक्नुपर्दछ । आवश्यक परे पत्रु न्यायाधीशहरूका विरुद्ध सङ्घर्ष गर्न पर्दछ । नयाँ युग चाहने नवयुवक कानुनसेवीहरूले आफूलाई समयअनुसारको चुस्त बौद्धिक क्षमतायुक्त सक्षम बन्न जरुरी छ ।

२०८३ कार्तिक ८

पत्रु न्यायाधीश भनेको के हो ?

- जो न्यायमा होइन, स्वार्थमा लिप्त हुन्छन् ।
- समाजको परम्परागत धरातल, वास्तविकता र जनजीवनको ख्याल नगरी फैसला गर्छन् ।
- समाजमा द्वेष, इष्र्या, भेदभाव, उचनीच फैलाउँछन् ।
- कानुनको नाममा समाजलाई विपरीत दिशातर्फ धकेल्छन् ।

उदाहरण

- विवाहिता छोरीको अंश हकसम्बन्धी विवादमा सर्वोच्च अदालतको विवादास्पद फैसला ।
- २०७२ को संविधान र मुलुकी देवानीसंहिता, २०७४ को दफा २०५ र २०६ को कानुनी व्यवस्थाको गलत व्याख्या ।
- समाज, परिवार र परम्परामा नकारात्मक असर ।


सामान्य न्यायालयको अवस्था

- सत्ता टिकाउन, सत्ताच्युत गर्न, व्यापारीलाई कर छुट दिन आदेश ।
- कृषक र मजदुरका मौलिक हकको संरक्षणमा मौन ।
- न्याय परिषद्को भागबन्डा, राजनीतिक हस्तक्षेप ।
- बिचौलिया न्यायाधीशको वृद्धि ।
- विदेशी प्रभावमा कानुन निर्माण र महिला अधिकारको नाममा महिलालाई समेत असुरक्षित बनाउने प्रवृत्ति ।

पुराना सक्रिय कार्यकर्ता भद्रबहादुर शाही

● दीपक शाही

स्वर्गीय भद्रबहादुर शाहीको जन्म २०१० असोज १ गते बुबा तुलाराम शाही र आमा मैनकला शाहीको कोखबाट भएको थियो । चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ७, साबिकको लयाँटी बिन्द्रासैनी गा.वि.स. वडा नं. १ को सृसैनमा जन्मनुभएका स्वर्गीय भद्रबहादुर शाही सानै उमेरदेखि परिश्रमी



हुनुहुन्थ्यो । पढाइमा लगनशील भए तापनि घरायसी कठिनाइका कारण उहाँले पढाइलाई निरन्तरता दिन पाउनुभएन । लयाँटी बिन्द्रासैनी १ को सानसैनमा रजबहादुर शाहीले सुरु गर्नुभएको सानो स्कूलमा पढाइ सुरु गर्नुभएका भद्रबहादुर शाहीका विष्णुबहादुर शाही, जङ्गबहादुर शाही, प्रदीप शाही, अम्बरबहादुर शाही र रंगबहादुर शाही साथीहरू हुनुहुन्थ्यो । आफ्ना साथीहरूसँगै भद्रबहादुर शाही १३ वर्षकै उमेरमा २०२३ सालमा बुबा तुलाराम शाहीसँग पहिलोपटक भारतको सिमला जानुभयो । २०२७ सालसम्म भारतमा जाने आउने गर्नुहुने भद्रबहादुर शाही एक कलाप्रेमी पनि हुनुहुन्थ्यो । २०२८ सालमा मनसरा शाहीसँग विवाह बन्धनमा बाँधिनुभएका शाहीका तीन छोरा र एक छोरी हुनुहुन्छ । उहाँका माहिला छोरा धनबहादुर शाही रोजगारीको सिलसिलामा हाल दक्षिण कोरियामा हुनुहुन्छ । तीन दाजु भाइ र दुई बहिनीका माइला भाइ भद्रबहादुर शाहीले २०४५ सालमा जनता प्रा.वि. मष्टामाडुको वि.व्य.स. अध्यक्ष भई समाजसेवा सुरु गर्नुभयो ।

२०४३ सालको गाउँ पञ्चायतको चुनावमा उपप्रधानपञ्चको चुनाव लड्दा उहाँ भारी मतले विजयी हुनुभयो । लयाँटी बिन्द्रासैनीको उपप्रधानपञ्चबाट आफ्नो राजनीतिक सुरुआत गर्नुभएका शाहीले लयाँटी बिन्द्रासैनीको विकासको जग बसाल्न सुरु गर्नुभयो । निरङ्कुश पञ्चायती शासनकालमा भूमिगत रूपमा नेमकिपाको राजनीतिसँग आबद्ध हुनुभएका भद्रबहादुर शाही २०४७ सालमा बहुदल आएपछि नेमकिपाको खुल्ला राजनीतिमा जोडिनुभयो । २०३८ सालदेखि पार्टीको सम्पर्कमा रहनुभएका भद्रबहादुर शाहीले २०४७ सालमा नेमकिपाको पार्टी सदस्यता प्राप्त गर्नुभयो । २०४०/०४१ सालतिर मजदुरी काम गर्न अछाम र डोटीका विभिन्न ठाउँमा पुगनुभएका भद्रबहादुर शाही फेरि आफ्नै जिल्ला दैलेखमा फर्केर नेमकिपाका विभिन्न समितिमा रहँदै २०४८ सालमा नेमकिपाको प्रतिनिधिसभा सदस्यको चुनावको प्रचारप्रसारमा लाग्नुभयो । २०४९ सालको स्थानीय चुनावमा पार्टीका उम्मेदवारको प्रचारमा रातदिन खट्नुभएका शाही २०५१ सालको मध्यावधि चुनावमा सक्रिय भई लाग्नुभयो र दैलेख क्षेत्र नं. २ मा पार्टीले विजय पनि हासिल गऱ्यो ।

२०५२/०५३ सालमा पार्टीभित्रका केही स्वार्थी तत्त्वहरूले नेमकिपालाई धोका दिन खोज्दा पार्टीका पक्षमा अडिग भई लाग्नुभएका शाही २०५४ सालको स्थानीय चुनावमा साबिकको लयाँटी बिन्द्रासैनी वडा नं. १ को वडाध्यक्षमा निर्वाचित हुनुभयो भने सदस्यमा डिल्लीप्रसाद शर्मा, कुश्माखर खनाल, माहाँनन्द ढकाल र महिला सदस्यमा हरिकला शाही निर्वाचित हुनुभएको थियो ।

समाज सेवामा लागेर कहिल्यै नथाक्ने स्वर्गीय शाही जीवनको अन्तिम समयसम्म पनि वन समितिमा रहेर अध्यक्षको भूमिका निर्वाह गर्दै आफ्नो समाजसेवालाई निरन्तरता दिँदै हुनुहुन्थ्यो । गलत कुराका विरुद्धमा कडा आवाज उठाउने र राम्रो कामलाई सधैँ साथ दिने स्वभावका शाही समाजसेवामा रहँदा रहँदै स्वास्थ्य बिग्रिन थाल्यो । धेरै लामो समयसम्म औषधि सेवन गर्दागर्दै कमजोर हुँदै गएका भद्रबहादुर शाहीको २०८३ असोज २१ गते बिहान निधन भयो ।

सांस्कृतिक पुचःको आयोजनामा सांस्कृतिक च्याली

भक्तपुर । भक्तपुर वडा नं २ सांस्कृतिक पुचःको आयोजनामा कार्तिक ३ गते विजया दशमीको अवसरमा शुभकामना आदानप्रदान तथा सांस्कृतिक च्याली भयो ।

वडा नं २ को ठुलो ब्यासीबाट सुरु भएको सांस्कृतिक च्याली बालाखु गणेश मन्दिर, दरबार स्क्वायर, खौमा, इताछेँ, इन्द्रायणी टुरिस्टबस पार्क,सानो ब्यासी हुँदै सहिद राजकुमार स्मृति पुस्तकालय प्राङ्गणमा समापन भएको थियो ।

उक्त च्यालीमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पुखौँदेखि चल्दै आएको परम्परागत कला र संस्कृति बचाई यसको संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' को परिकल्पनाअनुसार भक्तपुर एउटा कला र संस्कृतिको सुन्दर सहर बन्ने परिकल्पनाबारे उल्लेख छ ।

भक्तपुरको शैक्षिक नतिजा देशकै निम्ति उदाहरणीय भएको विचार व्यक्त गर्दै उहाँले यस्तो नतिजा आउनु जनताको परिश्रमको प्रतिफल भएको विचार राख्नुभयो । उहाँले साना तथा नयाँ पुस्तालाई नि:स्वार्थ रूपमा देश र समाजको सेवा गर्न सिकाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले गत वर्ष भदौमा सिंहदरबार जलाउनेहरू देशघाती, विध्वंशकारी र अपराधी भएको स्पष्ट पार्नुभयो । देशमा महँगी बढेको र देश झन्झन् अधोगतितिर गइरहेको अवस्थाबाट जनता सचेत हुनुपर्ने उहाँले बताउनुभयो ।

इताछेँमा भएको सभामा साबिक १५ वडाका वडाध्यक्ष रवीन्द्र खर्बुजाले देशमा करिब ५ करोड १८ लाख बराबरको १९ लाख तास भित्रिएर नेपाली पैसा बिदेसिएको बताउनुभयो । उहाँले दसैँ र तिहारमा तास नखेल्ने प्रतिबद्धता गर्नुपर्ने बरु नेपालको पर्यटन विकासमा टेवा पुऱ्याउनुपर्ने आवश्यकताबारे प्रकाश पार्नुभयो । अस्वस्थ भोजन त्यागनुपर्ने, शारीरिक व्यायाम कायम गरी सुर्तीजन्य मादक पदार्थ सेवन नगर्ने प्रतिबद्धता सबैले पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका वडा नं २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले बजार भाउ बढिरहेको र न्यून वर्गका जनताको पक्षमा सरकारले केही नगरेका कारण यो सरकार जनताको नभएको उल्लेख गर्नुभयो । शिक्षा, स्वास्थ्य नि:शुल्क गर्छु भनी सरकारमा गएका नेताहरूले बाचा पूरा नगरेको उल्लेख गर्दै उहाँले वर्तमान सरकार पनि पुँजीवादी सरकार भएको बताउनुभयो ।

उक्त कार्यक्रममा समाजसेवी गणेशप्रसाद सुवाल, पुच:का सदस्य कृष्णप्रसाद सुवालले पनि बोल्नुभएको थियो । कार्यक्रम वडा नं २ सांस्कृतिक पुच:का अध्यक्ष रत्नकाजी नायभारीको सभापतित्वमा भएको थियो ।

आइतमातोभको 'पहिलो शिक्षक' सँग भेट्दा

✍ समा

किरगिजस्तानी लेखक चिङगिज आइतमातोभ (सन् १९२८-२००८) को सशक्त लघु उपन्यासहरूमध्ये एक हो 'पहिलो शिक्षक'। कुनै बेला पूर्वसोभियत समाजवादी गणतन्त्रको एउटा अङ्गको रूपमा रहेको किरगिजस्तानका नामी लेखक आइतमातोभ रुसी भाषामा पनि कलम चलाउँथे। उनका साहित्य, लघुकथा, लघुउपन्यासहरूमा तत्कालीन सोभियत सङ्घको यथार्थ तस्वीर र खास गरी केन्द्रीय एसियाली गणतन्त्रका जीवनहरूको सजीव चित्रण पाइन्छ। 'पहिलो शिक्षक' पनि समकालीन रुसी समाज र जीवनहरूको जीवन्त चित्रण हो।

सन् १९१७ को रुसी अक्टोबर समाजवादी क्रान्तिपछि विशाल देश रुसका गाउँ-गाउँ, बस्ती-बस्ती अर्थात् कुनाकाप्चामा परिवर्तनको प्रवाह कसरी सम्भव भयो ? त्यो परिवर्तनका संवाहक को थिए ? यी प्रश्नहरूको जवाफसँगै क्रान्तिपछि समाजवादी समाज निर्माणको अर्को क्रान्तिको एउटा दृष्टान्त उपन्यास 'पहिलो शिक्षक' आफै हो भन्दा अतिशयोक्ति नहोला।


उपन्यासले अक्टोबर समाजवादी क्रान्ति, नेता लेनिन नेतृत्वको रुसी समाजवादी व्यवस्था अर्थात् सोभियत सङ्घ गठन र निर्माण, लालसेनाको निर्माणको समयावधि समेट्छ। नेता लेनिनको मृत्युदेखि द्वितीय विश्वयुद्धको केही पछिसम्मको कालखण्डलाई उपन्यासले समेट्छ। त्यो समयावधिमा रुसमा शैक्षिक जागरणमार्फत काम गरी खाने मजदुर-किसानको जीवन उत्थानका निम्ति धेरै कामहरू भएका थिए। ती कामहरूमध्ये एउटा पाटो या दृष्टान्त यो उपन्यासले उजिल्याउँछ। लेनिनकालीन रुसमा शिक्षा प्रचार या शैक्षिक आन्दोलनको कथा हो भन्न सकिन्छ, 'पहिलो शिक्षक'। गाउँ-गाउँ र दूरदराजमा जनताको पाठशाला निर्माणको कथा हो 'पहिलो शिक्षक'। शिक्षाको प्रकाशले मात्र क्रान्तिको उज्यालो अनुभूत हुने यथार्थ बुझेका अभियन्ताहरूको कथा हो, यो उपन्यास। सोभियत समाजको तत्कालीन परिस्थिति, कामदार वर्गको अवस्था, गरिब जनताको नियति र चेतनाको स्थितिको वास्तविकता बोधसँगै परिवर्तन र यथास्थितिबीचको अन्तर्द्वन्द्वको स्वाभाविक प्रस्तुति गर्न उपन्यास सफल छ। पात्रहरूको स्वाभाविक चयन र भूमिका उपन्यासको सशक्त पक्ष हो। उपन्यासको कथानक, परिवेश, पात्रहरूसँगै उपन्यासको उद्देश्य र सन्देशबिच सामञ्जस्य अनुभूत हुन्छ।

यस उपन्यासका शीर्ष पात्र डुइशेन हुन्। डुइशेन, उपन्यासले बोकेको परिवर्तनको उद्देश्यका संवाहक, एउटा अशिक्षित समाजलाई शिक्षाको उज्यालो प्रदान गर्ने सपनाका बाहक, निःस्वार्थ सेवा नै जीवनको उद्देश्य बनाउने सच्चा कम्युनिस्टका प्रतिनिधि पात्र, समाजवादी रुसको शैक्षिक आन्दोलनका एक कर्मठ अभियन्ता। उपन्यास उही डुइशेनको कथा हो। उपन्यासमा उनी एक जीवन्त व्यक्तित्वको रूपमा प्रस्तुत गर्न उपन्यासकार सफल छन्। उपन्यास पढिसकेपछि डुइशेनको व्यक्तित्व र समाज रूपान्तरणका निम्ति उनले गरेको सङ्घर्षको अमित छाप पाठकको मनमा जरुर पर्छ। डुइशेनले जस्तै समाज रूपान्तरणका निम्ति अथक योद्धा बन्ने ऊर्जा या हौसला पनि मिल्ला। उपन्यासकारले डुइशेनलाई उनका गतिविधि र सिलसिलामार्फत शसक्त उभ्याएका छन्। डुइशेनका चेली अल्त्यनाईबिना उपन्यासको कथानक सुरू र अन्त्य हुँदैन। अल्त्यनाईको जीवनयात्रा तत्कालीन रुसी कामदार जनताका छोरीहरूको प्रतिनिधि कथा हो। इतिहासमा फर्केर अल्त्यनाईहरूको जीवन सङ्घर्ष र उनीहरूको जीवनमा डुइशेनहरूको भूमिका अध्ययन गर्न उपन्यासले सघाउँछ। आफ्ना प्रथम गुरु 'डुइशेन' प्रति अल्त्यनाईको आदर-सम्मान एक व्यक्तिप्रतिभन्दा पनि एउटा समाजवादी युगप्रतिको अभिनन्दन र समर्पण हो भन्ने महसुस हुन्छ। नेता लेनिनप्रति डुइशेनको सम्मान समाजवादी युगप्रतिको पूजा हो भन्ने आभाष मिल्छ।

उपन्यास रुसको एउटा सुन्दर गाउँ कुरकुरिउ वरिपरि घुम्छ। कुरकुरिउ गाउँको उचाइ या डाँडोमा उभिरहेका दुईवटा लहरेपिपलको जरा या धरातलसँग जोडिएको छ उपन्यासको कथानक। उपन्यासका सूत्रधार एक रङ्गकर्मी अर्थात् चित्रकार हुन्। उनले कुरकुरिउ गाउँ र गाउँको धरातलबाट उठेर निलो आकाशमा सपना र सफलताको उडान भर्दै गरेकी एक छोरीको जीवनलाई क्यानभासमा उतार्न खोजेका छन्। उनै छोरीलाई खुला र प्रकाशमय सुन्दर संसारको ढोका खोलिदिने गुरुको जीवन आकृतिलाई रंगहरूमार्फत क्यानभासमा पोट्न खोजेका छन्।

कुरकुरिउको डाँडामा एउटा अवस्थित छाप्रो थियो, त्यसैलाई डुइशेनले पाठशाला बनाए। त्यो छाप्रो र डुइशेनले गोडमेल गरेका दुई लहरेपिपललाई दशकौँ पछि पनि मानिसहरू 'डुइशेनको पाठशाला' भनेर चिने। त्यो छाप्रोमा डुइशेनले केटाकेटीहरूलाई कखरा पढाए। उनी विद्यालय शिक्षा पढेका व्यक्ति थिएनन्। सामूहिक कृषि फार्ममा काम गर्ने मजदुर थिए। बिहानदेखि बेलुकासम्म खेतमा व्यतीत गर्ने किसान थिए। गाउँका हल्कारा थिए डुइशेन। बाह्रखरीका सबै अक्षर नजानेका डुइशेनको नाममा पाठशाला कसरी सम्भव भयो ? त्यही छाप्रोमा पढेर प्राज्ञ बनेका अल्त्यनाई सुलाईमानोभनाको सम्मानमा कार्यक्रम राखिएको थियो। डुइशेनले पढाउने छाप्रो अर्थात् पाठशाला नजिकै नयाँ माध्यमिक पाठशाला खोलिएको थियो। कुरकुरिउ गाउँको परिवेश बदलिएको थियो। किसानका छोराछोरी विद्यालय जान थालेका थिए। उच्च शिक्षाका लागि छोराछोरी सहर पठाउन थालिएको थियो। त्यो परिवर्तन र रूपान्तरणको पीँढितिर फर्केर अल्त्यनाईले सुत्रधारलाई चिट्ठीमार्फत सुनाएको संस्मरणले उपन्यासको वसन्त र शरद् उजिल्याउँछ।

समय १९२४ तिरको हो। क्रान्तिपछि गाउँ गाउँमा सामूहिक कृषि फारमको अभ्यास थालियो। एक समय युरोप र विकसित मुलुकले रुसलाई दरिद्र र गरिब देशको संज्ञा दिएको थियो। वास्तवमै अविकसित रुसी गाउँहरू क्रान्तिलगत्तै कायापलत हुने कुरै भएन। गरिब किसानहरू सामूहिक कृषिफार्मलाई नै सानो गाउँको रूपमा हुर्काउँदै थिए। गाउँको सामाजिक र सांस्कृतिक परिस्थितिमा बदलाव देखापरेको थिएन। गाउँमा पाठशाला एकदमै बिरानो थियो। आफ्ना बुबा कमान्डर हुँदा सेनामा लेखपढ गरी गाउँ फर्केका थिए डुइशेन। उनले गाउँलेलाई डाँडाको पुरानो तबेलामा पाठशाला खोल्ने विचार राखे। गाउँलेहरूलाई त्यो कुरा निको लागेन। तिनले डुइशेनसँग हाकाहाकी प्रश्न गरे -"पाठशाला किन चाहियो ?" गाउँमा शिक्षाको आवश्यकता बोध नहुनु अस्वाभाविक पनि थिएन। रोजीरोटी र हातमुख जोड्ने सवाल छोडेर पढ्ने र पढाउनेतिर समाज कसरी अगाडि बढोस् ? त्यसको निम्ति चेतना



जरुरी थियो। शिक्षाको उज्यालो आवश्यक छ भन्ने चेतना बनेर डुइशेन गाउँ पुगेका थिए।

गाउँलेहरूले डुइशेनलाई के भने -"परापूर्व कालदेखि जमिन जोत्नु हाम्रो कामधन्दा भइआएको छ। हाम्रो कोदालोले हामीलाई सधैँ नै खान्की दिलाएको छ। हाम्रो छोराछोरी पनि उसैगरी गुजारा चलाउनेछन्। अनि तिनले बित्थामा किन लेखापढी सिक्नुपऱ्यो ? लेखापढी चाहिने त हाकिमहरूलाई पो हो। हामी त सामान्य मानिस हौँ। त्यसैले तपाईं हामीलाई यसरी अल्मल्याउन नखोज्नोस्" डुइशेनले गाउँलेहरूलाई सम्झाउने कोसिस जारी राखे। सोभियत सरकारको शिक्षा नीति, बालबालिकालाई पाठशाला पढाउनै पर्ने नीति सम्झाए। देश स्वतन्त्र भयो, त्यो स्वतन्त्रताको अनुभूति शिक्षकले दिलाउँछ भन्ने सत्यलाई बुझाउने कोशिश गर्न डुइशेन कति पनि विचलित भएनन्। गरिब किसानको भाग्य सँधैभरि दुःख गर्नुमात्र होइन। जीवनभर ठालु र शासकहरूबाट अपमानित हुनु किसानहरूको भाग्य होइन। नयाँ पुस्ताले लेखपढ गर्न जानेनन्, शिक्षा हासिल गर्न पाएनन् भने गरिब जनता युग युगसम्म पछाडि पर्नेछन्। सधैँ गरिबको बस्ती हुनेछ। त्यसकारण, पाठशाला जरुरी छ भनी उनले आग्रह गरे। उनी आफै सम्पन्न थिएनन्। उनीसँग चिसोमा लगाउन भुवाको कोट थिएन, घर थिएन, जमिन थिएन, एउटा भेडा र घोडासमेत थिएन। ती सर्वहारा मान्छेसँग पाठशाला स्थापना र निर्माणको सपनाबाहेक केही थिएन। त्यसकारण, यो उपन्यास डुइशेनको विद्यालय निर्माणको सपनाको कथा हो।

उनले यो पाठशाला निर्माणका लागि एक्लै साबेल, कोदालो, बञ्चरो र बाल्टिन बोके। आफ्नो पिठ्युमा सुकेको परालको अजङ्गको भारी बोकेर डाँडोको तबेलातिर उक्लिए। गाउँका हुनेखानेहरू उनलाई देखेर खिसितिउरी गर्थे। किसान-गरिबहरू बेकारको झमेला भनेर बेवास्ता गर्थे। डुइशेनले निकै अपमान र गालीहरूको सामना गर्न पर्यो तर आफ्नो उद्देश्यमा प्रतिबद्ध थिए। उनलाई हेरिरहेका अल्त्यनाई र उनका सङ्गीहरूले उनीसँग पढ्ने जिज्ञासा राखे। अल्त्यनाई 'टुहुरी' केटी थिइन्। आफ्नी आन्टी र अङ्कलसँग बस्ने उनले दिनभरि घर-खेतबारीको काममा जोतिनुपर्थ्यो। उनलाई डुइशेनका विचारहरूले प्रभावित बनाएको थियो। हिउँ परेको समयमा आगो ताप्न पाठशालामा बनाइएको अगेनाका निम्ति अल्त्यनाईले पाठशालाको पहिलो दिन नै गुरुलाई सघाएकी थिइन्। केटीहरू र अल्त्यनाईले पढ्ने इच्छा राखे पनि तिनलाई घरबाट पढ्न पठाएनन्। डुइशेन प्रत्येकको घर-घर पुगेर छोराछोरीहरूलाई पाठशाला पठाउन आग्रह गर्दै हिँडे। परिवारजनका कटुबचन पनि पचाएर विद्यार्थी जुटाउनतिर उनी केन्द्रित भए।

अल्त्यनाईको कथा अलि बेग्लै थियो। उनको बाल्यकालमा आमा-बुबाको ममता थिएन। राक्षसी स्वभावकी आन्टी र अङ्कलको जंजिरबाट आजाद हुन चाहन्थिन् अल्त्यनाई। डुइशेनले आन्टी र अङ्कललाई सम्झाउने कोसिस गरे तर नमानेपछि कानुनको हवाला दिए। पढ्न चाहने केटाकेटीलाई नपढाउनु अपराध हो। नयाँ पुस्तालाई पढाउनु राज्यको दायित्व हो र सोभियत सरकारले त्यो जिम्मेवारी लिन्छ। अल्त्यनाईको भविष्य राज्यको भविष्यसँग जोडिएको छ। राज्यलाई अल्त्यनाईहरूको जरुरी छ भन्ने आशयबाट डुइशेनले परिवारसँग लड्नुपर्यो। पाठशाला जाने अल्त्यनाईको सपनाको बाटो खुल्यो।

पाठशालामा लेनिनको फोटो झुन्ड्याइएको थियो। डुइशेनलाई व्याकरण र जटिल वाक्यहरू थाहा थिएन। यद्यपि, उनले शिक्षाको आवश्यकताबोध हुनेगरी पढाए। सुन्दर भविष्यको हुटहुटी जगाइदिए। एक गुरुको जिम्मेवारी उनले पूरा गरे। जेनतेन बाह्रखरी जानेपछि सबैभन्दा पहिला तिनले 'लेनिन' लेखे। बाह्रखरीसँगै डुइशेनले कक्षाहरूमा क्रान्तिका आयामहरू पढाए। सोभियत रुसपूर्वको सङ्घर्ष सुनाए। मालिक र मजदुरहरूको सङ्घर्षको सिलसिला बताए। उपन्यास पढ्दा लाग्छ, डुइशेन नयाँ समयका लागि लाल सेनाहरू तयार गर्दै थिए। डुइशेन केटाकेटीलाई पढाउन र सिकाउन जस्तै परिस्थितिको सामना गर्थे। केटाकेटी हिँड्ने पुल र पाठशाला पुग्ने बाटो घाटो आफै बनाउने, हिउँ र आँधीहुरीको परवाह नगरी काम गर्थे। गाउँका ठालुहरू डुइशेनलाई 'काइदाको नोकर' बनाउन योग्य मान्छे भनी अपमान गर्थे। शिष्यका अनुहारतिर हेरेर उनी हाँसी हाँसी अपमान पिउँथे। अल्त्यनाई डुइशेनलाई सघाउने काम गर्थिन्।

एक दिन लेनिन बितेको खबर आयो। डुइशेन विक्षिप्त भए। भविष्य निर्माणको बाटो देखाउने, गरिबहरूलाई सुन्दर र स्वतन्त्र सपना देख्न सिकाउने लेनिन डुइशेनका आदर्श थिए। लेनिनले नै भनेका थिए, "देशको कुनाकाप्चालाई शिक्षित बनाउनू।" डुइशेन त्यो विचारका संवाहक एवम् कार्यकर्ता मात्र थिए। लेनिनको मृत्युले डुइशेन मात्र होइन सारा देश शोकमा डुबेको थियो। तर, डुइशेनहरूको अभियान र ऊर्जाहरूमा लेनिनको सपना जिउँदो थियो। उपन्यास लेख्छ -"लेनिन मानिसहरूका हृदयमा बास गरेका छन्। मानिसहरू स्वयम् लेनिन छन्। लेनिन हरेक बाबुबाट छोरामा सर्छन्। लेनिन त मानिसको रगतमै छन्।" लेनिनलाई जीवन आदर्श मानेर अघि बढेका डुइशेनहरूले क्रान्तिको विरासत जोगाउने दायित्वबोध गरेको आभाष मिल्छ। अल्त्यनाईहरू गुरुका डोबहरू पछ्याउने अठोट गर्दै थिए।

अचानक अल्त्यनाईलाई उनकी आन्टीले विवाह गरिदिने चाँजोपाँजो गरिन्। अल्त्यनाई १५ वर्षकी बालिका थिइन्। पाठशालामा गुण्डाहरू ल्याई अल्त्यनाईलाई जबरजस्ती लाने कुकर्म गरेकी थिइन् आन्टीले। डुइशेन त्यो आक्रमणविरुद्ध ढाल बनेर उभिए। तर, उनलाई गुण्डाहरूले रगताम्य हुने गरी कुटे। अल्त्यनाईलाई जबरजस्ती उठाई लगे। अँध्यारो कोठामा थुने, उनीमाथि बलात्कार भयो तर ममताहीन आन्टीले अत्याचार गर्न छोडिनन्। उनले आफ्ना गुरुका शब्दहरू सम्झे -"तिम्रो मस्तिष्क जिज्ञासु छ। तिमी विद्वान बन्नेछ्यौ।... जीवन बदलिनेछ। अझ राम्रा चिज त भविष्यको गर्भमा पो हुनेछ।" अल्त्यनाईलाई उनको वर्तमान नियति मञ्जुर थिएन। उनले त्यहाँबाट भागेर सुन्दर भविष्यको उडान भर्ने सङ्कल्प गरिन्।

गुरु डुइशेनले उनलाई सहरको पाठशालामा पढाउने सोचे, तारतम्म मिलाए। मस्कोमा उनले आफ्नो पढाइ सकाइन्। उनी दर्शनशास्त्रका प्राज्ञ बनिन्। दोस्रो विश्वयुद्धका कारण उनी आफ्ना गुरु भेट्न र गाउँ जान पाएका थिएनन्। डुइशेन लडाईं भूमिमा लडिरहेका थिए। युद्धमा रुसको जित भयो। उनी सन् १९४६ को शरद् याममा टमस्कस्थित विश्वविद्यालय मिसनमा पठाइन्। दर्शनशास्त्रमा विद्यावारिधि गरिन् र उनलाई कुरकुरिउ गाउँको माध्यमिक विद्यालय उद्घाटन र उनलाई सम्मान गर्न राखिएको कार्यक्रममा बोलाइयो। उनले आफ्ना गुरु डुइशेन साँचो सम्मानका हकदार हुन्, गाउँका प्रथम कम्युनिस्ट डुइशेन शिष्यको त्यो सम्मान कार्यक्रमको चाजोपाँजो मिलाउँदै थिए। गाउँमा शिक्षाको जग बसाल्न र गाउँका छोरीहरूलाई सुन्दर भविष्यको भर्याङ भइदिने डुइशेन साँचो अर्थमा सम्मान र अभिनन्दनका हकदार हुन् भन्ने अभिव्यक्ति दिइन्। तसर्थ, उपन्यास गुरु चेलाबिच प्रेम र सम्मानको कथा पनि हो। अल्त्यनाईले आफ्नो जीवनभर आफ्ना प्रथम गुरुका शब्दहरू भुलिनन्। आदर्श त्यागिनन्। दुई गुरू चेलीले रोपेको भविष्यप्रतिको विश्वास, सङ्कल्प, दृढनिश्चयको लहरेपिपल हुर्किरहेको थियो, दुबैले देखेको सपनाले निश्चित आकार लियो र कुरकुरिउ गाउँको शीतल छहारी बन्यो।

समाजको यथार्थमा टेकेर निर्माण भएको यो उपन्यासको आयु अमर रहला। कामदार जनताको उत्थानप्रति समर्पित राजनीति र विचार पनि उपन्यासमार्फत हरेक युगका पाठकहरूको मस्तिष्कमा अमर रहनेछ। जस्तै व्यवस्थामा पनि समाजलाई उज्यालो दिने शिक्षाको प्रचारका निम्ति अघि बढ्न हौस्याउनेछ। उपन्यास हरेक हिसाब विचार, पात्रहरूको छनोट, भाषा आदिले समृद्ध अनुभव हुन्छ।

एउटा युगको बोध गराउने यो मौलिक रचनाले विश्वको कुनै पनि कुनामा भएका शैक्षिक आन्दोलन र जागरणको इतिहास र सङ्घर्षलाई बुझ्न एवम् अध्ययन गर्न उत्साहित गर्छ। हरेक पाठकलाई यो उपन्यासको कथा आफ्नै परिवेशको झैँ लाग्नेछ, यो उपन्यासको विशेषता हो। मलाई पनि त्यस्तै अनुभूति भयो। भक्तपुर मेरो परिवेश, यहाँको शैक्षिक जागरणको कथा शिक्षाको चेतना जगाउन अग्रज पुस्ताले गरेको सङ्घर्षको कथा, मैले सुनेको इतिहाससँग मिल्दोजुल्दो महसुस भयो। मलाई लाग्यो, उपन्यासका पात्रहरू यही छन्। उपन्यासका घटना, परिघटना यहीको हो। मलाई लाग्यो, किसान-मजदुरका छोराछोरीलाई शिक्षाको उज्यालो प्रदान गर्ने, देशको भविष्य पुस्ता तयार गर्ने भविष्यद्रष्टा लेनिन यही छन्। लेनिनको विचार बोकेर, लेनिनको दूरदृष्टि मनन गरेर अघि बढेका किसान कार्यकर्ता यही छन्। आफूले कहिल्यै विद्यालय नदेखेका, विश्वविद्यालय देख्न नपाएका तर भविष्यको पुस्तालाई शिक्षित बनाउन अथक परिश्रम गर्ने डुइशेनहरू यही छन्। डुइशेनले घोडाको तबेलालाई पाठशाला बनाए। यहाँका अग्रज पुस्ताले गल्ली गल्ली, पाटी पौवा र खेतका छाप्रोहरूलाई विद्यालयमा परिणत गरे। दिनरात खेतमा काम गर्ने किसानहरू पनि कुरकुरिउ गाउँमा जस्तै छोराछोरीलाई विद्यालय पठाउन मान्दैनथे। जसोतसो विद्यालय आएका विद्यार्थी परीक्षा दिन पाउँदैनथे। परीक्षाभन्दा खेतको काम महत्त्वपूर्ण हुन्छ किसानको छोराछोरीलाई। किसानहरूको यही अभिव्यक्ति हुन्थ्यो। डुइशेनले जस्तै यहाँका अग्रज पुस्ताले घरघरमा गई शिक्षाको आवश्यकता र नयाँ पुस्तालाई शिक्षित बनाइएन भने मजदुर किसानहरू अझ पछाडि पर्ने चेतना दिए। समाजको सामाजिक र सांस्कृतिक रूपान्तरणका निम्ति लड्ने डुइशेनहरू यतैकतै छन् भन्ने आभाष मिल्छ। डुइशेनको पाठशालाबाट विश्वविद्यालय र विद्यावारिधि गर्न सफल, देशको निम्ति एक प्राज्ञ बन्न सफल अल्त्यनाईहरू पनि यही छन्। लेनिन र डुइशेनको सपना पूरा गर्न यहाँका छोरीहरू पनि सङ्कल्पित छन्, उपन्यास पढिरहँदा यस्तै महसुस हुन्छ। हरेक पाठकहरूलाई आफ्नो अग्रज पुर्खाको सङ्घर्ष स्मरण गराउने यस उपन्यास निकै अब्बल र सशक्त महसुस हुन्छ। हरेक शिक्षक र विद्यार्थीले पढ्नै पर्ने पुस्तकमध्ये एक हो यो उपन्यास। समाज परिवर्तनको हुतहुति भएका जोकोहीका निम्ति उपन्यासले एक किसिमको ऊर्जा जरुर प्रदान गर्नेछ। साहित्यकार नयनराज पाण्डेका अनुसार यो पढेर सिधिने पुस्तक होइन, दराजको चेपभित्रबाट पनि हल्ला गरिरहने उपन्यास हो। समाजको रूपान्तरणका लागि झक्झकाइरहने उपन्यास 'पहिलो शिक्षक' का लेखक चिङगिज आइतमातोभप्रति साधुवाद छ।

यासुकुनी मन्दिरको भ्रमण र आर्थिक प्रस्तावहरूले जापानको 'शान्तिको देश' मकुन्डो च्यात्छ

● झोङ शेङ

जापानी प्रधानमन्त्री सानाइ ताकाइचीले अक्टोबर १७ मा "मासाकाकी" भनेर चिनिने यासुकुनी मन्दिरमा अनुष्ठान भेटी पठाइन्, जसमा दोस्रो विश्वयुद्धका जापानी क्लास-ए (क वर्ग) का युद्ध अपराधीहरूलाई सम्मानित गरिएको कुख्यात मन्दिरले उनको प्रधानमन्त्रीको रूपमा उपाधि दिएको थियो, स्थानीय मिडियाले रिपोर्ट गरे। सानाइले अक्टोबर १९ मा सत्तारुढ लिबरल डेमोक्र्याटिक पार्टीका वरिष्ठ अधिकारीहरूमार्फत मन्दिरमा आर्थिक दान दिएकी थिइन्।

जापानको "शरद पर्व" को समयमा, धेरै जापानी राजनीतिज्ञहरूले प्रसाद दिए, जबकि केही क्याबिनेट मन्त्रीहरू र सांसदहरूले व्यक्तिगत रूपमा मन्दिरको भ्रमण गरे।

स्वदेश र विदेशका शान्ति पक्षधरहरूको बारम्बार विरोधको बाबजुद पनि प्रस्ताव र भ्रमणहरू अगाडि बढाएर, त्यस्ता गल्ती कार्यहरूले ऐतिहासिक न्यायको अपमान गर्दछ, मानव सभ्यताको तल्लो रेखालाई चुनौती दिन्छ र युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्थालाई उत्तेजित बनाउँछ।

यासुकुनी मन्दिर कहिल्यै धार्मिकस्थल मात्र रहेन। यो एक आध्यात्मिक औजार र जापानी सैन्यवादको प्रतीक हो जसले विदेशमा आक्रामक युद्धहरू ल्याएको थियो।

हालसालै, जापानी मिडियाले पहिलोपटक मन्दिरबाट आन्तरिक बैठक रेकर्डहरू जारी गऱ्यो, जसले हिडेकी तोजोसहित १४ 'क' वर्गका युद्ध अपराधीहरूलाई गिरफ्तार गर्ने पछाडिको पूर्ण निर्णय प्रक्रियालाई खुलासा गऱ्यो।

कागजातहरूले देखाउँदछ कि जापानी सरकारले १९६० को दशकको सुरुमा दरबारमा वर्ग-'क' युद्ध अपराधीहरूलाई गिरफ्तार गर्ने व्यवस्था गरेको थियो, तर १९७९ मा यो खुलासा नभएसम्म जनतालाई अन्धकारमा राख्न रोजेको थियो।

यो प्रकटीकरणले एक पटक फेरि पुष्टि गर्दछ कि यासुकुनी मन्दिर युद्ध अपराधीहरूको तीर्थस्थल हो। त्यसबेला जापानी सरकारलाई 'क' वर्गका युद्ध अपराधीहरूलाई समाहित गर्ने बेइज्जती राम्ररी थाहा थियो र नतिजाको डरले जानाजानी निर्णय प्रक्रिया गोप्य राख्यो।

यी युद्ध अपराधीहरू आफ्ना हातमा



अनगिन्ती युद्ध पीडितहरूको रगतले जापानी सैन्यवादीहरूको आक्रामक युद्धको पछाडि मुख्य अपराधीहरू थिए भन्ने पूर्ण रूपमा सचेत थिए, तर पनि उनीहरूले उनीहरूलाई सामान्य युद्धका मृतकहरूको साथमा राख्ने छनौट गरे। यसको उद्देश्य युद्ध अपराधीहरूको पुनर्स्थापना, जापानको युद्धकालको अत्याचारमाथि सेतो पोत्ने, इतिहासलाई विकृत गर्ने र जापानको पुन: सैनिकीकरणको लागि मार्गप्रशस्त गर्ने थियो।

युद्ध अपराधीहरूलाई प्रसाद चढाउँदै ताकाइचीले शान्तिको लागि ओठेसेवा दिन्छिन्। शान्तिको यो बहाना ऐतिहासिक न्यायको ठुलो उपहास हो। प्रधानमन्त्री बन्नुअघि वर्षौंसम्म उनी बारम्बार यासुकुनी मन्दिरको दर्शन गर्थिन्। पदभार ग्रहण गरेदेखि व्यक्तिगत रूपमा दर्शन नगरी श्रद्धाञ्जली अर्पण गर्ने तरिका अनुष्ठान र आर्थिक प्रस्तावहरू बनाउने थप अप्रत्यक्ष दृष्टिकोणको सहारा लिएकी छिन्।

उनले यो वर्ष कम्तिमा चारपटक यस्तो रणनीति प्रयोग गरेकी छिन्। एकातिर, उनी शान्ति च्याम्पियन भएको दाबी गर्छिन् र अस्ट्रेलियामा घुँडा टेक्छन्; अर्कोतर्फ, उनले जापानी सैन्यवादीहरूको आक्रामक युद्धको पछाडि मुख्य दोषीहरूलाई श्रद्धाञ्जली अर्पण गर्छिन्, नानजिङ नरसंहारको ऐतिहासिक तथ्यहरूलाई अस्वीकार गर्छिन् र इतिहासको विकृत दृष्टिकोणलाई समर्थन गछिन्। उनको कपटले जापानी दक्षिणपन्थी सेनाको सैन्यवादलाई पुनर्जीवित गर्ने दृढ सङ्कल्प र आक्रामकताको लागि उनीहरूको अन्तर्निहित ड्राइभलाई उजागर गर्दछ।

इतिहासको यो विकृत दृष्टिकोणबाट प्रेरित, ताकाइचीको नेतृत्वमा जापानले युद्धपछिको प्रणालीको बाधाहरूभन्दा बाहिर धकेल्न जारी राखेको छ, यसको सैन्यवादी महत्वाकांक्षाहरू झन्झन् लज्जाहीन हुँदै गइरहेको छ।

आर्थिक वर्ष २०२६ मा, जापानको रक्षा बजेटले ९ ट्रिलियन येन (लगभग ४.५८ बिलियन) नाघेको छ, यसको विस्तार दरले युद्धपछिको रेकर्ड हिट गर्दै लगातार १४ वर्षको वृद्धिलाई चिन्हित् गर्दछ।

जापानले पहिलोपटक शत्रुको आधारमा प्रहार गर्न सक्ने लामो दूरीका क्षेप्यास्त्रहरू फिल्ड गरेको छ, घातक हतियारको निर्यातमा पूर्णतया खुकुलो प्रतिबन्ध लगाएको छ, र यसको विशेष रूपमा रक्षा-उन्मुख नीतिलाई मेटाउन जारी राखेको छ। फिलिपिन्स र अमेरिकाको संयुक्त सैन्य अभ्यास "बालिकतन" मा पनि पहिलोपटक पूर्ण सदस्यको रूपमा सहभागी भएको छ।

यसले दोस्रो विश्वयुद्धपछि पहिलोपटक विदेशमा आपत्तिजनक किनारमा आधारित एन्टी-शिप मिसाइलहरू प्रक्षेपण गऱ्यो र एयर सेल्फ-डिफेन्स फोर्सलाई "एयर र स्पेस सेल्फ-डिफेन्स फोर्स" मा पुन: नामाकरण गर्न धक्का दियो। चरणबद्ध रूपमा, जापानले विदेशमा आफ्नो तथाकथित "सुरक्षा ग्यारेन्टी" को पहुँच विस्तार गर्दैछ।

जे सुकै 'धम्की' लाई जापानी राजनीतिज्ञहरूले बहानाको रूपमा आह्वान गरे पनि, तिनीहरूले पुन: सैन्यीकरणलाई गति दिने र यसको नव-सैन्यवादलाई अगाडि बढाउने आफ्नो वास्तविक उद्देश्य लुकाउन सक्दैनन्।

यो वर्ष टोकियो ट्रायलको उद्घाटनको ८० औँ वार्षिकोत्सव हो। आफ्नो गम्भीर फैसलामा, सुदूर पूर्वको लागि अन्तर्राष्ट्रिय सैन्य न्यायाधिकरणले हिदेकी तोजो र अन्य जापानी 'क' वर्गका युद्ध अपराधीहरूलाई इतिहासको स्थायी कलङ्कको निन्दा गऱ्यो, अन्तर्राष्ट्रिय न्यायलाई समर्थन गऱ्यो र युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्थाको लागि कानुनी जग खडा गऱ्यो।

जापानी नेताहरू जसले यासुकुनी मन्दिरको भ्रमण गर्छन् वा भेटी दिन्छन्, सारमा, टोकियो ट्रायलको फैसलालाई खुलमखुल्ला अस्वीकार गर्दै, ऐतिहासिक न्याय र मानवताको अन्तस्करणको विरुद्धमा आफूलाई राख्दै तथा दोस्रो विश्वयुद्ध र युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्थाको विजयलाई चुनौती दिइरहेका छन्। अन्तर्राष्ट्रिय समुदाय र विवेकका जनताले त्यस्ता कार्यको दृढतापूर्वक विरोध गर्छन्।

चीनको परराष्ट्र मन्त्रालय र जापानस्थित चिनियाँ दूतावासका प्रवक्ताले जापानको कार्यको कडा निन्दा गर्दै जापानी पक्षलाई आफ्नो आक्रामकताको इतिहासमा गहिरो चिन्तन गर्न, युद्धकालीन अपराधको सामना गर्न र सैन्यवादसँग सम्बन्ध विच्छेद गर्न आग्रह गरेका छन्।

दक्षिण कोरियाली सरकारले "गहिरो निराशा र पश्चात्ताप" व्यक्त गरेको छ, इतिहासको चौतर्फी सामना गर्नु नै दक्षिण कोरिया र जापानबीचको भविष्यउन्मुख सम्बन्ध निर्माणको मुख्य आधार हो।

मासाहिको शिमिजु र अत्सुशी कोकेत्सुलगायत जापानी विद्वानहरू र बुद्धिजीवीहरूले जापानी राजनीतिज्ञहरूले यासुकुनी मन्दिरको भ्रमण ऐतिहासिक दृष्टिकोणबाट पूर्ण रूपमा अस्वीकार्य भएको भनेका छन् र अर्को आक्रमणको युद्धको लागि मार्गप्रशस्त गर्ने खतरा औंल्याएका छन्।

यी प्रतिक्रियाहरूले आक्रामकतालाई सफा गर्ने र युद्ध अपराधीहरूलाई महिमा दिने प्रयासलाई जापानी आक्रमणबाट पीडित एसियाली देशका जनताले मात्र नभई जापानभित्रका शान्तिप्रिय मानिसहरूले पनि दृढतापूर्वक अस्वीकार गरेको स्पष्ट पार्छ।

जापानी सैन्यवादको आक्रामक अपराधको प्रमाण भारी छ। इतिहास पुनर्लेखन हुँदैन र न्यायको अपमान गर्नुहुँदैन। यदि जापानले इतिहासको लहरलाई अवहेलना गरिरह्यो र आफ्नो भ्रामक मार्गलाई पछ्यायो भने, यो एकपटक फेरि इतिहासको काँधमा फेला पर्नेछ, अन्तर्राष्ट्रिय समुदायले निन्दा गर्नेछ।

(झोङ शेङ एक कलमी नाम हो जुन प्राय: पिपुल्स डेलीले विदेश नीति र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा आफ्नो विचार व्यक्त गर्न प्रयोग गर्दछ।)

- पिपुल्स डेली अनलाइन
अनुवाद: प्रकाश

अन्तर्राष्ट्रिय फौजदारी अदालतमाथि अमेरिकी प्रतिबन्धको अर्थ

● क्रिस्टिन म्याग्युएर

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) का एकजना पूर्वन्यायाधीशलाई नोवेल शान्ति पुरस्कार प्रदान गरिएको केही घण्टापछि अमेरिकाले सो अदालतमाथि प्रतिबन्ध घोषणा गरेको छ। शुक्रबार दक्षिण अफ्रिकी न्यायाधीश नाभानेथम 'नाभी' पिल्लेलाई सो पुरस्कार विजेता घोषणा गरिएको थियो।

उनी हाल हेगमै रहेको 'अन्तर्राष्ट्रिय न्यायालय (इन्टरनेसनल कोर्ट अफ जस्टिस अर्थात् आइसिजे)' मा न्यायाधीश छिन्। पुरस्कारप्रदायक संस्था नोवेल समितिका अध्यक्ष जोर्गेन डब्लु फ्राइड्नेसले पुरस्कार घोषणा गर्दा अन्तर्राष्ट्रिय कानुनको प्रणाली 'अत्यधिक दबाबमा' रहेको समयमा त्यस्ता संस्थाप्रति समर्थन जनाउन पनि पिल्लेलाई पुरस्कार प्रदान गरिएको बताएका थिए।

शुक्रबार, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले आइसिसीलक्षित प्रतिबन्धको पछिल्लो शृङ्खला घोषणा गरे। यसपटकको प्रतिबन्ध विशेष गरी अदालत स्वयंमा केन्द्रित छ। आइसिसी सन् २००२ मा युद्ध अपराध, नरसंहार र मानवताविरुद्धका अपराधविरुद्ध मुद्दा चलाउन स्थापना गरिएको थियो। 'हामी यो अङ्कुशहीन अदालतसँगको कारोबारमा रोक लगाउनेछौँ। उनीहरूको स्रोत बन्द गर्नेछौँ। र, हामीविरुद्ध काम गर्ने उनीहरूको क्षमतालाई कमजोर बनाउनेछौँ। अमेरिका र अमेरिकी जनता यो नक्कली आइसिसीको क्षेत्राधिकारभित्र पर्दैनन्,' रुबियोले प्रतिबन्ध घोषणा गर्दा भनेका छन्।

ट्रम्प प्रशासन पहिले पनि आइसिसीले सदस्यता नभएका देशमाथि पनि कारबाही अघि बढाएर आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर काम गरेको आरोप लगाउँदै आएको छ। सन् २०२४ मा, गाजामा युद्ध अपराधका लागि इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र पूर्वरक्षामन्त्री योभ ग्यालेन्टविरुद्ध पक्राउपुर्जी जारी गर्दा ट्रम्प प्रशासनले सो अदालतको आलोचना गरेको थियो। यसअघि अदालतले अफगानिस्तानमा अमेरिकी सैनिकको गतिविधिविरुद्ध पनि अनुसन्धान सुरु गरेको थियो।

अमेरिका र इजरायल 'रोम विधान' का पक्षधर राष्ट्र होइनन्, जुन सन्धिले अदालतको क्षेत्राधिकार निर्धारण गर्छ। यद्यपि, यस सन्धिमा सामेल नभएका देशका नागरिकले आइसिसीको क्षेत्राधिकारभित्र पर्ने क्षेत्र वा देशमा कुनै दुर्व्यवहार वा अपराध गरे अभियोजनको सामना गर्नुपर्ने हुन सक्छ। पछिल्लो प्रतिबन्ध आइसिसीविरोधी अमेरिकी अभियानको पछिल्लो कडीमात्र हो। यसअघि अमेरिकाले आइसिसीका दर्जनौँ न्यायाधीश र अभियोजकदेखि अन्य अधिकारीमाथि प्रतिबन्ध लगाएको थियो।

पछिल्लो प्रतिबन्धको व्यावहारिक अर्थ : अदालतलाई लक्षित गरी लगाइएका यी प्रतिबन्धका कारण सो अदालतलाई सेवा प्रदान गर्ने कुनै पनि सेवाप्रदायक पनि कारबाहीको दायरामा पर्न सक्छन्। यसले अमेरिकामा रहेका आइसिसीको सम्पत्ति पनि रोक्का गर्नेछ। तथापि, अदालतसँग भइरहेका लेनदेन टुङ्ग्याउन अमेरिकी कम्पनीलाई ६ महिनाको समय दिइएको छ। साथै, केही विशेष कारोबारका लागि थप लामो समय छुट दिन सकिने उल्लेख छ।

लन्डनस्थित 'मिडिलसेक्स विश्वविद्यालय'मा अन्तर्राष्ट्रिय कानुन पढाउने प्राध्यापक विलियम साबासका अनुसार अमेरिकाले यस्तै कदम चाल्न सक्ने अनुमानमा आइसिसीले पछिल्लो एक वर्षभन्दा बढी समयदेखि 'वैकल्पिक योजना'मा काम गरिरहेको थियो। यसमा अमेरिकी कम्पनीका सफ्टवेयरको सट्टा युरोपेली विकल्प अपनाउने र अमेरिकासँग व्यापार गर्ने बिमा कम्पनी 'एक्सा' सँगको सम्बन्ध अन्त्य गर्नेजस्ता उपाय समावेश छन्।

'यी कदमको प्रभावकारिता अब परीक्षण हुनेछ। जे भए पनि अमेरिकी प्रतिबन्धका कारण आइसिसीले जटिल अवस्था भोग्नुपर्नेछ,' प्राध्यापक साबासले भने। आइसिसीमाथि प्रतिबन्ध लगाउने ट्रम्प सरकारको कदमप्रति अमेरिकाका मित्र शक्तिहरूले नै असन्तुष्टि जनाएका छन्। बेलायत, डेनमार्क, फ्रान्स, जर्मनी, इटाली, नेदरल्यान्ड्स, क्यानडा र जापानका



विदेशमन्त्रीले यी प्रतिबन्धसँग आफूहरू 'पूर्ण रूपमा असहमत' रहेको बताएका छन्।

साथै, तिनले यस कदमले आइसिसीमा पर्ने गम्भीर प्रभावबारे चेतावनी दिएका छन्। उता नेतन्याहुले भने सामाजिक सञ्जालमार्फत ट्रम्पको कदमका लागि धन्यवाद दिए। 'ट्रम्पले खासमा अमेरिकी र इजरायली युद्धअपराधीलाई सुरक्षाका लागि यस्तो कदम चालेका हुन्,' येल विश्वविद्यालयका वरिष्ठ फेलो तथा 'ह्युमन राइट्स वाच' का पूर्वकार्यकारी निर्देशक केनेथ रोथले अलजजिरालाई बताए।

अमेरिकाले आइसिसीलाई निसाना बनाएर कानुनको शासनमाथि खतरा उत्पन्न गरिदिएको केहीले चिन्ता व्यक्त गरेका छन्। तिनका अनुसार विधिको शासनको प्रत्याभूतिका लागि अन्तर्राष्ट्रिय अदालत र न्यायाधीकरण प्रतिबन्धको धम्कीविना सञ्चालन हुन सक्नुपर्छ। तथापि, राष्ट्रपति ट्रम्पले दोस्रो कार्यकाल सम्हालेयता अमेरिकाले पटक-पटक अन्तर्राष्ट्रिय कानुनलाई बेवास्ता गरेको छ।

फेब्रुअरीमा इजरायलसँग मिलेर इरानमा गरिएको संयुक्त आक्रमणका क्रममा अमेरिकी कानुन तथा राष्ट्रसङ्घको बडापत्रको धारा २(४) दुवैको उल्लङ्घन भएको पर्यवेक्षकले बताएका थिए। त्यसअघि जनवरीमा भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई उनको निवासबाटै अमेरिकी सेनाले गरेको अपहरणको पनि निन्दा गरिएको थियो।

ट्रम्प प्रशासनले पछिल्लो समय क्यारेबियन सागर र पूर्वी प्रशान्त क्षेत्रमा लागुऔषध तस्करीमा संलग्न भएको आरोपमा कैयौँ डुङ्गामाथि आक्रमण गर्दै आएको छ। यसमा २०० भन्दा बढी मानिस मारिएका छन्।

राष्ट्र सङ्घका मानव अधिकारविज्ञहरूले यस्ता कारबाहीलाई 'गैरन्यायिक र गैरकानुनी' भएको बताउँदै आएका छन्। त्यसबाहेक ट्रम्पले दोस्रो कार्यकाल सम्हालेयता अमेरिकाले विभिन्न अन्तर्राष्ट्रिय सङ्गठन र सम्झौताबाट आफूलाई अलग्ग गरिसकेको छ। तिनमा पेरिस जलवायु सम्झौताबाट बाहिरिनेदेखि लिएर हालसालै विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्बाट बाहिरिने कदम समावेश छन्।

(म्याग्युएर मध्यपूर्व, द्वन्द्व, भूराजनीति र मानव अधिकारमाथि कलम चलाउँछिन्) अलजजिराबाट

‘लङ मार्च’ का नब्बे वर्ष


✍ टिड्स चक र ग्रेस काओ



९० वर्ष अगाडि आजकै महिना ‘लङ मार्च’ (लामो अभियान) टुङ्गिएको थियो । सन् १९३६ अक्टोबर २२ को दिन चिनियाँ लालसेनाका पहिलो, दोस्रो र चौथो मोर्चा सेनाको मिलन भएको थियो । गान्सु र शान्सी भेट हुने पठारमा तिनको भेट भएको थियो । (ती स्थानलाई हुइनिङ र च्याङताइपाओ भनिन्छ ।) त्यो दिन ती मोर्चाका अन्तिम पल्टन पनि त्यो पठारमा आइपुगे । लगातार दुई वर्षसम्म लगातार लड्दै र हिँड्दै येनान आइपुगेको थियो चिनियाँ क्रान्ति । यस दौरान क्रान्तिले ९० हजार किमिभन्दा लामो दूरी पार गऱ्यो । १८ पहाड छिचोल्यो । २४ नदी तऱ्यो । शत्रुका लाखौँ सैन्य दस्तालाई पन्छ्याउँदै क्रान्ति येनान पुग्यो । कम्युनिस्टहरूले लामो यात्रा गरे । चीनको दक्षिणमा पर्ने च्याङ्सीदेखि हिँडेर उत्तरमा पर्ने शान्सीसम्म पुगे । १० हजार मानिस बसोबास गर्ने त्यो ससानो धुलाम्मे सहर अब प्रतिरोधको नयाँ मुकाम बन्यो ।

येनानमा सेना मात्र पुगेन । सन् १९३४ मा ८६ हजार मानिसले मध्य सोभियत क्षेत्र छोडेका थिए । तीमध्ये करिब ८ हजार यात्री मात्र यात्राको पुछारमा पुगे । “यस्तो दर्दनाक यात्रा आधुनिक इतिहासमा कसैले पनि गरेको थिएन” - अमेरिकी पत्रकार एडगर स्नोले आफ्नो प्रसिद्ध पुस्तक ‘चीनको आकाशमा रातो तारा’ मा लेखे । जतिसुकै जोडबल लगाए पनि शत्रु सेनाले लालसेनाको अनुभवलाई मेट्न सकेनन् । सन् १९३१ मा च्याङसीको रुइचिन भन्ने यस्ता प्रश्नले उतिबेलाको ग्रामीण चीनमा ठुलो अर्थ राख्थे ?

सोभियत गणतन्त्र वास्तवमा दोहोरो राज्यसत्ताको अभ्यास थियो । त्यहाँ पुरानो शत्रु राज्यसत्ताभित्र नयाँ वैकल्पिक राज्यसत्ता विकसित हुँदै थियो । यो राज्यसत्ताको आफ्नै सेना, कानुन र पैसा थियो । जस्तो, सन् १९३२ को फेब्रुअरीमा ‘गणतन्त्र’ को आफ्नै राष्ट्रिय बैङ्क स्थापना



ठाउँमा ‘चिनियाँ सोभियत गणतन्त्र’ को अभ्यास गरेका थिए । राज्यसत्ता हातमा लिनुभन्दा अगाडि नै चिनियाँ क्रान्तिले राज्यसत्ता निर्माणको अनुभव बटुलिसकेको थियो । त्यसक्रममा जगैबाट राज्य निर्माण गरिएको थियो ।

इनार खन्नेहरूलाई कहिल्यै नभुल्नू

पेइचिङबाट शासन गर्नुभन्दा धेरै अगाडिदेखि चिनियाँ कम्युनिस्टहरूले ग्रामीण भेगमा शासन चलाउन सिकेका थिए । सन् १९३१ को नोभेम्बर महिनामा क्रान्तिकारी आधार इलाकाबाट आएका ६१० प्रतिनिधिहरू रुइचिनको येपिङमा भेट भए । उनीहरू लालसेनाका साथै मजदुर र किसानका सङ्घ-सङ्गठनको प्रतिनिधित्व गर्दै त्यहाँ पुगेका थिए । तिनै प्रतिनिधिले चिनियाँ सोभियत गणतन्त्रको स्थापना गरेका थिए । देशव्यापी स्तरको चीनको पहिलो मजदुर र किसानको लोकतान्त्रिक सरकार थियो त्यो । त्यसले एउटा संविधानको खाका पनि कोरेको थियो । त्यस अनुसार सत्ता मजदुर, किसान र लालसेनामा अन्तरनिहित थियो । १६ वर्ष पुगेका सबैलाई मतदानको अधिकार प्रत्यायोजन गरिएको थियो । भूमिसुधार कार्यान्वयन गरियो । श्रम र विवाह कानुनको तर्जुमा गरियो । ग्रामीण भेगका जनताको हकमा यी ऐन-कानुनको ठुलो अर्थ थियो । जमिन जोत्नेको जमिन हुने कि नहुने ? महिलालाई लोग्ने रोज्ने अधिकार हुने कि नहुने ? गरिब परिवारको बच्चाले पाठशालामा पढ्न पाउने कि नपाउने ?

भयो । त्यसका पाँच सदस्य थिए । त्यसले आफ्नै मुद्रा पनि जारी गऱ्यो । एक युआनको नोटमा लेनिनको मुखाकृति थियो ।

कोमिन्ताङले आधार इलाकामाथि नाकाबन्दी लगायो । नुन, औषधि र लुगाफाटोको प्रवेश रोक्यो । दैनिक जीवन चलाउन मुस्किल भयो । त्यही भएर ‘विदेश व्यापार समिति’ ले चामल र टङ्स्टन धातुको व्यापार जारी राखे । एउटा सरकारी समाचार संस्थाको स्थापना भयो । ‘लालचीन’ को प्रकाशन भयो । सन् १९३४ सम्म आइपुग्दा त्यसको चार हजारभन्दा बढी प्रति वितरणमा गयो । सन् १९३४ को जनवरी महिनासम्म आइपुग्दा ‘चिनियाँ सोभियत गणतन्त्र’ मा ३ हजार ५२ वटा पाठशाला स्थापना भइसकेको थियो । तिनलाई ‘लेनिन पाठशाला’ भनिन्थ्यो । ती पाठशालामा ८९ हजार ७१० विद्यार्थी पढ्थे । स्कुल जाने उमेर समूहका लगभग आधा विद्यार्थीले पढ्ने मौका पाए । पुर्खाको स्मृतिमा निर्मित सामुदायिक भवनहरूमा ती पाठशाला चलाइएका थिए ।

निर्वाचन समितिले उम्मेदवारको नामावली प्रकाशित गर्थ्यो । उम्मेदवार चित्त नबुझे मतदाताले तिनलाई फिर्ता बोलाउन सक्ने गरी पुनः आह्वानको व्यवस्था थियो । एकपल्ट एउटा सानो सहरमा मतदाताहरूले उम्मेदवारलाई फिर्ता बोलाए । किनभने, उसले राम्रो जग्गामा आफ्नै हालिमुहाली चलाएको थियो । त्यस्तै चन्दा रकमको हिसाब देखाउन नसकेको हुनाले अर्को इलाकाको उम्मेदवारलाई पनि फिर्ता बोलाइएको थियो । क्रान्तिलाई परिभाषित गर्ने विधि सिकाउन कार्यकर्ताहरूको स्कुल चलाइयो । त्यसलाई जनकेन्द्रित विचार भनिन्थ्यो । ‘जनताबाट सिक, तिनका अनुभवलाई नीतिमा बदल र ती नीतिलाई विभिन्न सङ्गठन र गतिविधिमार्फत जनतालाई नै देऊ’ भनिन्थ्यो ।

माओ त्से तुङ शाचौपा भन्ने ठाउँमा बस्नुहुन्थ्यो । एउटा पुरानो कपुरको बोटमुनि उहाँको बसाइ थियो । गाउँलेहरूसँग तिनको दैनिक सुख-दुःखबारे उहाँ बरोबर कुराकानी गर्नुहुन्थ्यो । त्यहीबाट माओले खानेपानीको समस्या थाहा पाउनुभयो । गाईवस्तुले पानी खाने फोहर पोखरीबाटै गाउँलेहरूले पनि पिउन र खाना पकाउन पानी ल्याउँथे । माओले कार्यकर्ता र सैनिकहरूसँग पानीका अन्य स्रोतको खोजी गर्न भन्नुभयो । उहाँले इनार खन्न सकिने बताउनुभयो । त्यो भेगमा इनार खन्नुहुँदैन भन्ने अन्धविश्वास थियो ।



जनताको त्यो डरलाई चिर्दै तलमाथि भए आफूले जिम्मेवारी लिने भन्नुभयो । इनारको काम सुरु भयो । त्यो इनार आज पनि उस्तै छ । इनार नजिकै एउटा शिलालेख छ । त्यसमा लेखिएको छ - पानी पिउने बेला इनार खन्नेहरूलाई कहिल्यै नभुल्नू ।

‘लङ मार्च’ एउटा रणनीतिक प्रत्याक्रमण थियो । कोमिन्ताङले कम्युनिस्टहरूविरुद्ध ‘पाँचौँ घेराबन्दी’ चलाएपछि कम्युनिस्टहरूले त्यसको सामना गर्न नसकिने देखे । त्यसैले पछि हट्नु बाध्यता बन्यो । तर, उनीहरूसँग देशैभरि ‘सोभियत गणतन्त्र’ चलाएको अनुभव थियो । आफ्नै कानुन, मुद्रा, पाठशाला र शासनकलाको अनुभव थियो । ‘लङ मार्च’ कै बिचमा सन् १९३५ जनवरीमा कम्युनिस्ट पार्टीको चुनयी बैठक बस्यो । बैठकबाट चिनियाँ कम्युनिस्ट पार्टीभित्र माओ त्सेतुङको नेतृत्व स्थापित भयो ।

तीन किसिमको सत्ता

हाम्रो संस्था ‘ट्राइकन्टिनेन्टल’ ले तीन किसिमका सत्ताको विषयमा चर्चा गर्दै आएको छ - सामाजिक सत्ता, सरकारी सत्ता र व्यवस्थागत सत्ता । आपसमा मिलेर कुनै काम फत्ते गर्न र साझा चेतलाई आकार दिन सक्ने जनताको सङ्गठित खुबीलाई सामाजिक सत्ता भनिन्छ । सरकारी निकायमा प्रवेश गर्न र तिनलाई उपयोग गर्न सक्ने क्षमतालाई सरकारी सत्ता भनिन्छ । राज्यको वर्गचरित्रलाई रुपान्तरण गर्ने र उत्पादनका साधन एवम् समाजको अतिरिक्त उपजलाई लोकतान्त्रिक संरक्षणभित्र ल्याउन सक्ने खुबीलाई व्यवस्थागत सत्ता भनिन्छ । यी सत्ताहरूको ठुलो अर्थ छ । किनभने, निर्वाचनमा विजयी हुनुलाई मात्र क्रान्ति मान्न सकिन्न र संस्थागत विकासबिना सामाजिक आन्दोलन जारी राख्न मुस्किल छ ।

रुइचिन र येनानमा माथि भनिएका तीन किसिमका सत्ताको निर्माण भएको पाइन्छ । एकदम कठिन अवस्थामा समेत सत्ताका यी तीन रुपलाई एकै प्रक्रियामा समाहित गरिएको थियो । सामाजिक सत्ता निर्माण गर्नका लागि १० हजारभन्दा बढी सहकारीहरू चलाइएको थियो । महिलाहरूका सङ्घ-सङ्गठन थिए । तिनले किसानहरूबिच साक्षरता अभियान चलाए; तिनलाई अक्षर चिनाए । राम्रा कार्यकर्ता तयार पार्न राजनीतिक कक्षाहरू चलाइयो । सरकारी सत्ता निर्माण गर्न सोभियत सभाहरू आयोजना गरियो । संविधान तर्जुमा भयो । भूमि, श्रम, वित्त र शिक्षा मन्त्रालयहरू बनाइयो । यी सबै निकाय सिधै जनताप्रति जवाफदेही थिए । व्यवस्थागत सत्ता निर्माण गर्न भूमिको पुनर्वितरण गरियो । जमिनदारी प्रथा अन्त्य गरियो । दैनिक ८ घन्टा कामको व्यवस्था गरियो । ज्याला सबैलाई समान थियो । वित्त व्यवस्थालाई क्रान्तिकारी नेतृत्वअन्तर्गत राख्न एउटा बैङ्कको स्थापना गरियो ।

आधार इलाकाहरूमा सामाजिक सङ्घ-संस्था, सेना, प्रशासन, भूमिसुधार र नयाँ राजनीतिक निकायहरूको निर्माण गरियो । यी सबै मिलेर पुरानो व्यवस्थालाई चुनौती दिन थाले । यसलाई दोहोरो सत्ताको रणनीति भनियो । यसमा सत्तालाई एउटा प्रक्रियाको रुपमा बुझिन्थ्यो । आफ्नो जीवनलाई आकार दिने जनताको क्षमता कति बढ्यो ? यसकै आधारमा ती प्रत्येक संस्थाको मूल्याङ्कन गरिन्थ्यो ।

नब्बे वर्षपछि पनि दक्षिणी गोलार्द्धका देशहरूले रुइचिनबाट किन सिक्नुपर्छ ?

किनभने, दक्षिणी गोलार्द्धका धेरै देशले पाएको सत्ता उपनिवेशवादको विरासत हो । उपनिवेशवादी देशले छोडेर गएका सिमाना, कर प्रणाली र राज्यका दमनकारी निकाय वास्तवमा शोषण र दोहनका औजार थिए । उपनिवेशवादबाट औपचारिक रुपमा मुक्त भए पनि कच्चा पदार्थ, वैदेशिक वित्त र ऋणको वरिपरि घुम्ने पुरानो अर्थ व्यवस्था विघटन भएको छैन । दक्षिणी गोलार्द्धका देशहरूको सार्वभौमसत्तालाई अन्तर्राष्ट्रिय मुद्राकोष, आर्थिक प्रतिबन्ध, अमेरिकी डलर र थोत्रा व्यापार सम्झौताले सीमित पारिराखेको स्थिति छ ।

तसर्थ, सार्वभौमसत्ता सङ्घर्षको वास्तविक मोर्चा हो । कुनै पनि रुपान्तरणकारी कार्यक्रम चलाउनका लागि सार्वभौमसत्ता एक पूर्वसर्त हो । सार्वभौमसत्ता आवश्यक त छ तर त्यति भएर मात्र पनि पुग्दैन । उत्पादन सम्बन्ध नफेरी भन्डामात्र फेरेर केही हात लाग्दैन । भन्डा मात्र फेर्दा पुराना शासकहरूको ठाउँमा स्वदेशी दलाल वर्ग स्थापित हुन्छन् । त्यत्ति हो । साम्राज्यवादविरोधी सङ्घर्ष र वर्गसङ्घर्षलाई एकै प्रक्रियाका दुई पाटाको रुपमा हेर्नुपर्छ ।

यहीनिर रुइचिनको अर्थ खुल्छ । किनभने, त्यसले औपनिवेशिक कब्जाबिच चलाइएको एउटै आन्दोलनले पनि माथिका दुवै कार्यभार पूरा गर्नसक्छ भनेर देखाइदियो । साथै, रुइचिनको अभ्यासले अरूको अनुभवबाट सिक्ने कुरा कसैको अन्ध नक्कल मात्र हुनु हुँदैन भनेर सिकाउँछ । मस्कोबाट सिकौँ वा संसारका अन्य क्रान्तिकारी अनुभवबाट सिकौँ । त्यो देखासिकी मात्र हुनु हुँदैन । सन् १९३० मा सुन्हू काउन्टीको अध्ययनपछि माओले लेख्नुभयो, “छानबिन नगरी बोल्ने अधिकार कसैलाई छैन ।” पुस्तक-पुजाविरुद्ध तर्क दिने क्रममा उहाँले यो विचार राख्नुभएको थियो । यो तर्कभित्र गहकिलो कुरा छ - प्रत्येक व्यक्तिलाई आफ्नो अवस्थाका आधारमा आफै सोच्ने हक छ र उसले सोच्नु पनि पर्छ ।

क्रान्तिको शिशुशाला

‘लङ मार्च’ लाई चीनमा पछि हटाइका रुपमा मात्र स्मरण गरिन्न । बरु यसलाई जग राखेको अर्थमा लिइन्छ । येनानमा क्रान्तिको मुना हुर्किएको । पछि त्यो राष्ट्रिय प्रतिरोध सङ्घर्षको मुख्यालयमा फेरियो । त्यसले सन् १९४९ अक्टोबर १ मा ‘जनगणतन्त्र चीन’ स्थापना गर्ने ढोका खोल्यो । नब्बे वर्षअघि थाकेका तर कठिनाइले इस्पात बनेका सिपाहीहरू येनान पुगेका थिए । त्यसको झन्डै एक दशकभित्र तिनले देशका करोडौँ किसानलाई परिचालन गरे । १२ लाख सदस्य भएको पार्टी निर्माण गरे । १० लाख सैनिक भएको सेना बनाए । चीनमा शासन सञ्चालन गर्ने राजकीय निकायहरू र विचारधारालाई जन्म दिए ।

यही पृष्ठभूमिबाट एउटा भौतिक आवश्यकता जन्मियो । रुइचिनको विकास ढिलो भयो । पुरानो मध्य सोभियत इलाका विकट क्षेत्र थियो । तर, क्रान्तिको पनि शिशुशाला थियो । ढिलै सही त्यहाँ आज सडक, उद्योग र जनसेवाका पूर्वाधारको निर्माण हुँदै छ । सन् १९४९ मा क्रान्ति भयो । तर, रुइचिन विकट रहिरह्यो । भनिन्छ, (माओदेखि चाउ एनलाइसम्म) पहिलो पुस्ताका सबै नेताले त्यहाँ फर्किन नपाएकोमा सधै थकथकी पोखिरहे । सन् २०१२ को जून महिनामा चीनको राज्यपरिषद्ले रुइचिनको विकासलाई राष्ट्रिय दायित्व घोषणा गऱ्यो । केन्द्रीय मन्त्रालयहरूलाई त्यहाँका विभिन्न काउन्टीसँग प्रत्यक्ष जोडियो । त्यहाँका आवासहरूको मर्मतसम्भार सुरु भयो ।

रुइचिनको येपिङ क्षेत्रमा पर्ने ह्वावुमा १७ वटा सल्लाका रुख रोपिएका छन् । त्यो अर्थपूर्ण छ । त्यहाँका १७ छोराछोरी लालसेनामा भर्ती भएका थिए तर कहिल्यै फिर्ता आएनन् । दशकौँसम्म तिनका जहानपरिवार तिनै रुखका आसपास दरिद्रतामा बाँचिरहे । सन् २०१२ को नीतिले १० वर्ष टेक्दा गरिबीको रेखामुनि बाँचिरहेका गानचौ क्षेत्रका साढे १९ लाख मानिस गरिबीमुक्त भइसकेका छन् । ह्वावुका १७ परिवारहरू पनि गरिबीको कहरबाट मुक्त भएका छन् । यो गाउँमा आज विश्वका विभिन्न भागबाट दर्शौँ हजारको सङ्ख्यामा पर्यटक आउँछन् । अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका धेरै विद्वानले रुइचिनको भ्रमण गरेका छन् । ग्लोबल साउथ एकेडेमिक फोरमको क्षेत्रीय शाखा गानानमा अध्ययन गर्नका लागि उनीहरू त्यहाँ जाने गर्छन् ।

रुइचिन स्मारक सङ्ग्रहालयमा एउटा शिलालेख छ । त्यहाँ लेखिएको छ - ‘जनगणतन्त्र यहीँ जन्मेको थियो । जनगणतन्त्र चीनले आफू कहाँबाट आएको हुँ भन्ने बिर्सेको छैन ।’

‘लङ मार्च’ को समापन आज विश्व इतिहासमा स्थापित तथ्य बनेको छ । दक्षिणी गोलार्द्धले यसलाई आफ्नो सामूहिक स्मृतिमा जोडेको छ । त्यो स्मृति भन्छ - दोहोरो सत्ताको अनुभव बोकेर एउटा थकित सेना उत्तर चीन पुग्यो र त्यसैका जगमा नौलो संसार निर्माण भयो ।

नौलो संसार निर्माण गर्ने शक्ति वा सत्ता कुनै संसद् वा राजदरबारमा कैद छैन । बरु, आफ्ना कामकारबाहीलाई आकार दिने, आफ्नो समुदायहरूको नेतृत्व गर्ने, नेताहरूलाई जवाफदेही बनाउने र आफ्नो साझा भविष्य आफै तय गर्ने साधारण जनताको बढ्दो क्षमता नै त्यो शक्ति हो, जसले नौलो संसार सिर्जना गर्न सक्छ । गानानका गाउँहरूमा, एसियाका विभिन्न युनियन र सहकारीहरूमा अथवा पुरानो व्यवस्थाका सीमाभित्र कैद हुन नमान्ने संसारका कुनै पनि आन्दोलनमा आज यस्तै क्षमताको निर्माण हुँदै छ । जहाँजहाँ यस्तो क्षमताको निर्माण हुँदै जान्छ, त्यहाँ त्यहाँ ‘लङ मार्च’ चलिरहनेछ ।

(टिड्स चक ‘ट्राइकन्टिनेन्टल : सामाजिक अध्ययन संस्थान’ का उपनिर्देशक हुन् । उनी ‘वेनहाउ चोङहेङ’ का सम्पादक समेत हुन् ।
ग्रेस काओ ‘वेनहाउ चोङहेङ’ का परियोजना प्रबन्धक हुन् ।
स्रोत : एमआर अनलाइन । सम्यक)

४६ औं नेपालभाषा साहित्य तःमुंज्याका केही झलकहरू





























सन्दर्भ : जोन रिड जन्म दिवस (अक्टोबर २२)

संसारलाई अक्टोबर क्रान्ति चिनाउने पत्रकार जोन रिड

क्रान्तिकारी पत्रकार जोन रीडको जन्म सन् १८८७ को अक्टोबर २२ का दिन संरा अमेरिकाको ओरिगनमा एक धनी परिवारमा भएको थियो । उनका बुबा चार्ल्स जेरोमी रीड व्यापारी एवम् समाजसेवी थिए । उनी थियोडोर रुजवेल्टका प्रशंसक थिए । क्याम्पस जीवनमा रीड पौडीबाज समूह र नाट्यमण्डलीका सदस्य थिए । उनी 'हवार्ड मासिक' एवं 'लामपुन' को सम्पादकमण्डल सदस्य पनि थिए । उनी कवि तथा कुशल वक्ता थिए । सन् १९१० मा हवाई विश्वविद्यालयमा पढाइ सकिएपछि रीड बेलायत र स्पेनको भ्रमणमा निस्के । भ्रमणपछि संरा अमेरिका फर्केलगत्तै उनले वामपन्थी पत्रिकामार्फत पत्रकारिता सुरु गरे । उनले काम गरेका पत्रिकाहरूमध्ये प्रभावशाली समाजवादी पत्रिकाहरू 'नयाँ समीक्षा' र 'जनता' पनि पर्दछन् । सन् १९१३ मा रीडले आफ्नो पहिलो कवितासङ्ग्रह 'सानगर' प्रकाशित गरे ।

न्यु जर्सीको पाटरसनका रेशम मजदुरहरूलाई हडताल गर्न उक्साएको आरोपमा उनलाई गिरफ्तार गरियो । उनले चार वर्ष जेलमा बिताए । त्यसपछि उनले कामदार जनताको पक्षमा 'पाटरसन हडतालका नायक' पुस्तक लेखे । त्यसपछि पनि हडताल गर्न उक्साएको भन्दै उनलाई पटक-पटक गिरफ्तार गरियो । सन् १९१० दशकको प्रारम्भिक वर्षहरूमा रीड मेक्सिकाली क्रान्तिको समाचार सङ्कलन गर्न मेक्सिको पुगे । उनी चार महिना मेक्सिकोको पञ्चो भिल्लामा बसे ।

मेक्सिकाली क्रान्तिकारी सङ्घर्षको बारेमा उनले लेखेका पुस्तक 'द्वन्द्वग्रस्त मेक्सिको' सन् १९१४ मा प्रकाशित भयो । प्रथम विश्वयुद्धको समयमा जोन रीडले 'महानगर पत्रिका' को युद्ध संवाददाताको रूपमा काम गरे । त्यतिबेला वामपन्थी विचार बोकेका उनका कतिपय समाचारहरू छापिएनन् । सो क्रममा उनले जर्मनी, सर्बिया, रोमानिया, बुल्गेरिया, रुसलगायतका देशहरूमा भएका युद्धहरूको समाचार सम्प्रेषण गरे । त्यसै अवधिमा आधारित भएर लेखिएको पुस्तक 'पूर्वी युरोपको युद्ध' सन् १९१६ मा प्रकाशित भयो । उनले त्यतिबेला जे देखे, त्यसले उनलाई निराश तुल्यायो किनभने त्यहाँ क्रान्तिकारी उत्साह थिएन । आफ्नो एउटा मिर्गौलाको शल्यक्रिया गर्न उनी अमेरिका फर्के । सन् १९१६ मा उनले उड्रो विल्सनलाई समर्थन गरेर देशलाई युद्धमा धकेल्ने काला शक्तिहरूबाट सचेत रहन चेतावनी दिए । तर, उनी जे होला भनी डराएका थिए, त्यही



विल्सनले जर्मनीविरुद्ध युद्ध घोषणा गरे ।

सन् १९१७ मा रीडले पत्रकारका लुइस ब्रान्टसँग विवाह गरे । संरा अमेरिकामा एकजना पत्रकारका रूपमा रीडको कमाइ राम्रै थियो तर उनी रुस जान चाहन्थे । मार्क्स इस्टम्यान र अरु केही साथीहरूको सहयोगमा उनले रुसमा जान पैसा जम्मा गरे । सन् १९१७ को शरद्मा उनी आफ्नी श्रीमती ब्रान्टसँग सेन्ट पिटर्सवर्ग पुगेर 'जनता' पत्रिकाको लागि रुसी सङ्घर्षबारे समाचार सम्प्रेषण गरे । रुसमा बेल्शेविकहरूसँग उनको परिचय उनका कम्युनिस्ट पक्षीय र युद्धविरोधी लेखहरूमार्फत भयो । यसै समयमा रुसमा भएको समाजवादी क्रान्तिमा आधारित रहेर 'संसारलाई हल्लाइदिएका ती दस दिन' पुस्तक लखे । यो पुस्तक विश्व प्रसिद्ध बन्यो ।


सन् १९१८ मा उनले वाल्ट विट्म्यानबाट प्रभावित भएर महत्त्वाकाङ्क्षी कविताहरू 'अमेरिका' लेखे । त्यसै समयमा उनी राजनीतिमा सक्रियतापूर्वक लागे । सन् १९१९ मा उनले नयाँ कम्युनिस्ट पत्रिकाका निम्ति लेख्न थाले र 'मजदुर आवाज' को सम्पादन गर्न थाले । त्यो वर्षको गर्मी याममा शिकागोमा भएको अमेरिकाका समाजवादी पार्टीहरूको सम्मेलनमा सहभागी बने । त्यो सम्मेलनमा भद्रगोल भयो र दुईवटा कम्युनिस्ट पार्टी गठन भयो । त्यसमध्ये कम्युनिस्ट कामदार पार्टीका रीड स्वयम् एकजना नेता थिए । आफ्नो पार्टीको आधिकारिकताको निम्ति उनले 'कम्युनिस्ट अन्तर्राष्ट्रिय' सँग सम्पर्क राख्नुपर्ने महसुस गरे । त्यसपछि उनी रुस पुगे । शरद्मा उनले फिनल्यान्डको खाडी हुँदै तुर्कु पुगे । त्यहाँबाट उनी फिनल्यान्डको राजधानी हेलसिन्की पुगे । त्यहाँ उनको सम्पर्क लेखिका हिल्ला उलिजोकीसँग भयो । उनको लिडिया स्टालसँग पनि भेट भयो । स्टालपछि फ्रान्समा रुसी गुप्तचरको आरोपमा गिरफ्तार गरिए । तिनी भूमिगत फिनिस कम्युनिस्ट सङ्गठनसँग नजिक थिइन् । रीड र तिनको सहकार्य जीवनभर चालू रह्यो ।

सन् १९१७-१८ को छोटो समयमा रीडले फिनल्यान्डको भ्रमण गरेका थिए । तर, सन् १९१९ मा फर्किंदा फिनिस अधिकारीहरूले सिमाना आवतजावतमा कडा जाँच गर्न थाले र विदेशी एवं क्रान्तिकारीहरूमाथि कडा निगरानी राख्न थालियो । त्यो वर्षको नोभेम्बरमा रीड रुसमा थिए र उनले सोभियत नेता लेनिनसँग पटकपटक भेटे । लेनिनलाई उनले 'संसारलाई हल्लाइदिएका ती दस दिन' पुस्तक दिए । लेनिनले सो पुस्तकको खुला हृदयले प्रशंसा गरे । उनी लाटभिया हुँदै रुसबाट बाहिर जान खोज्दै थिए तर सो क्षेत्रमा क्रान्तिकारीहरू र प्रक्रियावादीबिच सङ्घर्षका कारण फर्कन सकेनन् । उनी फिनल्यान्ड हुँदै फर्किने क्रममा पक्राउ परे । चोरी निकासीको आरोपमा उनलाई फिनल्यान्डले मुद्दा चलायो तर संरा अमेरिकी आग्रहअनुसार उनलाई अमेरिका पठाइयो । त्यहाँ उनीमाथि 'आपराधिक अराजकता' को आरोप थोपरियो । जेलमा उनले कविताहरू लेखे र उपन्यासहरू लेख्न आरम्भ गरे, तर ती कुनै उपन्यास पूरा हुन सकेनन् । जूनमा उनलाई रिहा गरियो । उनी पुनः सेन्ट पिटर्सवर्ग पुगे । उनले तुर्कुमा तीन महिना आराम गरे ।

सन् १९१७ मा रीडले पत्रकारका लुइस ब्रान्टसँग विवाह गरे । संरा अमेरिकामा एकजना पत्रकारका रूपमा रीडको कमाइ राम्रै थियो तर उनी रुस जान चाहन्थे । माक्स इस्टम्यान र अरु केही साथीहरूको सहयोगमा उनले रुसमा जान पैसा जम्मा गरे । सन् १९१७ को शरद्मा उनी आफ्नी श्रीमती ब्रान्टसँग सेन्ट पिटर्सवर्ग पुगेर 'जनता' पत्रिकाको लागि रुसी सङ्घर्षबारे समाचार सम्प्रेषण गरे । रुसमा बोल्शेविकहरूसँग उनको परिचय उनका कम्युनिस्ट पक्षीय र युद्धविरोधी लेखहरूमार्फत भयो । यसै समयमा रुसमा भएको समाजवादी क्रान्तिमा आधारित रहेर 'संसारलाई हल्लाइदिएका ती दस दिन' पुस्तक लखे । यो पुस्तक विश्व प्रसिद्ध बन्यो ।

सन् १९१८ मा उनले वाल्ट विट्म्यानबाट प्रभावित भएर महत्त्वाकाङ्क्षी कविताहरू 'अमेरिका' लेखे । त्यसै समयमा उनी राजनीतिमा सक्रियतापूर्वक लागे । सन् १९१९ मा उनले नयाँ कम्युनिस्ट पत्रिकाका निम्ति लेख्न थाले र 'मजदुर आवाज' को सम्पादन गर्न थाले । त्यो वर्षको गर्मी याममा शिकागोमा भएको अमेरिकाका समाजवादी पार्टीहरूको सम्मेलनमा सहभागी बने । त्यो सम्मेलनमा भद्रगोल भयो र दुईवटा कम्युनिस्ट पार्टी गठन भयो । त्यसमध्ये कम्युनिस्ट कामदार पार्टीका रीड स्वयम् एकजना नेता थिए । आफ्नो पार्टीको आधिकारिकताको निम्ति उनले 'कम्युनिस्ट अन्तर्राष्ट्रिय' सँग सम्पर्क राख्नुपर्ने महसुस गरे । त्यसपछि उनी रुस पुगे । शरद्मा उनले फिनल्यान्डको खाडी हुँदै तुर्कु पुगे । त्यहाँबाट उनी फिनल्यान्डको राजधानी हेलसिन्की पुगे । त्यहाँ उनको सम्पर्क लेखिका हिल्ला उलिजोकीसँग भयो । उनको लिडिया स्टालसँग पनि भेट भयो । स्टालपछि फ्रान्समा रुसी गुप्तचरको आरोपमा गिरफ्तार गरिए । तिनी भूमिगत फिनिस कम्युनिस्ट सङ्गठनसँग नजिक थिइन् । रीड र तिनको सहकार्य जीवनभर चालू रह्यो ।

सन् १९१७-१८ को छोटो समयमा रीडले फिनल्यान्डको भ्रमण गरेका थिए । तर, सन् १९१९ मा फर्किंदा फिनिस अधिकारीहरूले सिमाना आवतजावतमा कडा जाँच गर्न थाले र विदेशी एवं क्रान्तिकारीहरूमाथि कडा निगरानी राख्न थालियो । त्यो वर्षको नोभेम्बरमा रीड रुसमा थिए र उनले सोभियत नेता लेनिनसँग पटकपटक भेटे । लेनिनलाई उनले 'संसारलाई हल्लाइदिएका ती दस दिन' पुस्तक दिए । लेनिनले सो पुस्तकको खुला हृदयले प्रशंसा गरे । उनी लाटभिया हुँदै रुसबाट बाहिर जान खोज्दै थिए तर सो क्षेत्रमा क्रान्तिकारीहरू र प्रक्रियावादीबिच सङ्घर्षका कारण फर्कन सकेनन् । उनी फिनल्यान्ड हुँदै फर्किने क्रममा पक्राउ परे । चोरी निकासीको आरोपमा उनलाई फिनल्यान्डले मुद्दा चलायो तर संरा अमेरिकी आग्रहअनुसार उनलाई अमेरिका पठाइयो । त्यहाँ उनीमाथि 'आपराधिक अराजकता' को आरोप थोपरियो । जेलमा उनले कविताहरू लेखे र उपन्यासहरू लेख्न आरम्भ गरे, तर ती कुनै उपन्यास पूरा हुन सकेनन् । जूनमा उनलाई रिहा गरियो । उनी पुनः सेन्ट पिटर्सवर्ग पुगे । उनले तुर्कुमा तीन महिना आराम गरे ।



"संसारलाई हल्लाएका ती दस दिनहरू" पुस्तकको आवरण

- *'चार अन्तर्राष्ट्रवादी पत्रकारहरू' बाट*

नेपालभाषा साहित्य तःमुंज्या जनताको साझा दबु



भक्तपुर । 'जनता म्वा:सा भाषा म्वाइ' अर्थात् जनता बाँचे भाषा बाँच्छ भन्ने मूल नाराका साथ नेपाल संवत् ११०० देखि सुरु भएको नेपालभाषा साहित्य त:मुंज्याको ४६ औं शृङ्खला कार्तिक ६ र ७ गते सभ्य र भव्य रूपमा सम्पन्न गर्न आह्वान गर्दै बिहीबार त:मुंज्या आयोजनास्थल गोल्मढी यातायात सुकुन्दा च्याली निकालियो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई, भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी र आयोजक समितिका अध्यक्ष उकेश कवांले संयुक्त रूपमा सुकुन्दामा दीप प्रज्ज्वलन गरी च्यालीको शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले त:मुंज्यालाई सभ्य र भव्य रूपमा सफल पार्न प्रत्येक वर्ष सुकुन्दा च्याली आयोजना गरिँदै आएको चर्चा गर्दै त:मुंज्या सबैका लागि चाडपर्वजस्तै बनिसकेको धारणा राख्नुभयो ।

त:मुंज्या भक्तपुरको संस्कृतिमा थप आयामका रूपमा स्थापित भइसकेको उल्लेख गर्दै उहाँले सबैलाई हर्षोल्लासपूर्वक कार्यक्रममा सहभागी हुन अनुरोध गर्नुभयो ।

आयोजक समितिका अध्यक्ष उकेश कवांले नेपालभाषा साहित्य त:मुंज्या सम्पूर्ण जनताको साझा दबु भएकोले यसमा जनपक्षीय साहित्य तथा सांस्कृतिक विधालाई कुनै भेदभावविना समावेश गरिँदै आएको उल्लेख गर्दै त:मुंज्या साहित्यिक अभियानमात्र नभई वर्गीय तथा राजनीतिक विचारबाट प्रेरित अभियान भएको बताउनुभयो ।

त:मुंज्याको सफलताका लागि व्यापक प्रचारप्रसार गर्ने र सबै नेपालीमा शुभकामना व्यक्त गर्ने उद्देश्यले सुकुन्दा च्याली आयोजना गरिएको उहाँले बताउनुभयो ।

धिमाय् बाजासहित ठुलो आकारको सुकुन्दा खर्पनमा बोकेर गोल्मढीबाट सुरु भएको च्याली गाईजात्राको प्रदर्शन मार्ग हुँदै नगर परिक्रमा गरी पुनः गोल्मढी यातामै पुगेर समापन भएको थियो ।

कार्यक्रमको समापनमा आयोजक समितिका उपाध्यक्ष कृष्णगोविन्द खाइजुले पनि बोल्नुभएको थियो ।

कविता

सूची लामै छ

✍ स्नेह

साथी,
जनताको चुल्हो बल्दैन
यहाँ सिंहदरबार बल्छ
यहाँ पेट्रोल बम छ
तर दमकल छैन
शीतल निवास र
बालुवाटार, संसद् भवन
सर्वोच्च अदालत जल्दा
निभाउने छैन ।

साथी,
यहाँ शासक दल छन्
पालैपालो प्रधानमन्त्री बन्ने
देश जलाइँदा
कुलेलम ठोक्नेहरू
देशघातीहरू र
विश्वासघातीहरूको
सूची लामै छ ।

साथी,
विदेशीका कठपुतली बन्ने
नेपालका नदी साझा र
कम्फोर्टेबल सरकार
भन्नेहरू
विदेशी गुप्तचर भेट्नेहरू
नेपाललाई भुटान अनि
सिक्किम बनाउने भन्नेहरू
नयाँ पुराना दलहरूको
सूची पनि लामै छ ।
(२०८३ कार्तिक ८ गते)

सन्दर्भ : भारतमा "एसआईआर" विरूद्ध प्रदर्शन

साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – ४४

✍ रामरतन चौधरी

२०२६ जून-जुलाईमा भारतमा भएको युवा-विद्यार्थीको आन्दोलनपछि तत्कालीन शिक्षामन्त्री धर्मेन्द्र प्रधान राजीनामा दिन बाध्य भए । उनको राजीनामा पछि प्रश्नपत्र लिकको विषयलाई लिएर दिल्लीको जन्तरमन्तरमा भएको प्रदर्शन केही मत्थर त भयो तर प्रश्नपत्र चुहावटको समस्या समाधान भएन । केही विश्लेषकहरू भन्छन्- "सुरुको आन्दोलन धर्मेन्द्र प्रधानको राजीनामाबाट बढेर शिक्षा व्यवस्थामा परिवर्तनको मागमा परिणत हुँदै फासीवादी सरकारविरुद्ध व्यापक जनआन्दोलनको रूप लिन सक्ने थियो तर कक्रोच जनता पार्टी र केही लोकप्रियतावादमा रमाउने पार्टीहरूका कारण यो आन्दोलन सम्झौतामा गएर टुङ्गियो ।"भारतका वामपन्थी भनिने केही राजनीतिक दलहरूसमेत मुख्य मुद्दाहरूबाट विचलित भएर लोकप्रियतावादमा अल्झिएको विश्लेषकहरूको मत छ ।

कक्रोच जनता पार्टीले उठाएको आन्दोलनको चरित्र क्रान्तिकारी थिएन । यो त लोकप्रियतावाद, सुधारवाद र संविधानवादमै सीमित थियो र छ । सिजेपीले हर मुद्दामा बोल्ने गर्दछ तर वास्तविक मुद्दा उठाउने बेलामा पन्छिने गरेको देखिन्छ । वास्तवमै क्रान्तिको उभार आउने देखियो भने यसले क्रान्ति रोक्नको निम्ति सम्झौतापरस्त काम गर्न सक्ने विश्लेषकहरू बताउँछन् ।

मोदी शासनकाल र भाजपाको चरित्र

मोदी शासनमा भारतको शिक्षा आम जनताको पहुँचमा छैन । भारतका करिब ९४ हजार विद्यालय बन्द छन् । विश्वविद्यालयको सार्वजनिक अनुदान भारी मात्रामा कटौती गरिनुका साथै शुल्क वृद्धि गरेर विद्यार्थीहरूसँग मोटो रकम असुली गरिँदै छ । महँगी, गरिबी चरम अवस्थामा रहेको छ । अर्थशास्त्रीहरूका अनुसार भारतका करिब ३० करोड जनता बेरोजगार छन् । अम्बानी, अडानी, टाटालगायतका मुट्ठीभर पुँजीपतिहरूको हातमा भारतको रेल, एयर इन्डियालगायतका कम्पनीहरू पुगेका छन् । मोदी सरकारले भारतको प्राकृतिक स्रोत-साधनहरू पनि सस्तो दाममा पुँजीपतिहरूको हातमा सुम्पँदै छ । यसले भारतीय जनताबिच आर्थिक असमानताको खाडल झन्झन् बढाउँदै छ । यस्तो अवस्थामा भाजपाले धर्म र राजनीतिलाई घोलेर साम्प्रदायिक फासीवादको विष जनतालाई पिलाइरहेको छ । यसैको विरोधमा जनअसन्तोष सडकमा छचल्किएको हो । यसैलाई अवसरको रूपमा लिएर साम्राज्यवादीहरूले 'छद्मयुद्ध' सञ्चालन गरिरहेको अङ्कल भूराजनीतिका विश्लेषकहरूले काट्दै छन् ।

'एसआईआर' (Special Intensive Revision) विरूद्ध प्रदर्शन

अहिले भारतमा पुन: प्रदर्शन अगाडि बढिरहेको देखिन्छ । मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले राजीनामा दिनुपर्ने माग राख्दै भारतका सडकहरूमा निरन्तर प्रदर्शन भइरहेका छन् । भारतका ९० भन्दा बढी सहरमा विरोध प्रदर्शन र ज्यालीहरू देखा परे । भारतीय काङ्ग्रेस पार्टीका राहुल गान्धी, वामपन्थी विद्यार्थी सङ्गठन र नागरिक अधिकार समूहहरूले पनि अलग अलग रूपमा यो विषयलाई उठाइरहेका छन् । भारतका किसान, मजदुर, युवा-विद्यार्थी प्रदर्शनमा सहभागी भइरहेका छन् ।

२०२६ अक्टोबर २ को दिन मुम्बईको ऐतिहासिक शिवाजी पार्कमा हजारौँ युवाहरू भेला भएर एसआइआरविरुद्ध प्रदर्शन गरे । अक्टाबेर ८ का दिन बैङ्लोरको फ्रिडम पार्कमा प्रदर्शन भयो । सो प्रदर्शनमा भारतका चर्चित युट्युवर ध्रुव राठी देखा परे । उनी जर्मनीमा बसेर युट्युवमा कार्यक्रम सञ्चालन गर्थे । पछि भारतीय सुरक्षाकर्मीले उनलाई गुडगाउँस्थित आफ्नै घरमा सुतिरहेको बेला पक्राउ गरेर लगेको थियो भने भोलिपल्ट रिहा भएका थिए । बैङ्लोरमा उनले "आफू भारतमा सत्ता परिवर्तन गर्न आएको होइन, आफूलाई एलन मस्क र जर्ज सोरोसले फन्डिङ गरेर पठाएको पनि होइन, आफ्नै पैसाले आफ्नै टिकटमा जर्मनीबाट भारत आएको" बताए । तर, संयोगवश उनी भारत आउँदै गर्दा एलन मस्कले भारतमा स्टार लिङ्क चलाउने लाइसेन्स नपाएको झोंक पोखिरहेका थिए । उनले आफ्नो स्वामित्वमा रहेको सामाजिक सञ्जाल 'एक्स' मा भारतका खर्बपति मुकेश अम्बानीलाई 'भारतका प्रधानमन्त्री' भनेर व्यङ्ग्यात्मक टिप्पणी गरेका थिए । उनले अम्बानी र अन्य दूरसञ्चार कम्पनीहरूले आफ्नो बजार एकाधिकार जोगाउन स्टार लिङ्कलाई प्रवेश गर्नबाट रोकेको आरोप लगाएका थिए ।

अक्टोबर १० देखि भारतको राजधानी नयाँ दिल्लीमा निरन्तर प्रदर्शन जारी छ । कक्रोच जनता पार्टीले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग्दै दिल्लीको जन्तरमन्तरमा प्रदर्शनको आह्वान गरेको थियो । सामाजिक सञ्जालले माहौल बिगारेको अङ्कलसहित भारतको गृहमन्त्रालयले दिल्लीको जनपथ-कर्तव्य पथ चोकको आसपास चार किलोमिटर क्षेत्रमा अस्थायी रूपमा इन्टरनेट सेवासमेत बन्द गर्ने घोषणा गरेको थियो । यसअघि दिल्ली मेट्रोका ५७ वटा स्टेसनमा प्रवेश र बाहिरिने मार्ग बन्द गर्नुका साथै दर्जनौँ रेल सेवा रद्द गरिएको थियो । भारत सरकारले असोज २६ गते सोमबार एउटा नोटिस जारी गरेर जन्तरमन्तरमा विरोध प्रदर्शन गर्न पनि रोक लगायो । यसको विकल्पमा रामलीला मैदान, बुरारी मैदान र पूर्वी दिल्लीमा रहेको सीबीडी मैदानलाई प्रदर्शन गर्न सकिने क्षेत्र तोक्यो ।

मुम्बईबाट दिल्ली आउँदै गरेका कक्रोच जनता पार्टीका अभिजीत दीपके, सौरव दास र आशुतोष रांकालाई प्रहरीले दिल्लीमा विमानभित्रैबाट नियन्त्रणमा लियो । चर्चित युट्युबर ध्रुव राठी र सीजेपीकी कानुनी मामिला प्रमुख रत्ना सिंहलाई पनि प्रहरीले हिरासतमा लियो, पछि छुटे ।'अल इन्डिया स्टुडेन्ट्स एसोसिएसन' (AISA) की अध्यक्ष वामपन्थी युवा नेतृ नेहा बोरा पनि पटक पटक पक्राउ परेर छुटिन् ।

भारतीय राष्ट्रिय काङ्ग्रेस र 'इन्डिया' गठबन्धनका प्रमुख नेताहरूले असोज ५ (अक्टोबर १२) गते सोमबार राजधानी नयाँ दिल्लीमा भारतको सर्वोच्च अदालत (सुप्रिम कोर्ट) सम्म विरोध ज्याली "चलो दिल्ली-मार्च फर डेमोक्रेसी" आयोजना गरे । कक्रोच जनता पार्टीले पनि विपक्षीको यस मार्चप्रति आफ्नो समर्थन जनायो ।

२०२६ अक्टोबर २० मा संयुक्त राष्ट्र सङ्घका विज्ञहरूले भारतमा युवा-विद्यार्थीको प्रदर्शनमाथि भइरहेको अत्याधिक बल प्रयोग, मनमानी पक्राउ तथा प्रहरी दमनप्रति गम्भीर चिन्ता व्यक्त गर्दै प्रदर्शनहरूमाथि रोक नलगाउन आग्रह गऱ्यो ।

केहो 'एसआईआर' (Special Intensive Revision)

भारतको निर्वाचन आयोग (ECI) र मुख्य निर्वाचन आयुक्त (CEC) ज्ञानेश कुमारद्वारा सञ्चालन गरिएको 'एसआईआर' (Special Intensive Revision वा विशेष तीव्र मतदाता नामावली संशोधन) सम्बन्धी विरोध प्रदर्शन भयो । विरोध प्रदर्शन गर्ने विपक्षी दलहरू र अधिकारकर्मीहरूले एसआईआर प्रक्रियामार्फत मस्यौदा मतदाता नामावलीबाट करिब १३ करोड भारतीय नागरिकका नाम हटाइएको आरोप लगाएका छन् । उनीहरूले मतदाता नामावलीमा व्यापक धाँधली र 'भोट चोरी' भएको आरोप लगाएका छन् । सत्तारुढ बिजेपीलाई फाइदा पुग्ने गरी नागरिकको नाम जथाभावी हटाइएको दाबी उनीहरूले गरेका छन् । विपक्षी दलहरूले मुख्य निर्वाचन आयुक्त (सीईसी) ज्ञानेश कुमारको राजीनामा र एसआईआर (SIR) प्रक्रिया खारेज गर्नुपर्ने माग राखेका छन् । मोदी सरकारले भने मृत्यु भएका, बसाइँसराइ गरेका, दोहोरो नाम परेकाहरूको विवरण मात्र मतदाता नामावलीको सूचीबाट हटाएको दाबी गरेको छ ।

यो विवादबारे इन्डियन एक्सप्रेसमा प्रकाशित खोजमूलक रिपोर्टले दुई निर्वाचन आयुक्त सुखवीर सिं सन्धु र विवेक जोशीले करिब १० महिनाको अवधिमा कम्तीमा १४ पटक निर्वाचन आयोगसमक्ष नामावली संशोधन विषयमा आपत्ति जनाएको उल्लेख छ ।

विदेशी हस्तक्षेप

सत्ता पक्षका नेताहरूले विदेशी शक्तिको इसारामा देशलाई अराजक बनाउन खोजिएको आरोप लगाएका छन् भने केही विश्लेषकहरूले भारतको आन्तरिक लोकतन्त्रलाई कमजोर बनाउन पश्चिमाहरूले चलखेल गरेको आरोप लगाइरहेका छन् ।

भारतका चर्चित युट्युवर अंकितकुमार अवस्थीले पनि भारतमा ट्रम्पको नजिक मानिने सर्जियो गोर राजदूत बनेर आएदेखि भारतमा उपद्रो मच्चिएको आरोप लगाएका छन् । प्रमिला जयपाल र इल्हान ओमारलगायत ६ जना अमेरिकी सांसदहरूले पनि अमेरिकी विदेशमन्त्री मार्को रुबियोलाई पत्र लेखेर भारत भ्रमणको क्रममा भारतीय अधिकारीहरूसँग प्रदर्शनकारीहरूमाथि भइरहेको दमन, धरपकड र मानव अधिकार उल्लङ्घनको विषय उठाउन आग्रह गरेको समाचार पनि छ । यसले अमेरिकी हस्तक्षेपको आरोपलाई मलजल पुऱ्याउँछ । *क्रमश :*

सन्दर्भ सामग्री

'मुक्तिकामी छात्रौ-युवाओंका आह्वान' वर्ष १९ अङ्क १, सेप्टेम्बर अक्टोबर २०२६
'भारतमै बङ्गलादेश जैसा Regime Change ? प्रशान्त भूषण के बयान से अमेरिकी कनेक्सन तक', अंकितकुमार अवस्थी, २०२६ अक्टोबर १६
14 Times in 10 months, two election commissioners objected on record to poll panel steps, The Indian Express, 2026 Oct 22

सहिद स्मृति खेल मैदानलाई स्तरोन्नति गर्न आवश्यक



भक्तपुर । विजया दशमी, शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्वको उपलक्ष्यमा आयोजित अन्तरसदस्यीय उडबल प्रतियोगिता शनिबार सहिद स्मृति खेल मैदान, भक्तपुर नगरपालिका-२ मा सम्पन्न भयो । भक्तपुर योङ सर्कलको आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खेलकुदको विकासका लागि खेल मैदानको अभाव चुनौतीका रूपमा रहेको बताउनुभयो । उहाँले सहिद स्मृति खेल मैदानको स्तरोन्नति गर्ने सोच रहेको उल्लेख गर्दै हराउँदै गएको परम्परागत खेल कसिमला पाँयलाई भक्तपुर नगरपालिकाले उत्थान गरेको र स्थानीय पाठ्यक्रममा समेत समावेश गरिएको बताउनुभयो ।

कार्यक्रममा योङ सर्कलका अध्यक्ष राजन जतिले 'कला, खेलकुद र मित्रता युवा जगतको आवश्यकता' भन्ने नाराका साथ योङ सर्कल स्थापना भएको बताउनुभयो । उहाँले कम लगानीमा जुनसुकै उमेर समूहका व्यक्तिले सहजै खेल्न सक्ने भएकाले उडबल खेललाई विस्तार गर्न सकिने बताउनुभयो ।

योङ सर्कलका सल्लाहकार विनोदचरण रायले सहिद स्मृति खेल मैदानमा पहिलो पटक यस्तो प्रतियोगिता आयोजना भएको बताउँदै यसलाई जिल्लाव्यापी रूपमा सञ्चालन गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले प्रतियोगितालाई व्यवस्थित रूपमा अगाडि बढाउनुपर्ने र नयाँ कार्यसमितिले आगामी दिनमा थप खेलकुद गतिविधि सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

सल्लाहकार रवीन्द्र खर्बुजाले नयाँ कार्यसमितिले योङ सर्कलका गतिविधिलाई निरन्तरता दिँदै खेलकुदको विकासका लागि सक्रिय रूपमा लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सर्कलका सदस्य रमा मातांले स्वागत मन्तव्य दिनुभएको थियो भने पुण्यराम स्वङ्गमिखाले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा इन्द्रभक्त पञ्च प्रथम, प्रशान्त देशेमरु दोस्रो तथा अनुभव पञ्च र गजेन्द्र खर्बुजा तृतीय हुन सफल हुनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले विजयी खेलाडीहरूलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा लोकेश्वर बचत तथा ऋण सहकारी संस्थाबाट बाँसुरी बाजा प्रस्तुत गरिएको थियो ।

पुस्तक अध्ययन गरी चाडपर्व उपयोग गर्नुपर्ने

भक्तपुर । सहिद राजकुमार स्मृति पुस्तकालयको आयोजनामा कार्तिक ४ गते वडास्तरीय टेबलटेनिस प्रतियोगिताको आयोजना गऱ्यो ।

उक्त प्रतियोगिताको समापन कार्यक्रम नेमकिपाका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा भयो । प्रमुख अतिथि सुवालले देशविदेशका कुराहरू सबैलाई बुझाउनुपर्ने र स्वस्थकर खानेकुरा खानुपर्नेमा जोड दिनुभयो । विभिन्न किताबहरूको अध्ययन गरी चाडपर्वको उपयोग गर्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

तिहारको समयलाई रचनात्मक उपयोग गर्न सके नयाँ पुस्ताले विभिन्न कुराको ज्ञान प्राप्त गर्न सकिने उहाँले बताउनुभयो । फ्रान्स, इटाली र जर्मनीमा जनताले अमेरिकी साम्राज्यवादको विरोधमा जुलुसहरू गरिरहेको उल्लेख गर्दै उहाँले विश्वका मजदुरहरू एक हुनुपर्ने र राजनीतिक रूपमा सचेत हुनुपर्ने बताउनुभयो ।

नयाँ पुस्तालाई शारीरिक र बौद्धिक विकास र सामाजिक कार्यमा लगाउनुपर्नेमा उहाँले जोड दिनुभयो । सन्तानलाई राम्रोसँग हुर्काउने, बढाउने र उत्कृष्ट खेलाडी तयार गर्न विभिन्न प्रतियोगिताहरू गर्दै जानुपर्नेमा उहाँले प्रकाश पार्नुभयो ।

प्रमुख अतिथि सुवालले महिलातर्फ प्रथम हुने कृष्णश्वरी सुवाल द्वितीय हुने मैया सुवाल बासुकला तथा तृतीय हुने क्रमश: मञ्जु लाखा जति र विष्णुकेसरी सुवाल, पुरुष सिङ्गलतर्फको खेलमा प्रथम हुने मोहन सुवाल, द्वितीय हुने दिनेशराज वैद्य र तृतीय हुने क्रमश: सुन्दर सुवाल र असलबहादुर सुवाललाई मेडल तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

प्रतियोगितामा सहयोग गर्नुहुने विभिन्न खेलाडी र रेफ्रीहरूलाई प्रथम टेबलटेनिस प्रशिक्षक मोहनदास बासुकलाले प्रशंसापत्र वितरण गर्नुभयो ।

नगर खेलकुद समितिका पूर्वअध्यक्ष रवीन्द्र खर्बुजाले प्रतियोगिताको उद्घाटन गर्नुभएको सो प्रतियोगितामा छात्रातर्फ प्रथम एलिसिया न्हुछे, द्वितीय कृयुसा सुवाल तथा तृतीय हुने खेलाडीहरू क्रमश: तृयष्णा थिके र हिसु वैद्यलाई मेडल तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

खेलकुद समितिका पूर्वअध्यक्ष रवीन्द्र खर्बुजाले जात्रा र पर्वलाई संयमित रूपमा मनाउनुपर्ने र खेललाई मैत्रीपूर्ण रूपमा खेल्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुठा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक श्रद्धाञ्जली



जन्म
२०१०/०६/०१

स्वर्गारोहण
२०८३/०६/३१

भद्रबहादुर शाही

नेमकिपाका पुराना कार्यकर्ता, २०४३ सालका उपप्रधान तथा चामुण्डा विन्द्रासैनी न.पा. वडा नं. ७, साबिकको लयाँटी विन्द्रासैनी वडा नं. १ का २०५४ सालका निर्वाचित वडाध्यक्ष **भद्रबहादुर शाही**को निधनप्रति हार्दिक श्रद्धाञ्जलीका साथै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

नेपाल मजदुर किसान पार्टी, नगर समिति
चामुन्डा विन्द्रासैनी, दैलेख

जेनजी प्रदर्शन कसको प्रायोजनमा ?

जेनजी प्रदर्शनमा लागेका एकजनाले थपे- सरकार प्रमुखले सरकारी सूचना आफ्नो व्यक्तिगत सामाजिक सञ्जालमार्फत सार्वजनिक गरी लाखौँलाख रुपैयाँ जोड्नु पनि भ्रष्टाचार नै हो । के अब राष्ट्रिय सञ्चारको जरुरी भएन ? यसकारण, मैले रास्वपाको समर्थन नगरेको हो ? एक अर्का सञ्चारमाध्यममा सरकार प्रमुखको नागरिकताका विवरणमा थर र पहिचान परिवर्तन गरिएकोमा पनि आपत्ति जनाइयो ।

संरा अमेरिकी साम्राज्यवादले संसारका अधिकांश देशमा आफ्नो अनुकूल नबस्ने सरकारलाई नाकाबन्दी, युद्धको धम्की, नेतृत्व अपहरण र आक्रमणसमेत गर्दै आएको हो । नेपालका एक विश्लेषक बुद्ध छिरिङ मोक्तानले जेनजी भनिनेहरूको प्रदर्शन संरा अमेरिकी साम्राज्यवादको योजनाअनुसार भएको बताए । उनले देउवा, ओली, दाहाललाई गद्दार घोषणा गरी ट्रम्पले प्रहार गर्न लगाएको पनि दाबी गरे । गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवबारे छानबिन गरेको कार्की आयोगले आफ्नो प्रतिवेदनमा नेपालका शासक दलका नेता र कार्यकर्तासमेत संलग्न भएको उल्लेख गरेको छ । संरा अमेरिकाको प्रशासनले सीआईएमार्फत २ करोड डलर नेपालमा पठाएर 'नीति संवाद' कार्यक्रम मार्फत कतिपयलाई तालिम दिई जेनजी प्रदर्शनमा पठाएको यसअघि नै सार्वजनिक भएको हो ।

कार्की आयोगले आफ्नो प्रतिवेदनमा केही गैरजेनजीहरूले अगाडि नै नेपालले नदेखेको बन्दुक पड्काउने, नचाहेको विद्रोह गर्ने दाबी गरेको विषय उल्लेख केही नगरेकोमा प्रश्न उठिरहेको छ । त्यस्तै भदौ २४ गते "को को नेता थुनेर हान्नुपर्छ, हामीलाई थाहा छ, मैले भर्खरै चिफसाव र सुशीला म्यामसँग कुरा गरेँ, थप ३० जना मेरो केटा बलिदान गराउन तयार छौँ, त्यसपछि कसरी परिवर्तन नहोला" भनी धम्कीको भाषा बोलेर सामाजिक सञ्जालमा देशवासीलाई तर्साउनेहरूबारे कार्की आयोगको प्रतिवेदनमा उल्लेख गरिएन । भदौ २४ गते सङ्घीय संसद् भवनमा आगजनीपछि 'सकियो तेरो देश हेर, परिवर्तन आयो, हामीले जलायौँ भन्नेहरूको विषयमा पनि प्रतिवेदनले बोल्न सकेन । एकजना अभियन्ता बताउनेले काठमाडौँ उपत्यका बाहिरको उपद्रवमा भदौ २४ गते भने- संसद् भवन जल्न लाग्दै छ, अब म काठमाडौँ फर्कनुपर्छ भनेको सार्वजनिक हुँदा पनि प्रतिवेदनमा स्पष्ट गरिएन ।

जेनजी सरकार त ल्याइयो तर प्रदर्शनमा दुरुत्साहन गर्नेहरूलाई देश जलेको पीडाले पोलिरहेको छ । एकजना विश्लेषकले भने- देश जलाउनेहरूलाई सातपुस्तासम्म पोल्नेछ, शान्तिसँग कसरी सुत्न सकिएला ? एक विश्लेषकले भने- ५-६ जिल्लाका ६-७ अर्ब रुपैयाँ सहकारी संस्थाको जनताको बचत ठगी गर्नेहरू त देशद्रोही, अपराधी हुन् । अर्को विश्लेषकले थपे, दुईओटा नागरिकता र दुईओटा पासपोर्ट भएका त जेलमा हुनुपर्ने हो । साम्राज्यवाद र विस्तारवादले उनीहरूलाई नै सरकारमा पुऱ्याए । अर्काले राखेका सरकारले केही गर्न नसक्नु स्वाभाविक हो ।

जेनजी प्रदर्शनमा लागेका एकजनाले थपे- सरकार प्रमुखले सरकारी सूचना आफ्नो व्यक्तिगत सामाजिक सञ्जालमार्फत सार्वजनिक गरी लाखौँलाख रुपैयाँ जोड्नु पनि भ्रष्टाचार नै हो । के अब राष्ट्रिय सञ्चारको जरुरी भएन ? यसकारण, मैले रास्वपाको समर्थन नगरेको हो ? एक अर्का सञ्चारमाध्यममा सरकार प्रमुखको नागरिकताका विवरणमा थर र पहिचान परिवर्तन गरिएकोमा पनि आपत्ति जनाइयो ।

कार्की आयोगको प्रतिवेदनमा शीतल निवास, बालुवाटार, सिंहदरबार, सङ्घीय संसद् भवनमा पालो पहरा बसेका सेनाका अधिकारीहरूमाथि सैनिक ऐनअनुसार कारबाही हुनुपर्ने उल्लेख छ । तर, उनीहरूलाई प्रतिकार नगर्न आदेश दिने को को हुन् ? उनीहरूमाथि कारबाही के हुने ? बोलिएन । जेनजी प्रदर्शनमा लागेकाहरूमध्ये एक तनुजा पाण्डेले गरे - संरा अमेरिकी सञ्चारमा सेनाले नेतृत्व लिनू भनेअनुसार आफूले स्वीकार गरेको बताउने सुधनबारे कार्की आयोगको प्रतिवेदनमा कुनै उल्लेख छैन । तर, हालै सरकारबाट जारी अध्यादेशले सहज बनाइदिएको हुँदा अब गुठी जग्गाको समस्या पनि समाधान हुने आशा व्यक्त गर्दै गुठी जग्गाका किसानहरूलाई समस्या समाधानका लागि तदारुकता दिन आग्रह गर्दै उहाँले शिक्षा-स्वास्थ्य क्षेत्रमा भएका सफलताका दृष्टान्तहरू सुनाउनुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य नन्दबहादुर शाहीले कर्णाली क्षेत्रमा अझै शिक्षा, स्वास्थ्य, यातायातलगायत हरक्षेत्रमा पिछडिएको चर्चा गर्दै आफ्नो घरमा आगो लगाई खरानीको व्यापार गर्ने शासकहरूको ध्यान दुर्गम क्षेत्रमा नगएकोमा आक्रोश पोख्नुभयो ।

प्रा.डा. सिद्धिवीर कर्माचार्यले विगत चार वर्षदेखि तःमुंज्यामा आफूले समाजमा चलेका उखान टुक्काहरू सङ्कलन गरी बुझाउँदै आएको जानकारी दिँदै ती उखानहरूको मर्म र भावना मात्र मनन गर्न सके समाज धेरै सुधिने बताउनुभयो ।

उहाँले तडक भडक हैन बरु 'बी सिम्पल बी साम्पल' हुनु जरुरी छ भन्नुभयो ।

सीमा एवं जलस्रोत अध्येता रतन भण्डारीले गत वर्षको भदौ २३-२४ को घटनामा नेपाली सेना इतिहासका मिर जाफरजस्तो भएकाले नै देशव्यापी आगजनी भएको उल्लेख गर्दै वर्तमान सरकार लफङ्गातन्त्रमा चलेको बताउनुभयो ।

सरकार प्रमुखले नै नेपालले भारतको भूमि मिचेको देशघाती अभिव्यक्ति दिएको चर्चा गर्दै सुगौली सन्धिदेखि नै नेपाल ठगिँदै आएको र त्यसैको सिलसिलामा प्रमको उक्त अभिव्यक्ति आएको दाबी गर्नुभयो ।

देशका अर्थमन्त्रीले सार्वजनिक रूपमै भारतीय प्रभुत्व स्वीकार्नुपर्ने अभिव्यक्ति दिएको उल्लेख गर्दै इतिहासमा गजराज मिश्र र चन्द्रशेखर उपाध्यायहरू देशघाती सन्धिमा हस्ताक्षर गरी भारतमा अकुत सम्पत्ति जोडेको उदाहरण दिनुभयो ।

उहाँले भन्नुभयो, "महाकाली सन्धिदेखि फुकोटसम्म नै देशका सबै नदी नाला भारतको कब्जामा पारिँदै छ; देशघातको शृङ्खला जारी छ । अब जनता सचेत नभई हुँदैन ।"

त्रिविका सहप्राध्यापक डा. तारालाल श्रेष्ठले आफूले सल्वार्टन विषयमा विद्यावारिधि गरे पनि यथार्थमा दमितहरुको आवाजलाई सशक्त रूपमा भक्तपुरले उठाइरहेको पाउँदा आफ्नो अध्ययन सार्थक भएको बताउनुभयो ।

विश्वविद्यालयमा विश्व साहित्य पढाउँदै आएको चर्चा गर्दै विदेशमा नेपाली साहित्यको प्रतिनिधित्व विनोद चौधरीजस्ताले गर्ने गरेको बताउनुभयो । उहाँले वास्तवमा हाम्रो विश्व साहित्य तःमुंज्या भएको दाबी गर्नुभयो ।

भक्तपुर बहुआयामिक सहर भन्दै उहाँले निमुखा दमितहरूलाई अनेक तरहले टुक्र्याइएको हुँदा दमितहरू अब जुरमुराउनुपर्ने बेला भएको विचार व्यक्त गर्नुभयो ।

डिग्री र प्रमाणपत्र नै बुद्धिजीवीको मानक हैन भन्दै उहाँले भक्तपुरले बौद्धिक छलफल चलाई आफ्नो सामाजिक दायित्व निर्वाह गरिरहेको बताउनुभयो ।

साहित्यकारद्वय अभय श्रेष्ठ र हरिहर तिमिल्सिनाले आ-आफ्नो कविता वाचन गर्दै देशमा व्याप्त हुन्डरीको भक्तपुरले आफ्नै तरिकाले प्रतिरोध गरिरहेको र चेतनाको बत्ती बाल्ने काम गरिरहेको विचार व्यक्त गर्नुभयो ।

कार्की आयोगसँगको बयानमा सुदनले भदौ २४ गते बिहान जङ्गी अड्डामा पुगेको स्वीकार गरेका छन् । यो विषयमा जङ्गी अड्डाले सत्य के हो स्पष्ट पारे जनता भ्रममा पर्ने छैनन् ।

यतिबेला युरोपका अल्वानिया, ग्रीस, पोर्चुगल, बेलायत, फ्रान्स, नेदरल्यान्ड, बेल्जियमलगायत देशमा पनि प्रदर्शनसहित तोडफोड र आगजनी भइरहेको छ । फ्रान्सको सरकारले तोडफोडमा लागेकाहरूबाटै विनाशको क्षतिपूर्ति भराउने दाबी गर्दै छ । भारतमा पनि प्रदर्शन भयो । तर, त्यहाँका प्रदर्शनकारीहरूले नेपाल र बङ्गलादेशमा जस्तो सार्वजनिक र निजी सम्पदा नजलाउने बताएको सार्वजनिक भयो । संसारमा अशान्तिको गहिरो अध्ययन गरिए उत्पादनका मुख्य मुख्य साधन र सेवा सीमित व्यक्तिको कब्जामा पुग्नु नै हो । यसकारण, यतिबेला कामदारवर्गको सङ्घर्ष चर्किएको हो ।

सात...

डा. रवीन्द्र प्रधानाङ्गले कान पाकेमा सङ्क्रमणबाट बच्न अप्रेसन गर्नुपर्ने विचार व्यक्त गर्दै शिशुले नसुनेमा पछि लाटो हुने हुँदा सानो उमेरमै शिशुले सुनेको छ कि छैन परीक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले सरकारी अनुदान सरकारी अस्पतालमा मात्र पाइने हुँदा टिचिङ हस्पिटलमा सेवा लिनु राम्रो हुने विचार व्यक्त गर्नुभयो ।

गीतकार नारायण आचार्यले 'जिन्दगी तिमीलाई कहाँ कहाँ खोजौँ' शीर्षकको कविता वाचन गर्दै आफू २०५६ सालमा भक्तपुरमा एस.पी. हुँदा भएको गतिविधि चर्चा गर्नुभयो ।

पुराना तथा नयाँ दर्जनौँ साहित्यकारहरूले कथा, कविता वाचन गरेको सो साहित्यिक सम्मेलनमा मानवशास्त्री सुरेश ढकालले लोकतान्त्रिक शक्तिले इमानदारीपूर्वक नेतृत्व गरेको स्थानीय तह समृद्ध र सफल हुने विश्वास व्यक्त गर्दै भक्तपुरमा परिवर्तन हुनुमा नगरपालिकाको अग्रसरता र पृष्ठभागमा असल राजनीति गर्ने नेमकिपाको सिद्धान्त र विचार रहेको बताउनुभयो ।

स्थानीय तहलाई बढीभन्दा बढी जनताको सेवा र हितमा उपयोग गर्ने उद्देश्यले राजनीति गरेको प्रस्ट पार्दै उहाँले मोहियानी हक सुरक्षित गर्ने भक्तपुरको मोडेल देशभर अँगालेको भए अधिकांश किसानको जग्गामा स्वामित्व हुने बताउनुभयो ।

कुनै नेता, सांसद र प्रमुख हुँदैमा जनताको पत्यारिलो र विश्वासिलो नहुने उल्लेख गर्दै उहाँले मुख्य पद होइन जनतासँगको सम्बन्ध हो; जनताको सेवामा लागेर विश्वास प्राप्त गर्नु हो भन्नुभयो ।

सबै अवसरलाई जनताको लागि उपयोग गरेकै कारण हालको भक्तपुर अरूको लागि अनुकरणीय र उदाहरणीय भएको चर्चा गर्दै उहाँले भक्तपुर गर्नलायक र हेर्नलायक भएको हो; भक्तपुरलाई चिन्न बाहिरबाट पनि हेर्नुपर्छ भन्नुभयो ।

इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले विश्व सम्पदा सूचीमा परेको भक्तपुरको दरबार क्षेत्रमा रहेको पचपन्न झयालको भित्तामा रहेको विश्वरूपको भित्तेचित्र एसियाकै मोनालिसा भएको विचार व्यक्त गर्नुभयो ।

भक्तपुरलाई संसारमा चिनाउने व्यक्तिहरूको स्मरण गर्दै उहाँले यहाँका अमूल्य कला र कृति मानव सभ्यताकै अतुलनीय र उत्कृष्ट भएको बताउनुभयो । कला र संस्कृतिमार्फत विश्वलाई चिनाउने काम गरेको सन्दर्भलाई स्मरण गर्न र जीवन्तता दिन सम्पदा दिवस मनाउनुपर्ने आवश्यकताबारे उहाँले स्पष्ट पार्नुभयो ।

बौद्धिक विद्वान एवं लेखक रत्नसुन्दर शाक्यले विदेशमा बुद्धको जन्मस्थल लुम्बिनीबाट नेपालीलाई चिनेको प्रसङ्ग उल्लेख गर्दै भक्तपुरका प्राचीन बहा र विहारको ऐतिहासिक पृष्ठभूमिबारे प्रकाश पार्नुभयो ।

राहुल सांकृत्यायनले मार्क्स, लेनिन, स्तालिन र माओ त्सेतुङको जीवनी लेख्नुभएको प्रसङ्ग उल्लेख गर्दै उहाँले हाम्रो साहित्य र राजनीति बहुजनको हित र बहुजनको सुखको निम्ति हुनुपर्छ भन्नुभयो ।

स्रष्टा समाजका अध्यक्ष लक्ष्मण जोशीले अपरिपक्व बच्चाहरूको सरकारलाई देश र जनताको हितमा के गर्नुपर्छ र पर्दैन थाहा हुँदैन; बोल्नुभएको थियो ।

कार्यक्रममा नेपालभाषा साहित्य तःमुंज्या पाँगाबाट प्रगतिशील गीत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा आयोजक समितिका उपाध्यक्ष कृष्णगोविन्द खाइजूले स्वागत मन्तव्य, कोषाध्यक्ष कृष्णगोविन्द लाखाजूले आय-व्यय विवरण प्रस्तुत गर्नुभयो भने समितिका सचिव पुरुषोत्तम ग्वाछाले धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा कवितामा प्रथम सकुन्तला महर्जन, द्वितीय हरिसुन्दर पोतामहाँ, तृतीय शिल्भिया प्रजापति र सान्त्वना ओमकृष्ण श्रेष्ठ हुनुभयो भने कथातर्फ प्रथम कमलकेशरी थुयाजु, द्वितीय सूर्यनारायण फाँजु, तृतीय श्रीया पहिजु र सान्त्वना एल.के. सुन्दर हुनुभयो ।

स्वागत गान रवि हाडा, लक्ष्मण पलिखेल, निरुता गोरा र दीपिका कुसीलगायतले गाउनुभएको थियो ।

बेलुका सांस्कृतिक कार्यक्रम भएको थियो । कार्यक्रममा स्वागत नृत्य, स्वागत गान र महेश्वरी बाँसुरी बाजा खलको बाँसुरीको धुन प्रस्तुत गरिएको थियो ।

सम्मेलनको पहिलो दिन नेपालभाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक कार्यक्रमको स्थानीय गोल्मढी याता टोलमा सांस्कृतिक गुरु एवं टोलकै ज्येष्ठ नागरिक ९७ वर्षीय मोतीबहादुर खायमलीले उद्घाटन गर्नुभयो ।

स्थानीय गणेश बाँसुरी खलःको मङ्गल धुनको पृष्ठमा उद्घाटित उक्त तःमुंज्या एवं सांस्कृतिक ब्वज्यामा एकसय एक वर्षीय वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले हरिबहादुर श्रेष्ठद्वारा रचित 'नयाँ पुस्ता' कथासङ्ग्रह विमोचन गर्नुभयो भने नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले तःमुंज्याको मुखपत्र 'तःमुंज्या' विमोचन गर्नुभएको थियो ।

डेन्टल सर्जिकल डाक्टर इभा कंसाकारको सभापतित्वमा भएको उक्त तःमुंज्यामा साहित्य, संस्कृति र स्वास्थ्यको क्षेत्रमा विशेष योगदान पुऱ्याएका विशिष्ट व्यक्तित्वहरू क्रमशः युवा कवि दामोदर सुवाल, शास्त्रीय नृत्यका ज्ञाता विना जोशी राजभण्डारी, नर्सिङ क्षेत्रकी दयालक्ष्मी जोशी वैद्यलाई विशेष सम्मान गरिएको थियो ।

नेमकिपाका अध्यक्ष बिजुक्छेँले उहाँहरूलाई दोसल्ला ओढाउनुका साथै सम्मानपत्रबाट सम्मान गर्नुभएको थियो ।

सम्मान ग्रहण गर्दै कवि दामोदर सुवालले युवा साहित्य गोष्ठी र तःमुंज्या दबुबाटै आफूभित्रको कवित्व हुर्केको बताउँदै सम्मानले कविता लेख्ने थप ऊर्जा मिलेको बताउनुभयो ।

अर्की सम्मानित व्यक्तित्व विना जोशीले हालै मदन पुरस्कार २०८३ जितेको कृतिको परिचय दिँदै पुस्तकमा सकेसम्म नेवार समुदायको मकुन्डो नाच समेट्ने प्रयास गरेको बताउनुभयो ।

सम्मानित अर्की व्यक्तित्व दयालक्ष्मी वैद्यले आफू स्वास्थ्यकर्मी भएको नाताले चाडबाड भोजभतेरमा विशेष ध्यान दिन आग्रह गर्दै एउटा अनुसन्धानले नेवारहरूमा ब्लडप्रेसर बढी देखाएको हुँदा परिकारमा नुन कम गर्न र अनेक नामका इनर्जी ड्रिङ्क सेवन नगर्न सुझाव दिनुभयो ।

सुर्तीजन्य पदार्थविरुद्ध निरन्तर लागेर अन्ततः त्यसको नियन्त्रण गर्न एउटा नीति बनाउन सफल भएको चर्चा गर्दै उहाँले किसानहरूले खेतमा सकेसम्म कीटनाशक औषधि प्रयोग नगर्न आग्रह गर्दै बजारबाट किनेका फलफूल तरकारी नुनपानीमा आधा घण्टा दुबाई पखाली मात्र खान सुझाव दिनुभयो ।

वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले खानपिनमा विशेष ध्यान दिन सुझाव दिँदै न्याय क्षेत्रमा नयाँ पुस्ताको खाँचो औँल्याउनुभयो ।

विवेकी न्यायकर्मीले समाज बचाउँछ भन्दै उहाँले युवाले जहिले पनि न्यायको पक्ष लिनुपर्छ भन्नुभयो ।

नयाँ पुस्ताले पुरानो पुस्ताको अनुभवबाट सिक्नुपर्ने बताउँदै न्यायको घर सबैले स्वच्छ राख्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुरमा 'आदर निकेतन' बनाई पूरा गरेकोमा खुशी व्यक्त गर्दै उहाँले ज्येष्ठ नागरिकलाई आरामभन्दा सक्दो व्यस्त बनाउनुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले तःमुंज्याले यहाँको कला, साहित्य र संस्कृति संरक्षण र संवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउँदै हालमा १८५ वटा सम्पदाको निर्माण सम्पन्न गरेको जानकारी दिनुभयो ।

व्यक्ति विशेषको हातमा रहेको भक्तपुर क्यान्सर अस्पताल सरकारीकरण गर्नु, रानीपोखरी पुनःनिर्माण गर्नुलगायतका उदाहरण दिँदै आफ्नै कार्यावधिमा थन्थु दरबारको निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको पनि उहाँले बताउनुभयो ।

देको मिवा इटापाको आवास योजना पनि सुनाउनुभयो ।

'जनमत' साहित्यिक पत्रिकाका सम्पादक मोहन दुवालले सकेसम्म सरकारको सहयोग नलिई 'जनमत' निरन्तर प्रकाशित गर्दै आएको जानकारी दिँदै दुई वटा कविता वाचन गर्नुभयो ।

कृष्णकुमार वैद्यले काभ्रेमा भएका सांस्कृतिक सम्पदाहरूको सङ्क्षिप्त चर्चा गर्दै दुई वटा रचना सुनाउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबन्जारले कवि, कथाकारहरूले जनसाहित्य लेख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

आयोजक समितिका अध्यक्ष उकेश कवांको स्वागत मन्तव्यबाट सुरु भएको तःमुंज्यामा जनकवि चन्द्रबहादुर उलकद्वारा रचित स्वागत गान राजेश हाडाको लयमा गाइएको थियो ।

स्वागत गानसँगै सामूहिक बाल नृत्य पनि प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा जनगायक चन्द्रबहादुर श्रेष्ठले गीत सुनाउनुभएको थियो ।

कार्यक्रममा नालाका राजेन्द्रबहादुर बज्राचार्य, इलामका दीनानाथ पोखेल, काभ्रेका राजु तामाङसहित रूपकेशरी उलक, शम्भुराम प्रजापति, श्रीया पहिजु, सुवर्ण महर्जन, दीपा गोसाई, कृष्णप्रसाद सुवाल, पुण्यराम कवां, रामप्रसाद किसीलगायत दर्जनौँ साहित्यकारहरूले साहित्य वाचन गर्नुभएको थियो ।

बेलुका सांस्कृतिक कार्यक्रम देखाइएको थियो ।

सम्पत्ति हुनु मात्र जीवनको सफलता होइन

पृथ्वीमा उपलब्ध स्रोत-साधन जीवका लागि पर्याप्त नै छन् । तर, केही मानिसले सम्पत्तिको लोभ गर्दा बाँकी मानिसको जीवन सङ्कटमा पर्दै आएको छ । पश्चिमा साम्राज्यवादीहरूले एसिया महादेशलाई डेढ सय वर्षसम्म कब्जामा राखे । सन् १८२० मा एसियाको उत्पादन विश्वको कुल उत्पादनको ६० प्रतिशत थियो । बेलायती साम्राज्यवादले भारतमाथि कब्जा जमायो । संयुक्त राज्य अमेरिकालगायत पश्चिमा साम्राज्यवादीहरूले चीनलाई पनि कब्जा गरे । सन् १९५० सम्ममा एसियाको उत्पादन विश्वको कुल उत्पादनको २० प्रतिशतमा झऱ्यो । एसियाको जनसङ्ख्या विश्वको कुल जनसङ्ख्याको ६० प्रतिशत थियो र अहिले पनि छ ।

दोस्रो विश्वयुद्धपछि बेलायती साम्राज्यवादको ठाउँ संयुक्त राज्य अमेरिकी साम्राज्यवादले लियो । यतिबेला एसियाको उत्पादन बढेर विश्वको कुल उत्पादनको ५० प्रतिशत पुगेको छ । तर, संयुक्त राज्य अमेरिकाका दस जना व्यक्तिसँग ३४५० खर्ब रुपैयाँ (२.३ ट्रिलियन डलर) बराबरको सम्पत्ति रहेको सार्वजनिक भएको छ । अमेरिकी अर्बपति इलन मस्कसँग मात्र १६५० खर्ब रुपैयाँ (१.१ ट्रिलियन डलर) बराबरको सम्पत्ति रहेको बताइएको छ । केहीले विश्वका १७४ देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) बराबरको सम्पत्ति यिनै दस व्यक्तिले कब्जा गरेको पनि बताएका छन् ।

दार्शनिकहरूका अनुसार धेरै सम्पत्ति हुँदैमा मानिस सफल हुँदैन । बरु, मनमा शान्ति हुनु, आफूले माया गर्ने जनताका लागि समय दिनु, आफ्नो जनताको गौरव बढाउनु र जीवन स्वतन्त्र बनाउनु नै सफलता हो । निश्चय नै सम्पत्तिबाट नातेदार र शान्ति किन्न सकिँदैन । यो यथार्थ संसारमा खर्बौं डलर सम्पत्ति भएका शोषकहरूलाई थाहा नभएको होइन । केही शोषकले यति धेरै सम्पत्ति कब्जा गरेका कारण संसारका अर्बौं मानिस भोक, रोग, अशिक्षा, बेरोजगारी र आवासविहीनताको समस्याबाट पीडित छन् तथा नाङ्गै बाँच्न बाध्य छन् ।

संयुक्त राज्य अमेरिकाका दस जना खर्बपति शोषकहरूले अमेरिकी जनतालाई शासन गर्ने राष्ट्रपति र उपराष्ट्रपति चयन गराउँछन् भने सरकारी नीतिसमेत निर्माणमा प्रभाव पार्छन् । उनीहरूले बाँकी संसारको क्रिप्टोकरेन्सी, सामाजिक सञ्जाल, इमेल ठेगाना, निजी जीवन, सञ्चारका साधन आदि कब्जा गर्छन् । आजसम्मका अमेरिकी सरकारहरूले यस्तै खर्बौं डलरका मालिक शोषकहरूलाई सहयोग गर्दै आएको लेखमा उल्लेख छ । त्यहाँको सरकारको सहयोगबिना केही शोषकको कब्जामा अथाह सम्पत्ति थुप्रिनु सम्भव नभएको लेखकको तर्क छ ।

संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदमा दोस्रो पटक डोनाल्ड ट्रम्प निर्वाचित भएपछि खर्बपति इलन मस्कलाई अमेरिकी सरकारको सरकारी दक्षता विभागको प्रमुख बनाइयो । ट्रम्प र मस्कबिच सम्पत्ति आर्जन गर्ने होडकै कारण मतभेद उत्पन्न भयो र मस्क सरकारबाट बाहिरिए ।

संयुक्त राज्य अमेरिकालाई 'सपनाको देश' ठान्ने कतिपय नेपाली यतिबेला अमेरिकामा बसेर आफ्ना पीडा पोखिरहेका छन्, "महिनाको दुईदेखि चार हजार डलर कमाइले कर तिर्न, घर र गाडीको ऋणको ब्याज तिर्न तथा खानसमेत पुग्दैन । संयुक्त राज्य अमेरिकी सरकारलाई यतिखेर करदाताहरू चाहिएको छ । सामान्य रोजगारीका लागि त्यहाँ पुगेका नेपालीसहित संसारभरका मजदुरहरू यही पीडा भोग्न बाध्य छन् ।"

केही विश्लेषकहरू शासकहरूको साम्राज्यवादी चरित्रका कारण संयुक्त राज्य अमेरिका र त्यहाँका जनता गहिरो राजनीतिक सङ्कटमा परेको, देश पूर्ण रूपमा असफल भएको तथा लाखौं मानिस भोक र रोगबाट पीडित भएको बताउँछन् ।

लेखमा संयुक्त राज्य अमेरिकी साम्राज्यवादका वर्तमान नेतृत्वकर्ता भनिएका ट्रम्पले एक वर्षयता भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई अपहरण गरी न्युयोर्कको जेलमा थुनेको दाबी गरिएको छ । इजरायल र युक्रेनलाई हतियार बेचेर प्यालेस्टिन, इरान र रुसविरुद्ध बमबारी गराइरहेको पनि लेखमा उल्लेख छ । नाटो सैन्य सङ्गठन र हतियार पूर्वतिर विस्तार नगर्ने अमेरिकी वाचाविपरीत युक्रेनलाई नाटोको सदस्य बन्न दबाब दिइरहेको लेखकको आरोप छ ।

ट्रम्पले युक्रेनलाई सयौं अर्ब डलर सहयोग गरेको बताउँदै त्यहाँका दुर्लभ खनिज पदार्थ कब्जा गर्न नपाएकोमा हात लाग्यो शून्य भएको टिप्पणी गरेको र जेलेन्स्कीलाई पदबाट हटाउने बताएको लेखमा उल्लेख छ । यद्यपि, जेलेन्स्कीको राष्ट्रपतीय कार्यकाल सकिए पनि ट्रम्पले चुनाव नगराई रुसविरुद्धको लडाइँ जारी राखेको भन्ने दाबीको तथ्यगत पुष्टि आवश्यक छ । यसरी संयुक्त राज्य अमेरिकी साम्राज्यवाद विश्व शान्तिको पक्षमा नरहेको, बरु विश्वभरिका कच्चा पदार्थ र बजार कब्जा गर्न जतातै युद्ध सरदारको भूमिका निर्वाह गरिरहेको लेखकको निष्कर्ष छ ।

संयुक्त राज्य अमेरिकामा ३५ करोड जनता छन् । अधिकांश अमेरिकी जनता युद्धको विरोधमा रहेको लेखमा दाबी गरिएको छ । बेलायती उपनिवेशबाट अमेरिका स्वतन्त्र भएको ३ सय वर्ष भएको भनिए पनि सन् १७७६ मा स्वतन्त्रताको घोषणा गरिएको र सन् १७८३ मा बेलायतले अमेरिकी स्वतन्त्रता स्वीकार गरेको ऐतिहासिक तथ्यलाई ध्यान दिनुपर्छ । सन् १९४५ यता अमेरिकाले विश्वमा एकछत्र दादागिरी गर्दै आएको लेखकको आरोप छ । यसकारण, त्यहाँको सरकारले सम्पूर्ण अमेरिकी जनतालाई गरिबीबाट माथि उठाउन नसकेको लेखकको तर्क छ ।

चीनमा एक अर्ब ४० करोड जनसङ्ख्या छ । चीन सरकारले केही वर्षअघि सम्पूर्ण चिनियाँ जनतालाई गरिबीबाट माथि उठाएको दाबी गरेको थियो । यसले संयुक्त राज्य अमेरिका र चीनको राजनीतिक व्यवस्था तथा नेतृत्वको तुलना गर्दा चीनको व्यवस्था उत्कृष्ट रहेको स्पष्ट हुने लेखकको निष्कर्ष छ । यतिबेला बाँकी संसारले चीनबाट सिक्नु जरुरी छ ।

एकक्षण

एक पर्यवेक्षक

४६ औं बृहत् साहित्य र सांस्कृतिक सम्मेलन

सबै भाषा, साहित्य र विचारबारे अभिव्यक्ति दिने एक बृहत सम्मेलन अर्थात् जसलाई 'नेपालभाषा साहित्य तःमुंज्या व सांस्कृतिक ब्वज्या' भन्ने गरिन्छ । ४६ वर्षदेखि चालू हुँदै आएको दुईदिने यो सम्मेलन कला, साहित्य, संस्कृति र विचारको अभिव्यक्ति दिने साहित्यिक पर्व पनि हो ।

यस वर्ष कार्तिक ६ र ७ गते उक्त सम्मेलन भएको थियो । साहित्य र विचारको अभिव्यक्ति गर्ने उक्त मञ्चमा विविध विषयका विशेषज्ञ, नयाँ र पुराना साहित्यकार र विभिन्न भाषाका लेखक, कवि र कलाकारहरूले आ-आफ्नो विचार, नृत्य र गायन प्रस्तुत गरे । तर, यो मञ्च बेलायतको 'हाइड पार्क' (अनेक विषयमा बोल्न पाउने) र प्रहरीको सुरक्षामा गरिने छलफलको थलो होइन ।

यसपालिको ४६ औं (तःमुंज्या) बृहत् सम्मेलनमा इतिहासकार, पत्रकार, चिकित्सक, इन्जिनियर, प्राध्यापक, लेखक, कवि, कलाकार एवं जननिर्वाचित प्रतिनिधि, नेता तथा कार्यकर्ता, साहित्यकारहरूले नेपालभाषा, नेपाली र तामाङ भाषामा आ-आफ्नो विचार, साहित्य, गीत प्रस्तुत गरे । अर्को वर्ष विविध भाषामात्र होइन पहिलेजस्तै विभिन्न जिल्ला र प्रदेशका साहित्यकार, विद्वान, वक्ता एवं कलाकारहरूको पनि बाक्लो सहभागिता हुने आशा गरौं ।

उक्त कार्यक्रममा एक इतिहासकारले आफू साहित्यकार होइन भनी ठट्टा गर्दा अर्का वक्ताले 'इतिहास आफै एक साहित्य हो' भनी स्पष्टता प्रकट गरे ।

वाचित साहित्य र वक्ताहरूले विदेशमा युवाहरूलाई पठाएर देशका विविध विसङ्गति दुःख र कष्ट सबैले भोग्नु परेको बताए । युक्रेन-रूस युद्ध, इजरायलले गाजामाथि वा प्यालेस्टिनमाथि गरेको अत्याचार, अमेरिकाले अरब देशलगायत संसारमा गरेको अत्याचार, साम्राज्यवादविरोधी भावना, युरोपमा मूल्यवृद्धि, शिक्षामा सरकारहरूले गरेको बजेट कटौती, ठीक उल्टो समाजवादी देशहरूमा भएको जनताको भावना र प्रगतिबारे वक्ताहरूले बोले र बताए ।

अन्य जिल्लाका वक्ताहरूले भक्तपुरमा जस्तै अन्य जिल्लाहरूमा पनि यस्तै साहित्य र सांस्कृतिक सम्मेलनहरू भए राम्रो हुने इच्छा व्यक्त गरे । कति वक्ताहरूले यस्ता साहित्यिक, भाषाका छलफल र गीत-सङ्गीत वा नाचका कार्यक्रमहरू काठमाडौं, पाटन, काभ्रे, कीर्तिपुर, टोखा आदि ठाउँहरूमा हुने गरेको थाहा पाए ।

कथा, निबन्ध, कविता वाचनमा नयाँ, पुराना लेखक र कविहरू, युवा र युवतीहरू एवं ज्येष्ठ नागरिकहरूले पनि सहभागिता जनाए ।

युवाहरू विदेश पठाउने विकृतिमा पहिलो जिम्मेवार सरकारहरू आफै हुन् । विश्वविद्यालयका कक्षाहरूकै प्राध्यापकहरूले 'हाम्रो शिक्षा विदेशमा बिक्ने हुनुपर्छ' भन्दा विदेशी विश्वविद्यालयका कलेजहरू काठमाडौं र अन्य जिल्लाहरूमा सञ्चालन गर्न स्वीकृति दिए । युवाहरूलाई विदेश पठाउन भएको स-साना घर-जग्गा बेच्न लगाएर, ऋण दिएर, आमा, दिदी र बहिनीहरूको गहनासमेत बेच्न लगाएर, घर-जग्गाका एजेन्ट तथा विदेश पठाउने एजेन्ट (म्यान पावर कम्पनीका दलालहरू) लाई पोस्न लगाएको आक्रोश वक्ताहरूले छायावादी ढङ्गले र कसैले प्रस्टै अभिव्यक्तिमार्फत पोखे ।

रात छिर्पिदै गएपछिका सांस्कृतिक कार्यक्रमहरू पनि चाख मानेर युवा-युवती, महिला र सबै प्रकारका जनता सहभागी रहे । दुवै दिन राति अबेलासम्म सांस्कृतिक कार्यक्रम चालू भएको थियो । पहिलो दिन १३ वटा नृत्य, दुई एकाङ्की नाटक मञ्चन भएको थियो भने दोस्रो दिन १२ वटा नृत्य, एक नाटक र एक ख्याल मञ्चन भएको थियो ।

भारतीय कामदारवर्ग नेपाली जनताको मित्र हो

रास्वपा सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले भारतको एनडीटीभीद्वारा आयोजित शिखर सम्मेलनमा कार्तिक ६ गते भारतीय विदेशमन्त्रीसँग जिज्ञासा राख्ने क्रममा "भारतको विरोध गर्ने नेपालको राष्ट्रवाद समाप्त भएको" जिकिर गरे । यसअघि सङ्घीय संसद्का सदस्य हुँदा वाग्लेले "रास्वपाले प्रधानमन्त्री पाउने भए नेपाललाई भुटान वा भारतको प्रदेश सिक्किमजस्तै बनाउन तयार हुने" बताएका थिए । त्यसबेला वाग्लेले रविलाई प्रधानमन्त्री बनाउन त्यस्तो अभिव्यक्ति दिएका थिए भने अहिले रास्वपाका तर्फबाट बालेन प्रधानमन्त्री बनेका छन् । वाग्लेले सङ्घीय संसद्को सदस्य बनेपछि दक्षिण अमेरिकामा संरा अमेरिकाको 'मुनरो डक्ट्रिन' लागू भएजस्तै दक्षिण एसियामा 'मोदी डक्ट्रिन' अर्थात् भारतीय विस्तारवादको निर्देशन स्वाभाविक हुने पनि बताएका थिए । यो वाग्लेको देशघाती भनाइ हो ।

भारतीय कामदार जनतासँग नेपालका कामदार जनताको मित्रता इतिहासजत्तिकै पुरानो छ । नेपाललाई हेर्ने भारतीय शासकवर्गको दृष्टिकोण अहिले पनि बेलायती साम्राज्यवादको जस्तै भएकोमा नेपाली जनताको आपत्ति छ । भारतीय शासकवर्गले नेपालको सयौं ठाउँमा नेपाली भूमि अतिक्रमण गरेको तथा खुला सिमानामा भारतीय रोजगारीबाट फर्किएका नेपालीलाई कुटपिट र लुटपाट गर्ने गतिविधि गरेकोमा नेपाली जनताले सधैं विरोध गर्नेछन् । नेपाललाई भारतको सुरक्षा छातामुनि राख्ने सन् १९५० को सन्धि खारेज नभएसम्म, नेपाली युवालाई भाडाका सिपाही बनाउने गोर्खा भर्ती बन्द नभएसम्म तथा नेपाली भूमि कालापानीमा तैनाथ भारतीय सेना फिर्ता नभएसम्म नेपाली जनताले भारतीय विस्तारवादको विरोध जारी राख्नेछन् ।

संरा अमेरिकी साम्राज्यवादले नेपालसँग गरेको एमसीसी सम्झौता भारतीय एकाधिकार पुँजीको हितमा रहेको छ । यस सम्झौतामा भारत सरकारको समर्थन आवश्यक हुने र नेपालको जलविद्युत् भारत हुँदै सिङ्गापुरसम्म लैजान बुटवलदेखि गोरखपुरसम्म विद्युत् प्रसारण लाइन निर्माण गर्ने उल्लेख गरिएको छ । रास्वपाले उल्लिखित देशघाती सन्धि-सम्झौता खारेज गर्नुपर्ने विषयमा उक्त सम्मेलनमा भारतीय विदेशमन्त्री जयशङ्करसँग प्रश्न गर्नुपर्ने थियो । तर, रास्वपाले एकैचोटि "भारतीय विस्तारवाद र एकाधिकार पुँजीको विरोध गर्नु नेपालको राष्ट्रवाद होइन" भन्ने आशय व्यक्त गऱ्यो । यसलाई नेपाली जनताले स्वीकार गर्नेछैनन् ।

के रास्वपाको राष्ट्रवाद भनेको नेपालले भारतको सीमा मिचेको दाबीलाई उचित ठान्नु हो ? २०४६ सालपछि नेपाली काङ्ग्रेसको सरकारले नेपालका नदीहरू भारतका साझा नदी भएको भन्दै महाकाली, कर्णाली, अरुण, पश्चिम सेतीलगायतका नदीसम्बन्धी अधिकार भारतीय एकाधिकार पुँजीलाई हस्तान्तरण गऱ्यो । एमालेले नेपाली काङ्ग्रेसका यी सबै देशघाती सन्धि-सम्झौताको समर्थन गर्दै भारतीय गुप्तचर संस्था 'रअ'का प्रमुखसँग मध्यरातमा बालुवाटारमा भेटघाट गरेर सरकार जोगाउन चाप्लुसी गऱ्यो ।

तत्कालीन माओवादीले भारतीय शासकवर्गको आडभरोसामा नेपालमा दस वर्ष सशस्त्र द्वन्द्व मच्चायो र पटक-पटक सरकारको नेतृत्व गऱ्यो । यतिखेर माओवादी नाम हटाएर दाहाल र बाबुरामले भारतीय विस्तारवादको सेवा गरे ।

रास्वपाले अर्थमन्त्री वाग्लेलाई भारतीय विदेशमन्त्री जयशङ्करसँग विद्यार्थीले शिक्षकलाई प्रश्न गरेजस्तै सोतातर्फ बसाएर जिज्ञासा राखन लगाउनु नेपालको सार्वभौमिकतामाथि थप चोट पुऱ्याउनु हो । दुई-चार वर्षमै राजनीतिक पार्टी र तिनका नेताहरू परिपक्व नहुने तथ्य रास्वपाले यसपटक भारतमा पुनः पुष्टि गऱ्यो । रास्वपाले मर्यादित रूपमा भारत सरकारसँग आफ्ना असहमति राखन सकेन । नेपाली जनताले भारतविरोधी कूटनीति चाहेका छैनन् तर भारतपरस्त कूटनीति पनि चाहेका छैनन् । वाग्लेको उक्त प्रश्नसँगै रास्वपा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादबाट पोषित भएको भन्ने आरोपलाई पुनः बल पुगेको छ ।

यसलाई बल पुऱ्याउन हो वा आफैं प्रधानमन्त्री बन्ने उद्देश्यले हो, रास्वपाका सभापति रवि लामिछाने पनि यतिखेर भारतीय शासकवर्गकै चाकडी गर्न पुगेको बताउनेहरू पनि छन् । नेपाली जनता सचेत होऔं ।

नेपाली...

सार्वजनिक भएको थियो । दोस्रो पटकको चुनावमा उनीहरूलाई झन्डै दुईतिहाइ बहुमतमा पुऱ्याइयो । त्यसअघि गत वर्ष भदौ २३ र २४ गते उपद्रव भएको थियो । उक्त उपद्रवमा प्रत्यक्ष संलग्न व्यक्तिहरूलाई सांसद र मन्त्री बनाउने शक्ति पश्चिमा देशहरूबाहेक अरूसँग छैन ।

पछिल्लो पटक संसद्मा आउँदा उनीहरूले आफूलाई 'नयाँ' दाबी गरे । काठमाडौंको एउटा होटेलमा भारतीय दूतसँग भेटेर आफूलाई प्रधानमन्त्री बनाइए नेपाललाई सिक्किम वा भारतको प्रदेश बनाउनसमेत तयार भएको कुरा सार्वजनिक भयो । त्यसपछि उनीहरूले दक्षिण अमेरिकामा 'मुनरो डक्ट्रिन' जस्तै दक्षिण एसियामा 'मोदी डक्ट्रिन' स्वाभाविक हुने दाबी गरे । यिनीहरूको अवस्था पनि जेलेन्स्कीको जस्तै हुने निश्चित छ ।

पाँगामा १३ औं तःमुंज्या पुस ९ गते हुने

कीर्तिपुर । नेपालभाषा साहित्य तःमुंज्या कीर्तिपुरको १३ औं तःमुंज्या पुस ९ गते योमरी पूर्णिमाको दिन पाँगामा हुने भएको छ ।

बुधबार बसेको तःमुंज्या मूल समितिको बैठकले सो निर्णय गरेको हो । जनसाहित्यबाट जनचेतना जगाउँदै भाषा, कला, साहित्य संस्कृतिको जगेर्ना गरौं भन्ने मूल नाराका साथ सो साहित्य सम्मेलनले निरन्तरता दिइरहेको छ ।

बैठकमा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले जनताका साहित्यकार तयार गर्न साहित्य सम्मेलन गर्दै आइरहेको बताउनुभयो । उहाँले साहित्य जनताको समस्या उजागर गर्ने, जनचेतना उठाउने र जनताको समस्या समाधानको उपायबारे सजग गर्नुपर्ने आवश्यकताबारे चर्चा गर्नुभयो ।

मूल समितिका अध्यक्ष श्रीकृष्ण महर्जनले साहित्य जनपक्ष हुनुपर्ने र त्यसको लागि आयोजक समितिले कविता, कथा, गीत लेख्ने तालिम समय-समयमा दिन कोसिस गर्ने बताउनुभयो ।

भेलामा नेपालभाषा साहित्य तःमुंज्याका प्रशान्त महर्जन, कान्छाबाबु महर्जन, यशुमती महर्जन, विरुद्ध महर्जनलगायतले साहित्य तःमुंज्याबारे आ-आफ्नो विचार राख्नुभएको थियो ।

विगतमा कीर्तिपुर नगरको नग्राउ, कुतुझ्व र तननी, यस वर्ष पाँगा लाछीमा गर्ने भएको छ । यो साहित्य सम्मेलन सफल पार्न सबै साहित्यकारहरूलाई पुस १ गतेभित्र आ-आफ्नो साहित्य रचना बुझाउन आयोजक समितिले अनुरोध गरेको छ ।

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- चस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं ।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३